विषय सूची

	पृष्ठ संख्या
वीरबलको जीवनी	१
पूर्वजन्मको कथा	२
अकबर-वीरबल विनोद	
१- कसका पाउ राम्रा छन् ?	३४
२- आकाशमा कति तारा छन् ?	३५
३- को के गर्न सक्तैन ?	३६
४- सबभन्दा ठूलो पात कुन हो ?	३७
५- जाडो कति छ ?	३७
६- सूर्य पश्चिममा किन लुक्छन् ?	३८
७- जाति बदल्न कसरी सकिन्छ ?	३९
८- मैले उसलाई बिर्सिदिएँ ?	४१
९- धायीको छोराको रिस ?	४१
१०- कसरी छोड्ने प्रान ?	४३
११- गुहु खाने गोरु	४४
१२- केमा चढ्छौ ?	४४
१३- दुई महीनाको एक मैहा	४५
१४- धर्सो छोटो पार्नु	४५
१५- दुई जुत्ता	४६
१६- दादः हजूरस्त	४६
१७- तिमी बड़ा मूर्ख रहेछौ	४७

१८- सबभन्दा श्रेष्ठ नाई ४७
१९- पाँच प्रश्नको एकै उत्तर ४८
२०- चतुर र मूर्ख ४८
२१- वीरबल पारस हुन् ४९
२२- चतुर मित्र नै पारस हो ५०
२३- झगड़ाको घर हँस्सी हो ५०
२४- दिनेवालाको हात तल ५०
२५- कुखुरी काँ, कुखुरी काँ ५१
२६- जसलाई सूर्य र चन्द्र देख्न पाउँदैनन् ५२
२७- संसारमा लोग्नेमानिस धेरै छन् कि स्वास्नीमानिस ? ५३
२८- आधा साझा ५३
२९- कोही सुखी र कोही दुःखी किन छन् ? ५४
३०- छालाको जुत्ता किन लाउँछौ ५४
३१- जाड़ो कत्तिको छ ? ५४
३२- साँचो र झूटोमा अन्तर ५५
३३- सुखी को हो ? ५५
३४- संगतको फल ५६
३५- ऊँटको घाँटी किन टेढ़ो ? ५६
३६- दुइटा गधाको भारी ५७
३७- सुक्ख पाइन्छ कैले ? ५७
३८- हजूर गंधा आउँछन् ? ५८

३९- आधा हजूरलाई ५९
४०- हजूरले त कोया पनि खाइबक्सेछ ५९
४१- विधाताले ख्याजाहरूलाई किन बनाए ६०
४२- गधा सुर्ती खाँदैनन् ६०
४३- सवालको जवाब ६१
४४- त्यस बेलादेखि बिर्सेको ६१
४५- जवाबमा चमत्कार ६२
४६- तपाई ँको पालो कसरी आउँथ्यो ६२
४७- वनस्पतिको बीज ६३
४८- हजूरले मलाई चाट्न लाग्नुभो
र मैले हजूरलाई ६३
४९- बाठो को हो ? मूर्ख को हो ? ६४
५०- खिजाब लाउनु उचित छैन ६४
५१- घटाउने अनौठो विधि ६५
५२- गाईको महिमा ६५
५३- हजूरलाई चार जुत्ता ६६
५४- राज नहुनाले ६६
५५- यस्तो सवाल कुनै मूर्खसित गर्नू ६६
५६- बाहुनलाई फाँसीको हुक्म ६७
५७- तपाई ँको पालो कसरी आउँथ्यो ६७
५८- मलको अर्थ क्या हो ? ६८
५९- दियो तल अँध्यारो ६९
६०- संसारका मूर्ख ७०

६१- हर-हमेशा को चलिरहन्छ ७०
६२- अंगूर चोर्ने चोर ७१
६३- झख मार्छन् ७२
६४- दौलत हाजिर छ ७३
६५- बेवकूफहरूमा पहिलो नाम बादशाहको ७४
६६- दिने मानिसको हात तल ७५
६७- हासूँ कि रोऊँ ७६
६८- घोडा के गर्न लागिरहेछन् ? ७६
६९- वीरबल साँवला किन ? ७७
७०- अकबरको नमाज ७८
७१- बाखीको तौल नबढ्नोस् ८०
७२- कसको जीत हुन्छ ८१
७३- सर्वश्रेष्ठ ऋतु कुन हो ? ८१
७४- हजूर जगत्पिता ८३
७५- जुन ईश्वर गर्न सक्तैन,
त्यो म गर्न सक्छु ८३
७६- मेरो दाह्री उखेल्लेलाई के सजाय दिने ? ८५
७७- कालो नै न्यामत हो ८६
७८- धेर-थोर ८७
७९- कृतज्ञ र कृतघ्न ८८
८०- अकबरको सुँगा ९०
८१- कुन बेस ९२
८२ म ठूलो कि इन्द्र ? ९४

८३- मूर्खका सामुन्ने नबोल्नु नै राम्रो छ ९५
८४- हत्केलाको रौ १००
८५- बेगमलाई वीरबलको उत्तर १०१
८६- अकबरको न्याय १०२
८७- फाँसीको मुजरिमलाई लाख रुपियाँ १०४
८८- आफ्नो आँखाले देखेको
पनि झूटो हुन सक्छ १०६
८९- मोतीको खेत १०९
९०- चौबेको बठ्याईं ११३
९१- आधा धूप आधा छाया ११३
९२- भण्टाको कथा ११४
९३- सबैभन्दा ठूलो को हो ? ११५
९४- आधा भित्र र आधा बाहिर ११७
९५- सब्जा चामल र विभूति ११८
९६- डंकिनी र अप्सरा १२०
९७- अधर महल १२१
९८- डाकेर ल्याऊ १२२
९९- आज फेलापरेको छ १२३
१००- सबै मानिसको मनमा के छ १२४
१०१- जुत्ताको लागि उभिएका छन् १२५
१०२- साँचो र झूठोमा के फरक छ ? १२७
१०३- एक लाख रुपियाँ पेश्की १२७

१०४- ईश्वरले गर्न नसकेको कुरा
मैले गर्न सक्छु ? १२९
१०५- बहादुर र डरछेरुवा १२९
१०६- अकबरनामा १३१
१०७- कुवाको भित्र औंठी १३१
१०८- जमीनमा खुट्टा राखिनँ १३२
१०९- वीरबलको रंग १३३
११०- बादशाहको फर्माइश १३५
१११- हातको चुरा र दाह्रीको केश १३६
११२- धेरै- थोरै १३८
११३- बानी परेकोलाई घीन लाग्दैन १३९
११४- सबैभन्दा बाठो बनियाँको जात १४१
११५- वीरबलका जहान र
केटाकेटीको परीक्षा १४२
११६- वीरबललाई जुर्माना १४४
११७- दुनियाँमा अन्धा धेरै छन्
कि आँखा भएका ? १४७
११८- अकबरको तस्वीर
पाइखानाको ढोकामा १४९
११९ तपाईंले पनि मेरो आज्ञाको
पालन गर्नुपर्छ १५०
१२०- बादशाहको प्रश्न, वीरबलको जवाफ १५०

वीरबलको जीवनी

बादशाह अकबर र वीरबलको विषयमा धेर-थोर सबैले जाने-सुनेका छन्, तर वीरबलको जन्मको विषयमा तोकेर कसैले पनि भन्न वा लेख्न सकेको छैन। उनको जन्म-स्थान कहाँ हो ? जात के हो ? उनी जन्मेको वर्ष महीना कुन हो ? इतिहास लेखेहरूले अनुमानको आधारमा तिथि-मिति लेखेका छन्, तर त्यो सत्य हो भन्न सकेका छैनन्। कसै-कसैले त अकबर र वीरबलको पूर्वजन्मको वृत्तान्त पनि वर्णन गरेका छन्, तर त्यसको पनि पक्का प्रमाण पाइएको छैन, तापनि कतिपय विद्वान्हरूले व्यक्त गरेको विचारमा दृष्टिपात गर्दा यस्तो पनि मान्न कर लाग्दछ कि उनी मारवाड़को बिकानेर भन्ने स्थानका निवासी ब्राह्मण थिए। कतिपय यस्तो किंवदन्ती पनि छ कि वीरबल वाराणसीका ब्राह्मण थिए। उनका कविताहरूमा 'ब्रह्म' भन्ने छाप पाइएको हुनाले नै यो अनुमान गरिएको होला जस्तो लाग्दछ। तर उनको जन्मको समय र बादशाहको दरबारमा उपस्थित रहेको समय आदि यस्तो सन्देहास्पद छ कि सहसा त्यसमा विश्वास गर्न सकिदैन।

कुनै-कुनै विद्वान्ले वीरबलको जन्म संवत् १६१७ भन्ने अनुमान गरेका छन्, तर यो सत्य हो कि होइन भन्न सकिंदैन किनकि अकबर बादशाहको दरबारमा उनको

उपस्थिति संवत् १६२६ देखि १६४२ सम्म भएको प्रमाण इतिहासमा पाइन्छ।

पूर्वजन्मको कथा

वाराणसी नगरको नगीचै यौटा 'बंजार' भन्ने ग्राम नै यिनको जन्मभूमि हो। त्यही ग्राममा सुशर्मा नामका यौटा ब्राह्मण र सुदास नामको यौटा नापित (हजाम) पनि बस्तथे। ती दुवैको मित्रता सानै उमेरदेखि भएको थियो। त्यो मैत्री उमेरको साथसाथै प्रगाढ हुँदै गयो। एक दिन सुशर्मा ब्राह्मणले आफ्नू मित्र सुदास हजामसित भने-'हे मित्र! शास्त्रमा लेखिएको छ-यस जन्ममा तपस्या गर्न सके अर्को जन्ममा राजा हुन पाइन्छ। फेरि मलाई राजा हुने ठूलो इच्छा छ। त्यसैकारण मैले त तपस्या गर्ने निश्चय गरें, तिमी सल्लाह दिन्छौ ?

आफ्नू मित्रको यस्तो इच्छा जानेर त्यो सुदास हजामले भन्यो-'हे मित्र! शास्त्रको कथन कदापि असत्य हुन सक्तैन। जसले यस जन्ममा धुनी रमायो, त्यसले अर्को जन्ममा राजा भएर सुख-भोग गर्न पायो। तपाईले राजा हुने विचार गर्नुभएछ, उत्तम कुरा हो। म पनि यस जन्ममा तपाईको सेवा-टहल गरेर अर्को जन्ममा तपाईकै मन्त्री भएर जन्मने इच्छा राख्दछु।'

दुवै मित्रले यसरी सल्लाह गरी आफ्नू जन्म-स्थान त्यागेर तीर्थराज प्रयागको बाटो समाए। केही दिनमा

प्रयाग-राज पुगेर त्रिवेणीको तटमा खरको छाप्रो बनाई सुशर्मा ब्राह्मण ईश्वरको तपस्या गर्न लागे। सुदास हजाम पनि छल कपट त्यागेर शुद्ध चित्तले मित्रको सेवा चाकरीमा लाग्यो। यस क्रमले तपस्या गर्दागर्दै निकै वर्ष बिते तैपनि केही फल प्राप्त भएन। अनि दुवै मित्रले शरीर त्याग्ने इच्छा गरेर अक्षयवटमा गई तीर्थराजको षोडशोपचारले पूजन गरिसकेर सुशर्मा ब्राह्मणले 'म अर्को जन्ममा चक्रवर्ती राजा हुन पाऊँ' यस्तो संकल्प गरेर प्राण छाड़े। मित्रको गति देखेर त्यस सुदासले पनि 'म आफ्ना मित्रको मन्त्री हुन पाऊँ' भनेर देह त्याग गऱ्यो।

ती सुशर्मा ब्राह्मणले तपस्या गर्दा केवल गाईको दूध मात्र खाएर दिन व्यतीत गर्दथे। दैव-संयोगले एक दिन नछानेको दूध खाएछन्। त्यसमा गाईको रौ परेको रहेछ, अनजानमा भए पनि रौ पेटमा परेको पापले सुशर्माको जन्म यवन-कुलमा भयो तापनि तपस्याको प्रभावले तिनी १५४२ ई० मा 'अमरकोट' भन्ने स्थानमा हमीदा बेगम का पुत्र भएर जन्मे। तिनैको नाम 'अकबर' रह्यो। पछि तिनै भारतवर्षका बादशाह भए।

सुदास हजाम भए पनि मित्रको अनुकरण गरेर गाईकै दूध छानेर खान्थ्यो, यसैकारण त्यसको जन्म ब्राह्मण-वंशमा भयो र तपस्याको प्रभावले मुगल बादशाह अकबरको मन्त्री हुन पायो।

कतिपय विद्वान्हरूको भनाइ-अनुसार जयपुर राज्यान्तर्गत अजमेरको नजीक यौटा सानू ग्राम नै वीरबलको जन्मस्थल हो। त्यो ग्राम यौटा अग्लो पर्वतको फेदीमा थियो। अकबर र वीरबलको परिचय पनि त्यही पहाड्को छेऊछाउमा कुनै जंगलमा भएको थियो भन्ने पनि कसैको मत छ।

वीरबलका माता-पिता साहै गरीब थिए र काम तथा मामको केही उचित बन्दोबस्त थिएन । अतः वीरबल दिनहुँ जंगलबाट दाउरा काटेर ल्याउँथे र त्यही बिक्री गरेर परिवारको भरण पोषण हुन्थ्यो । एक दिन दाउरा लिन जाँदा वीरबलले दाउरा बोक्ने नाम्लो लैजान बिर्सेछन्। निकै पर पहाड्को अग्लो स्थानमा पुगेपछि सम्झेर आमालाई कराएर भने-'आमै! नाम्लो ल्याउन बिर्सिएछ ।' त्यो सुनेर आमा पनि कराइन्। 'म कसरी पठाइदिऊँ ?' अनि वीरबलले फेरि भने-'कुकुरको घाँटीमा बाँधिदेऊ । नाम्लो लिएर कुकुर मकहाँ आइपुग्दछ ।'

छोरोले भने-जस्तै आमाले कुकुरको घाँटीमा नाम्लो बाँधिदिइन् र कुकुरले एकछिनमै पुऱ्याइदियो । शिकारमा निस्केका अकबर बादशाहको खेमा (डेरा) त्यही पहाड्को फेदमा थियो । वीरबलको यो चातुर्यको कुरा एका कान, दुई कान मैदान भएर बादशाहका कानसम्म पुग्यो र त्यो कुरा सुनी बादशाह निकै प्रसन्न भए । अनि सिपाही पठाएर वीरबललाई डाके। टाउकोमा दाउराको भारी बोकेर आफ्नू घरतिर जान लागेका वीरबललाई बादशाहका

प्यादाहरूले डाकेका हुनाले उनी बादशाहको खेमातिर हिंडे। अलि पर पुगेपछि यौटा सीम (दलदले) पर्दथ्यो, त्यो बादशाहको खेमाको नगीचै पर्दथ्यो । वीरबलले दाउराको भारी नबिसाई बोकेको बोक्यै सीम फड्के र बादशाहको खेमामा पुगे ।

अकबर बादशाहले त्यो कलिलो केटाको ताकत र बुद्धि देखेर निकै प्रसन्न भई पुरस्कार दिए । वीरबल बादशाहबाट पुरस्कार पाएर खुशी भई घरतिर फर्के । बाटोमा फेरि उही सोतो आयो । तर यस पटक तिनले त्यो सीम (सोतो) सहजै नाघ्न सकेनन् । त्यो स्थिति प्रत्यक्ष देखिरहेका बादशाहले फेरि वीरबललाई डाक्न पठाए र उनी आएपछि सोधे-'ए बालक ! आउँदाखेरि त तिमीले केही जस्तो नमानेर सीम फड्केका थियौ, तर जाँदा सीम फड्कन किन ढीलो गरेका ?' यति सुनेर वीरबलले अत्यन्त नम्रतासाथ भने-'पृथ्वीनाथ! यहाँ आउँदा म हलुको थिएँ, तर यहाँबाट फर्कदा सरकारको कृपाले भारी (ठूलो) भएँ । यही कारणले सीम फड्कन ढीलो भएको हो ।' यस्तो हाजिर-जवाफ र बोल्ने चातुर्यले बादशाह प्रसन्न भएर वीरबललाई आफ्नू साथैमा राखे।

यौटा यस्तो पनि किंवदन्ती छ-एक दिन साँझ पर्ने वेलामा यौटा अधवैंशे स्त्री (वीरबलकी आमा) दिल्ली शहरको पूर्वतर्फको ढोकाबाट मुख्य शहरमा पसिन्। उनको

साथमा यौटा पन्ध्र-सोह्र वर्षको छोरो वीरबल पनि थिए र उनी यौटा टट्टू हाँकिरहेका थिए । त्यस टट्टूको पिठ्यूमा यौटा पोको पनि राखिएको थियो । ती अधवैंशे स्त्रीको अनुहार हेर्दा पहिले कुनै समयमा सुखी घरानाकी भए पनि अहिले दुःखी नै छन् भन्ने स्पष्ट ज्ञान हुन्थ्यो । उनको हातमा पानीले भरिएको यौटा लोहोटा थियो र वीरबलको निधारमा चन्दनको टीका थियो । तिनको बुट्टे टोपीको बीटमनि शिखा पारेको टुपी परैबाट देखिन्थ्यो, त्यही टुपीको गाँठोले पनि उनी ब्राह्मण हुन् भन्ने स्पष्ट ज्ञान हुन्थ्यो ।

पालेहरूले पनि केही सोध-पूछ नगरी उनीहरूलाई सरासर जान दिए । अलि पर गएपछि यौटा सानू मंदिर देखियो र त्यही नजीकै यौटा पुजारी जस्तै मानिस उभिएको थियो ।वीरबलले ती मानिसलाई सोधे-महाराज! कान्यकुब्ज ब्राह्मणहरूको धर्मशालामा जाने बाटो कुन हो ? ती मानिसले भने-'हेर, ती मानिसहरूको समूह गइरहेको छ, तिनैहरूका पछि-पछि जाऊ, उनीहरू पनि धर्मशालामै गइरहेका छन् ।' आमा-छोराले राति धर्मशालामा विश्राम गरे । प्रातःकाल धेरै मानिसहरूको समूह बादशाहको 'दिवाने आम' (राजाले सबै मानिसलाई दर्शन भेट दिने स्थान) तिर उत्सुकतासाथ गइरहेका थिए । ती वीरबल पनि तिनैहरूको पछि लागेर गए। त्यस दिन कुनै मशहूर बहुरूपियाले बादशाहलाई आफ्नू विचित्र खेलहरू

देखाउने भएको रहेछ । शाहंशाह (सम्राट्) अकबरले त्यो तमाशा प्रजाले पनि हेरून् भनेर त्यो ठूलो मैदान फुक्का गरिदिने आज्ञा गरिदिएका थिए। कसैलाई त्यहाँ जान र त्यहाँ देखाइने खेल हेर्न रोक-टोक थिएन । चारैतिर मोटा-मोटा डोरीले छेकेर माझको मैदान खेल देखाउनको लागि खाली राखिएको थियो । हेर्न आउने मानिसहरूलाई त्यही डोरीको घेरा-बाहिर बस्न दिइन्थ्यो । वीरबल पनि आफ्ना मित्रहरूका साथ त्यही एक छेउमा बसेका थिए । त्यहाँबाट बादशाहले तमाशा हेर्ने झरोखा (झ्याल) पनि नगीचै पर्दथ्यो । त्यही यौटा सानू घरमा बहुरूपियाले आफ्नू रूप बदल्न पाउने व्यवस्था मिलाइको थियो। त्यस स्थानबाट मैदानसम्म पुग्न अलि साँगरो गोरेटो बनाइएको थियो । त्यस गोरेटोमा दुइ-चार सिपाही ओहोर-दोहोर गरिरहेका थिए ।

त्यसै वेला सिपाहीले सबैलाई सावधान हुने संकेत गरेर बादशाह सवारी भएको सूचना दियो । बादशाह आई आफ्नो उच्च सिंहासनमा बसे । अनि सबैले जय जयकारको ध्वनि गरे । उता सेवकले बहुरूपीलाई सूचना दियो र उसले रूप फेर्ने सानू कोठाको ढोका खुल्यो । यसबाट यौटी अत्यन्त सुन्दरी नर्तकी छम-छम पाउजेब बजाउँदै मैदानमा आएर ठिंग उभिई । त्यसले लिएको फूलले भरिएको थालबाट फूल छरेर बादशाहको स्वागत गरेर जसरी आएकी थिई उसै गरी फर्केर गई।

त्यसको एकै छिनपछि यौटा भुँडे मारवाड़ी यौटा हातमा बही-खाता र अर्कोमा थैली लिएर मैदानमा आयो र आफ्ना खाता-बही खोलेर केही यस्ता आसामीहरूको नाम उच्चारण गऱ्यो कि सबै श्रोता मरी-मरी हाँस्न लागे। त्यसपछि पठान सरदार, मराठा वीर, नेता, पादरी, पुरोहित आदि अनेक रूप बादशाहलाई देखाइयो । त्यति सकिनासाथ भित्र सिंहासनमा बसेका बादशाह अकबर बाहिर निस्केर हुकूम दिए-'ए कलाकार! तिमीले मनुष्यहरूका त अनेक रूप देखायौ, तर अब कुनै जानवरको रूप पनि देखाउन सक्छौ भने देखाऊ।'

बादशाहको हुकूम सुन्नासाथ 'नजर गराउँछु सरकार!' भन्दै आफ्नू रूप फेर्ने कोठामा गयो । त्यसको एकै छिनपछि स्वाँ-स्वाँ र फ्वाँ- फ्वाँ गर्दै, दर्शकहरूलाई पनि थिचो-मिचो पार्दै कि भन्ने भ्रम पार्ने यौटा उन्मत्त साँढे मैदानमा आयो । त्यसका सीगमा बाँधिएको घुघुरा छम-छम बजिरहेको थियो । त्यसले पहिले बादशाहलाई न्यूरेर सलाम गऱ्यो अनि फरक्क फर्केर दर्शकहरू भएतर्फ दगुऱ्यो । तर अलि नगीच पुगेपछि टक्क अडियो । त्यताबाट फर्केर फेरि बादशाहलाई सलाम बजायो र चारै खुट्टाले उफ्री-उफ्री नाच्यो । जब त्यो दर्शकहरूतर्फ दगुरेर जान्थ्यो, तब सबै दर्शक डराएर चिच्याउँथे र उठेर भाग्दथे, तर 'यो त नकली साँढे हो' भन्ने सम्झनासाथ पेट मिची-मिची हाँस्तथे। कति जना 'वाह ! स्याबास-स्याबास!'

भनेर तारीफ गर्दथे।

संयोगले त्यो साँढे वीरबलको नगीचै पुगेपछि थाकेर विश्राम गर्न चाहेझै ठिंग उभियो । तब वीरबलले यौटा सानो डल्लाले साँढेलाई हिर्काए । त्यो डल्लाले लाग्नासाथ साँढेले डल्ला लागेको ठाउँको छाला हल्लायो र एकपल्ट टाउको एवं पुछर पनि हल्लायो ।

'धन्य-धन्य कलाकार !' भन्दै वीरबलले आफ्नू शिरबाट टोपी झिकेर साँढेतिर फालिदिए । त्यो साँढेको पिठिउँमा लागेर भूईंमा खस्यो । अनि साँढे अकबर बादशाहतिर हेर्न लाग्यो । त्यसको हेराइले इनाम माँगिरहेको छ भन्ने स्पष्ट थाहा हुन्थ्यो । बादशाहले सुनको थालमा भरी रुपियाँ हाल्न लगाएर दिन लगाए। त्यस बहुरूपीले बादशाहद्वारा पठाइएको थाल लियो र बादशाहलाई धेरैपल्ट सलाम गर्दै दुआ (आशीष) दियो। अनि त्यस बहुरूपीले इनाम पाउनुभन्दा पहिले र पाइसकेपछि पनि वीरबलले दिएको टोपीलाई उठाएर बादशाहले दिएको इनामभन्दा पनि बढ़ी सम्मान गरेको देखेर दर्शकहरू छक्क परे । अकबर बादशाहलाई पनि यो कुरा मनपरेन अर्थात् उनले यसमा आफ्नू अपमान सम्झे तापनि अलिकति पनि रिसाएको भाव नदेखाई भने- 'ए कलाकार ! मैले दिएको इनामभन्दा पनि बर्ता त्यस केटोले दिएको टोपीको इज्जत किन गरेको? यसको अर्थ मलाई बुझाऊ, त्यसमा के रहस्य छ ?'

बहुरूपीले नम्र भएर बिन्ती चढायो- 'पृथ्वीनाथ!

हजूरले गुणी व्यक्ति को उचित इज्जत गरिबक्सन्छ भन्ने कुरा सारा संसारमा प्रसिद्ध छ, तर यौटा सच्चा कलाकारको कदर केवल रूपियाँले मात्र हुनसक्दैन। कलाकारको कला र साधना एवं उसले गरेको परिश्रम पनि बुझ्न सक्नुपर्दछ। फेरि कलाको पारख गर्न सक्नु पनि यौटा कसौटी हो। अतः यस टोपीको मालिक हजूरभन्दा धेरै बर्ता कलाको पहिचान र कदर गर्न जान्ने ठहरिएको छ। यसैकारण मैले सच्चा कला-पारखीलाई पहिले नै सम्मान दिएको हुँ। यस अपराधको लागि जो सजाय बक्सिन्छ, त्यो भोग्न तयार छु।'

त्यसको कुरा सुनेर बादशाहलाई आश्चर्य लाग्यो र उनले सोधे- 'ए कलाकार! तिम्रो अपराध मैले क्षमा गरें। अब मलाई यो बताऊ कि त्यो बालकमा कुन यस्तो गुण छ र त्यो ममा छैन? जसले गर्दा मेरो रुपियाँभन्द बर्ता त्यस थोत्रो टोपीलाई सम्मान दियौ।'

उसले बिन्ती चढायो-जहाँपनाह (जगत्रक्षक)! त्यस टोपीको मालिकले मेरो जनावरको रूप देखेर मात्र विश्वास गरेन र उसले माटाको सानो डल्लाले मलाई हिर्कायो-प्रत्येक जनावरमा हुने सबै लक्षण ममा छ कि छैन भन्ने कुरा उ जान्न चाहन्थ्यो। कुनै पनि जनावरको अंगमा डल्ला वा सानू ढुंगाले लाग्यो भने त्यसलाई तुरुन्त ज्ञान हुन्छ र लागेको ठाउँको छाला हल्लाउँछ। ठीक त्यसै गरी मैले पनि लागेको ठाउँको छाला हल्लाइदिएँ। जहाँपनाह!

यस्तो विचित्र कलाको सम्मान गर्न जान्ने त्यस कद्रदान (गुणी) प्रति म फिदा (मोहित) भइरहेको छु, यसैकारण धर्मपूर्वक मैले कलापारखीको इज्जत गरेको हुँ । फेरि मलाई यस कुराको प्रसन्नता छ कि यहाँ यस्तो सच्चा कलाको पारखी पनि उपस्थित रहेछ ।

यति सुनेपछि अकबर बादशाहले आज्ञा दिए 'यस टोपीको मालिक मेरो सामुन्ने हाजिर होस् ।' यति सुरेर बहुरूपीले वीरबलतिर इशारा गरिदियो, अनि वीरबल सरासर बादशाह भएको ठाउँमा आफ्नू मोटो टुपीको गाँठो हल्लाउँदै आएर उनको सामुन्ने उभिए । अनि बादशाहको आज्ञाले उनको अंगरक्षकले सोध्यो 'ए केटा ! तिमी को हौ ? दिल्ली के काम परेर आएका? भन ।'

वीरबलले नम्र भएर उत्तर दिए- 'म यौटा गरीब कन्नौजको ब्राह्मण हुँ । मेरा पिताको देहान्त भएको पाँच वर्ष भयो । जीवन निर्वाह गर्ने कुनै साधन नभएको हुलाने आफ्नी आमाको साथमा म हिजो भर्खर दिल्ली आएको हुँ । कतै केही काम पाए गर्ने इच्छा छ । यहाँ ख्यातिप्राप्त शाहंशाहको दर्शन पाइन्छ कि भनेर आएको हुँ ।'

उसले फेरि सोध्यो- 'तिम्रो नाम के हो ?'

वीरबलले तत्काल उत्तर दिए 'मलाई वीरबल भन्दछन् ।' यति सुनेपछि बादशाहले आज्ञा दिए- 'आजैदेखि यो केटो इज्जतसाथ शाही दरबारमै बस्नेछ, यसको सारा

खर्च शाही खजानाबाट दिइनेछ ।'

त्यसै दिन वीरबल यौटा राम्रो घोड़ामा चढेर आफ्नी आमालाई पालकीमा बसाली राजमहल गए। केही कालमै आफ्नू बुद्धि र हाजिर-जवाबीको प्रभावले अकबर बादशाहका अभिन्न मित्र बनेर उनका नवरत्नमा एक रत्न भएर बसे । पछि उनले आफ्नू प्रतिभाको बलमा राजाको पदवीसम्म प्राप्त गरे।

अकबर बादशाह र वीरबलको भेट भएको विषयमा यस्तो पनि किंवदन्ती छ-

एक दिन जाड़ोको सायंकाल बितिसकेपछि अकबर बादशाहले आफ्नू हुकूमतको राम्रो-नराम्रो दुवै पक्ष जान्न भेष बदलेर महलको गुप्त द्वारबाट निस्केर मूल बजारतिर पाइला चाले । अलि पर पुगेपछि बजारिया हूलमा मिसिएर उनी पनि हिंड्न लागे । त्यहाँबाट अलि पर पुगेपछि बादशाहले यौटी अधबैसे स्त्रीलाई सानू गल्लीको मुखमा उभिएर आउने-जाने मानिसहरूका उपर आँखा डुलाइरहेकी देखे र यो कुनै चतुर व्यक्तिको खोजीमा रहिछ भन्ने बादशाहका मनमा लाग्यो, त्यही अवसरमा उक्त स्त्रीले संकेतद्वारा बादशाहलाई डाकी । बादशाह उतैतिर गए । अलि पर पुगेपछि त्यस स्त्रीले बादशाहलाई भनी-

मेरी स्वामिनीका पति वणिक् हुनाले व्यापार गर्न गएका निकै दिन भयो, फर्केर आएनन् र उनको केही

समाचार पनि आएको छैन । उनी मस्त तरुनी हुनाले पुरुषको सहवास चाहन्छिन् । मदन-बाधा खप्न नसकेर मलाई पठाएकी हुन् । यति कुरा सुनेर बादशाह राजी भए । अनि त्यस स्त्रीले यौटा सुन्दर महल जस्तो घरमा लगेर यौटा राम्रो कोठामा पुगेपछि भनी- 'तपाई एकछिन यही पर्खनुहुवस्, म मालिक्नीलाई समाचार दिन्छु ।' यति भनेर उत्तरको प्रतीक्षा नगरी ऊ गई ।

त्यसकी मालिक्नीको उमेर सोह्र वर्ष, शरीरको रंग सुवर्ण जस्तो, हरिणका जस्ता आँखा, धनुष जस्तो आँखीभौं, परेवाको जस्तो घाँटी, सिपी जस्तो कान, गुलाबी रंगका पातला ओंठ, सुँगाको ठुँड जस्तै नाक, दारिमका दाना मिलेझै टम मिलेका र मोति बिर्साउने दाँत, कमलको फूल झै सुन्दर अनुहार, सिंहको जस्तो कम्मर र मखमल जस्ता नरम-नरम तिघ्रा एवं पुष्ट नितम्ब भएकी, रेशमी सारी र केसरी रंगको चोलीले कसेका यौवन चिह्न उड्न तत्पर भएका ससाना चरा झै देखिन्थे । सुगन्धित तेल हालेर कोरेको कपाल कम्मरसम्म झुन्डिदा नागिनीको भान पार्दथे। अर्थात् ती सुन्दरी सबै लक्षणले युक्त थिइन् चार कुनामा बत्तीको मधुरो प्रकाश फैलिरहेको सुन्दर सजिएको कोठामा गृहस्वामिनी ढोकातर्फ मुख फर्काई आफ्नू दाहिनूतर्फका भित्तामा राखिएको पूरा शरीर देखिने आदम कद ऐनामा दृष्टि दिई आफ्नू शरीरको सौन्दर्यमा आफै मोहित भएर कम्मरमा दाहिने हात राखेर दाहिने पाउ अगाडि सारी

उभिएकी थिइन् । त्यसै मौकामा दासी पुगेर मुसुक्क हाँसेर भनी- 'अहो सखी ! चन्द्रमा पनि आफ्नू रूपमा आफै मोहित हुँदा रहेछन् ।' यति सुनी दासीतर्फ हेरेर मुसुक्क हाँसी गृहस्वामिनीले दासीलाई उत्तर दिइन्- 'हे सखी चन्द्रकले ! तिम्रो विचारमा चकोर मात्र चन्द्रमाको अलौकिक रूपमा मोहित हुन्छ भन्ने रहेछ, तर तलाउमा फुल्ने कमलिनी पनि चन्द्रमाको सुन्दर रूपमा मोहित भएको देखिन्छ ।'

सखीले भनी- 'हे सखि ! तिमीसित कुरा गरेर को विजयी हुन सक्ला ? तिमी सर्वगुण-सम्पन्न छ्यौ। म जस्ती मूर्खलाई आफ्नू वाक्चातुर्य देखाएर केही लाभ छैन । बरु झट्ट आफ्नू शरीर सजाऊ, तिमीलाई भेट्न भनेर आएको भाग्यमानी व्यक्तिलाई दर्शन दिएर आफ्नू दास बनाऊ र इच्छापूर्ण गर ।'

सखीको यस्तो कुरा सुनेर गृहस्वामिनीको शरीरमा रोमांच भयो र यौवन व्यर्थ जान लाग्यो भन्ने सन्ताप भयो। अनि प्रसन्न भएर घाँटीमा लगाएको सिक्री बेफिक्रीसाथ झिकेर सखीलाई इनाम दिइन् र भनिन्- हे चन्द्रकले ! आफ्नू पाहुनालाई एकैछिन पर्खाएर आऊ। यहाँ आनन्द गर्नलाई चाहिने सबै वस्तु ठिक्क पारेर म बोलाउँछु । सखीको इच्छा बुझी चन्द्रकला बादशाहकहाँ आई र भनी- 'महाशय ! एकछिनको निम्ति जहाँ मन लाग्दछ त्यही बस्नुहवस् । मालिक्नी श्रृंगार गर्दै छिन्। वेला भएपछि म

आएर तपाईलाई भित्र लैजानेछु ।' यति भरेर चन्द्रकला मालिक्नीकहाँ पुगी । चन्द्रकलालाई देखेर गृहस्वामिनीले सोधिन्- 'चन्द्रकला ! त्यो मानिस उभिएको छ कि कहीं बस्यो ? चन्द्रकलाले भनी- 'सखी ! त्यो मानिस त मेरो बिछ्यौनामा बसिरहेको छ।' यति सुनेर दिक्क मान्दै तिनले लामू सुस्केरा हालेर भनिन्- 'सखी ! त्यो मानिस त बुद्धि नभएको मूढ रहेछ, तैपनि यो एक कटौरा दूध लिएर जाऊ र उसलाई दिई 'दूध कसको हो ?' यति सोधेर आऊ ।

यति भनेर तिनले चाँदीको कचौरामा भरी दूध हालेर दिइन । त्यो दूध लिएर चन्द्रकला रूप बदलेका अकबर बादशाह बसेका स्थानमा आई दूधको कचौरा दिई यो प्रश्न गरी- 'यो दूध कसको हो ?' बादशाहले कचौरा हातमा लिई दूध पिएर उत्तर दिए- 'यो दूध कुनै भैंसीको अथवा गाईको हुन सक्दछ ।' चन्द्रकला गएर गृह-स्वामिनीलाई पाहुनाको उत्तर सुनाई र उनले भनिन्- 'हे सखी ! त्यो मानिस साह्रै नै ग्वांग्रो रहेछ, त्यसको दिन व्यर्थ गएछ, त्यसले मेरो आशय बुझ्न सकेन । अब तिमी यो गुलाफको फूलले भरिएको किश्ती लगेर त्यस मूर्खलाई देऊ र के भन्दछ, सुनेर आऊ ।'

दासीले लगेर फूलले भरिएको किश्ती उस युवकलाई टक्र्याई । युवकले फूल स्वीकार गरेर बिछ्यौनामा राख्यो, त्यो समाचार दासीले गएर आफ्नी मालिकिनीलाई सुनाई । त्यो समाचार सुनेकी मालिकिनी अति खिन्न भएर यौटा

समस्या पूर्ति गर्न पठाइन् । त्यसको पनि समुचित उत्तर मिलेन र त्यो युवक साह्रै हरिलट्टक रहेछ भनिठानी- 'जा' गएर त्यस लठुवालाई विदा दे! र अर्कै युवकको इन्तिजार गर् ! भनी दासीलाई फर्काइदिइन् र उस दासीले पनि सरासर आएर उस युवकलाई ठाउँठाउँ रुखो स्वरले- 'तपाई' जस्ता अचतुर व्यक्तिलाई मेरी मालिकिनीले भेट गर्न मनसुबा गर्नुभएन, तसर्थ तपाई यहाँबाट मुन्टिहाल्नोस् र फेरि आउने साहस नगर्नुहोला, आउनुभयो भने ठूलो दुर्गति हुनेछ' भनी ।

त्यस दासीको यस्ता कुरा सुन्दा जलालुद्दीन अकबरलाई रिस त खूब उठेको हो, तर रिसाउँदा भेद खुल्दछ कि भन्ने डरले केही पनि नबोली टाउको झुकाएर बाहिर निस्के । दासी पनि अर्को शिकारको तलाशमा ढोका ढप्काएर बाहिर निस्की । दासी अलि पर गएपछि अकबर बादशाहले त्यस स्त्रीको पूरा भेद जान्ने इच्छाले फेरि ढोका खोलेर भित्र पसी आफू नगीचैमा कसैले पनि नदेख्ने गरी लुकेर बसे । एकै छिनपछि चन्द्रकलाले यौटा अर्को अलि कालो अर्थात् साँवलो तरुण पुरुष साथमा लिई भित्र प्रवेश गरी । बादशाहलाई जस्तै उसलाई पनि आफ्नू कोठामा पर्खाई आफू मालिकिनीलाई खबर गर्न गई ।

कतिपय व्यक्तिहरूको विचारमा यिनै व्यक्ति वीरबल थिए । यिनको पिताको अकस्मात् निधनले अर्थ-संकटमा परेर केही काम पाइन्छ कि भनेर आफ्नू जन्मस्थान

छाडी दिल्ली आएका थिए । नगरमा उत्सव हेरेर डेरातिर फर्कन लाग्दा बाटोमा यिनलाई चन्द्रकलाले देखेर आफ्नी स्वामिनीको इच्छा जाहेर गर्दा-बल्ल भाग्यले सहायता गर्न आँटेछ यस्तो विचार गरेर निर्भय भई चन्द्रकलाको प्रस्ताव स्वीकार गरेर साथै गए ।

अकबर बादशाहलाई भनेझै उनलाई पनि बस्न भनियो, तर तिनले त्यस कोठामा चारैतिर आँखा डुलाई कहीं पनि बस्ने योग्य स्थान नदेखेर उभिइरहे, किनकि अघि अकबर बादशाह बसेको खाट दासी चन्द्रकलाको थियो । त्यसमा बस्न वीरबलले उचित नठानी उपयुक्त स्थान नपाएर बरु उभिइरहनु नै ठीक छ भन्ने निश्चय गरेर बसेनन् । त्यो समाचार दासीबाट सुनेर प्रसन्न भएकी गृह-स्वामिनी भन्न लागिन्-क्याबात ! यो मानिस निकै बाठो रहेछ । अनि अघि झैं दूधको कचौरा पठाई 'यो दूध कसको हो ?' भन्ने प्रश्न गर्दा वीरबलले उत्तर दिए- 'मेरो ब्राह्मणको दूध हो ।' यो उत्तर सुन्दा मालिक्नीलाई झन् हर्ष भयो र चन्द्रकलाद्वारा फूलले भरिएको किश्ती पठाइन् । वीरबलले किश्तीबाट केवल दुई फूल हातमा लिएर चन्द्रकलासित भने- हामी दुई जनाबाहेक अन्य कसैले पनि यो भेद थाहा पाउनेछैन ।' दासीले यो कुरा पनि सुनाइदिई । यो सुन्दा गृहस्वामिनी झन् प्रसन्न भइन् र अन्त्यमा उही समस्या पूर्ति गर्न पठाइन् । चन्द्रकलाले वीरबलको अगाडि गएर समस्या सुनाई- 'जीउ गोरो मुख

साँवलो बस्छन् नदीका तीर ।' वीरबलले सरस्वतीको स्मरण गरेर तत्काल उत्तर दिए-

'काम-युद्ध गर्छन् डटी, एक नाम दुइ वीर ।' यति समस्या-पूर्ति गरेर वीरबलले चन्द्रकलालाई भने-'सुन्दरी! तिमी आफ्नी स्वामिनीलाई भन 'कुनै कुराको चिन्ता गर्नुपर्दैन । यो हाम्रो गुप्त भेद सकभर कसैले पनि थाहा पाउनेछैन । कुनै उपायले थाहा पाएछ भने पनि बुद्धिबलले इज्जतको रक्षा अवश्य गर्नेछु । पछि जसो होला, अहिले फिकी गर्नु व्यर्थ छ । तिम्रो समस्या पूर्ति मैले गरिदिएँ। अब तिमी जीउ गोरो र मुख कालो भएका एक नाम गरेका नदीको किनारमा बस्ने दुवै वीरलाई मसँग युद्ध गर्न पठाऊ, म सबै तरहबाट तयार छु ।। तिमीले पठाएको समस्या ससाना केटा-केटीले सोध्ने र बुझ्ने जस्तो हो । नायिकाको स्तनमा घटाऊ या रतिमन्दिरमा, स्पष्ट हुनेछ ।'

अन्धकारमा बसेर वीरबलको बुद्धिको चमत्कार हेरिरहेका अकबर बादशाह छक्क परे र मनमनै प्रशंसा गरी 'अब के हुँदो रहेछ, हेरौं' भन्ने विचारले त्यही लुकिरहे । उता चन्द्रकला पनि वीरबलको प्रशंसा गर्दै भित्र गई । वीरबल उस्तै प्रकारले उभिइरहे, बसेनन् ।

चन्द्रकला भित्र गएर वीरबलसँग भएको कुराकानी सबै एक-एक गरेर स्वामिनीलाई सुनाइदिई । कुरा सुन्दैमा तिनी दङ्ग. परिन् । अब विलम्ब गर्ने शक्ति र जाँच गर्ने इच्छा तिनमा रहेन । बुद्धिमान्हरूका माझमा 'रत्न' भएका

वीरबललाई तत्काल भेटेर कुर गर्न आकुल भएर तिनी सरासर चन्द्रकलाकै कोठामा आएर ठिङ्ग. उभिइन् । वीरबलले आफ्नू प्रत्यक्ष लक्ष्मी झै सुन्दरी षोड्शा बालालाई ठिङ्ग. उभिएकी देख्नासाथ छक्क परेर 'धन्य रूपकी सिन्धु ।' भन्दै दुइ पाइला अगाडि सरेर उनको स्वागत गरे । लुकेर सबै चरित्र हेरिरहेका बादशाहको विषयमा केही भन्नु व्यर्थ छ ! उनी ती चन्द्रमुखीलाई देख्नासाथ आफूलाई समेत बिर्सी चित्र झै भएर ती सुन्दरीलाई एकटक हेर्न लागे । अकबरलाई तिनको सौन्दर्यले आत्मविस्मृत पारिदियो । धन्य हो ! संसारलाई आफ्नू वशमा राख्न सक्ने शक्ति त केवल सौन्दर्यमा नै छ ।

विमला देवी नाम भएकी ती गृह-स्वामिनी वीरबलको चातुर्यमा मुग्ध भएर वीरबलको हात समाउन पुगिन् । अनि वीरबलले साहसपूर्वक युवतीका दुवै गालाको पालैसित चुम्बन लिए । अनि युवतीले नक्कली क्रोध गरेर भनिन्- 'हे पाहुना ! लाज-शर्म त्यागेर मेरो कपोलमा यसरी चुम्बन गर्ने साहस कसरी गर्न सक्यौ? के तिमीलाई डर भय लागेन ?'

वीरबलले निर्भय भएर मुसुमुसु हाँस्दै तत्काल उत्तर दिए- 'हे सुन्दरी ! इच्छा भए कामदेवको स्वागत गर्न ठिक्क पर । यस विषयमा लाज मानेर काज चल्दैन । मलाई आफ्नू जानेर सेवाको मौका देऊ । अब पर्खाएर व्याकुलतामा वृद्धि नगराऊ ।' वीरबलको यस्तो सार-गर्भित

कुरा सुनेर विमला देवी को धैर्य र लाजको तगारो भाँचियो, अघि जुन नयनमा नक्कली कोध देखिएको थियो, उही नयनमा कटाक्षरूपी वाण र ओठमा मन्द हाँसो देखिन थाल्यो । विमला देवी र वीरबल भित्र पसे । अनि चन्द्रकला आफ्नू बिछ्यौनामा लम्पसार परी । वीरबलको रहस्य र उसको डेराको पत्ता पाउने आशामा अकबर बादशाहको पाँच घण्टाको समय बड़ो कष्टले बित्यो । प्रातःकाल हुन लागेपछि वीरबल र विमला देवी कोठाबाट बाहिर निस्केर बगैचामा आए, तिनीहरू आउन लागेको थाहा पाएर बिस्तारै ढोका उघारेर बादशाह बाहिर निस्केर गल्लीको यौटा कुनामा उभिइ वीरबल बाहिर निस्कने प्रतीक्षा गर्न लागे ।

बगैचाको यौटा ढुंगामा बसेर विमला देवीले वीरबललाई प्रेमपूर्वक भनिन्-'महाशय ! दासीलाई नर्बिसेर भोलि पनि पाल्नुहोला । हजुरलाई धन-दौलत वा अरू पनि जे जाति चाहिन्छ संकोच नमानी मसँग माँगेर लिनुहोला । म सबै तरहले सेवा गर्न तयार छु । यति भनी ढोकासम्म पुऱ्याएर बिदा दिइन् । वीरबल पनि मनमनै खुशी हुँदै आफ्नू डेरातर्फ लम्के । अकबर बादशाहले पछिपछि गएर उनको डेरा समेत पत्ता लगाई आफ्नू उही गुप्त द्वारबाट महलमा दाखिल भएर नकली भेष उतारेर पलंगमा पल्टिए । प्रातःकाल हुन आँटेकोले र रातिको घटना आँखा-अगाडि आएकोले निद्रा लाग्न सकेन । कुनै किसिमले उज्यालो

भयो । नित्य-कार्य सकेर निर्धारित समयमा बादशाही लाग्यो । साम्राज्यका साना-ठूला अधिकारी, राजा-महाराजाहरू आएर काइदासाथ आफाफ्ना स्थानमा बसे । भाइ-भारदार र प्रजा एवं अधिकारीहरू बसिसकेपछि चोबदारले उच्च स्वरमा करायो- खबरदार, होशियार ! जलालुद्दीन अकबर बादशाहको सवारी भइरहेको छ । त्यसपछि सभासद्हरूको दाहिनेतिर झुन्डिएको मखमली पर्दा हल्लियो । अनि दुइटी नकाबपोश (मुखढाकेका) युवतीहरूले पर्दा हटाए र बादशाह अकबरले सिंहासनतिर पाइला सारे । यसरी बादशाह सिंहासनमा बसेपछि सबैमन्दा पहिले मियाँ खुसरूले हात जोरेर बिन्ती गरे-'अवसर माफ पाऊँ सरकार !' आज सरकारका नयन मणिकलाई लज्जित पारिरहेका छन् । राति निद्रा नपरेर केही लाल भएजस्ता छन् । निद्रा नपर्ने हर्षको कारण जान्न सकिएन, शाहंशाहलाई निद्राले किन सहेन ?'

मियाँ खुसरुको यस्तो प्रश्न सुनेर अकबर बादशाहले भने-'आज राति मलाई निद्रा नलाग्ने कारण पनि निकै चाखलाग्दो छ । म हिजो राति आफ्नू भेष बदलेर प्रजाको हाल-खबर जान्न र शयल गर्न बाहिर निस्केको थिएँ र निकै आनन्द पनि लिएँ । कतिपय प्रजाहरूसँग साधारण मानिस झै अनेक विषयमा चर्चा गर्दा-गर्दै फर्कन अबेर भयो । पूरा सुत्ने समय मिलेन र निद्रा पनि ठीकसँग आउन सकेन, त्यसैकारण आँखा राता भएका हुन् । राति

मैले भेटेको यौटा मानिस विधाताको सृष्टिमा असाधारण बुद्धि भएको रहेछ ।' यति भनिसकेर अकबर बादशाहले मीरकासिमलाई डाकी वीरबलको डेराको ठेगाना बताई दश जना सवार समेत साथमा लगी त्यस व्यक्तिलाई तुरुन्त लिएर आऊ भन्ने आज्ञा दिए ।

बादशाहको हुकूम-अनुसार मीरकासिम खोज्दै वीरबलको डेरामा पुगेर भने-'ए भाग्यमानी ब्राह्मण ! तिमीलाई बादशाहले हुकूम भएको छ, तुरन्त हिंड ।' यसरी अकस्मात् 'बादशाहले डाकेको छ' भनेको सुन्दा वीरबलको सातो गयो । उनी विचार गर्न लागे- 'अकबर बादशाहले मलाई किन डाके होलान् ? रातिको चरित्र पो कसैले थाहा पायो कि ? चन्द्रकलाले त भनेकी थिई- यौटा राम्रो मानिस तिमी नआउँदै मैले डाकेर ल्याएकी थिएँ, तर त्यो मूर्ख स्त्रिया चरित्र नजान्ने हुनाले विमला देवीले भेट पनि नगरी धपाइदिइन् । त्यो मानिस कुनै राज्यको उच्चाधिकारी पो थियो कि ।' वीरबल यस्तै तर्क गरिरहेका थिए, त्यत्तिकैमा मीरकासिमको चर्को स्वर सुनियो-'ए बाजे ! किन अबेर गरेको ! खुरुक्क हिंड्न भए हिंड, नभए बल प्रयोग गरेर पनि नलगी छाड्दिनँ ।' तिनका यस्ता कुरा सुनी वीरबलले नम्र भएर उत्तर दिए- हाकिम साहेब! किन व्यर्थमा रिसाउँछौ । म लुगा लगाएर आउँदै छु ।' यति भन्दै लुगा लगाएर वीरबल डेराबाट बाहिर निस्के । प्यादाहरूले बादशाहका हजूरमा लगेर

हाजिर गराए ।

अकबर बादशाहको अगाडि पुगेपछि वीरबलले अदवसाथ 'स्वस्ति' गरेर उभिए । अनि बादशाहले आफ्नू नगीचै बसालेर प्रेमपूर्वक सोधे-'तिम्रो नाम वीरबल हो, पण्डितजी?' वीरबलले अदवसाथ उत्तर दिए- 'सरकारको अनुमान सही हो ! मलाई सबैले वीरबल भन्दछन् ।'

यति सुनी बादशाहले सोधे-'हे वीरबल ! तिमीले बितेको रात कसरी र कहाँ-कहाँ गएर कुन कुन काम गरेर बितायौ ? के के देख्न पायौ, सबै नढाँटी मलाई सुनाऊ ।' अकबर बादशाहको यस्तो प्रश्न सुन्दा मनमा झसंग भए पनि बाहिर साधारण भाव देखाउँदै वीरबलले बिन्ती गरे-'हे पृथ्वीनाथ, मेला हेर्न गएको थिएँ, उहीं साथीहरूसँग घोट्टा खाइयो, त्यसैले पाउनसम्म दुःख पाएँ । फेरि त्यैमाथि अर्को गँजडी मित्र फेला परेर गाँजा पनि बलजफती ख्वाइदियो । एकपल्ट स्वाट्ट तानेको त चिलिम धपक्क ◌ो । अनि नशाको तरंगमा निकै वेरसम्म नाच-रंग त ◌ाशा हेरियो । अनि कुनै किसिमले डेरामा पुगेर कहाँ ख ◌ु, कहाँ पिउनु, निद्राले छोप्यो र बिछ्यौनामा पल्टनासाथ ◌ोश भएँछु। बिहान घाम लागिसकेपछि बल्ल केही चेत आएको थियो, उसै बखत सरकारी कर्मचारीहरू पुगे र सरकारबाट हुकूम भएको भन्ने सुन्नासाथ तिनैको साथ लागी हजूरको दर्शन पाउने हर्षले टाउकोले टेक्दै र हामफाल्दै हाजिर भएँ ।'

वीरबलको यस्तो चातुर्यले भरिएको कुरा सुनी मुसुक्क हाँसेर अकबर बादशाहले भने-'वीरबल ! मेरो सामुन्ने किन यसरी सत्य कुरा लुकाई कपोल-कल्पित वर्णन गरिरहेका छौ ? यो इन्साफी जमाना हो, यसमा सत्य बोल्नाले नै कल्याण छ । फेरि मसँग झुट्टा कुरा गर्नाले हानि बाहेक केही लाभ छैन ।'

बादशाहको भनाइ र विचार अलि खरो जस्तो देखेर वीरबलको मन झस्कियो र राजालाई रातिको सबै भेद थाहा रहेछ भन्ने हृदयले देख्यो, तैपनि धैर्य धारण गरेर बिन्ती गरे-' शाहंशाहबाट यो के हुकूम भएको? म हिजो राति कहाँ गएको थिएँ । कपाल दुखेर फुट्ला जस्तो भएर सायंकाल पाँच बजेदेखि बिछ्यौनामा पल्टेको त सिरानीमा राखेको चना-भुजा पनि नखाई सुतेछु ।' यति सुन्नासाथ अकबर बादशाहले अलि रिसाएझै गरेर भने-'वीरबल, तिमीसित म रिसाएको छैन, तर मलाई ठग्ने प्रयत्न नगरेर सत्य कुरा सुनाऊ । अब व्यर्थमा आफ्नू चमत्कार देखाएर दुःखको बाटो नखोज!'

बादशाहको यस्तो आज्ञा सुनी विवश भएर वीरबल भन्न लागे-'पृथ्वीनाथ ! हिजो राति बजारमा डुल्न भनेर निस्केको थिएँ । दैवसंयोग बाटोमा यौटी स्त्रीले डाकी र म त्यसको पछि लागेर गएँ । अलि पर पुगेपछि वर-पर कसैलाई नदेखेर त्यस स्त्रीले मेरो नगीचै आएर भनी-महाशय ! मेरी स्वामिनीका पति घरमा छैनन् , परदेश गएका

छन् । उनी नहुलाने तरुनी सेठानी कामदेवको पीड़ाले विह्वल भएकी छन् , अतः तपाई मसँग हिंड्नुहुवस् । त्यसको कुराले मनमा उत्सुकता लागेर म उसको साथै गएँ । घर-भित्र यौटा सुसज्जित कोठामा दूधको फीज जस्तो तन्ना कसेको यौटा बिछ्यौना थियो र कोठामा चार कुनामा राखिएका सामदानमा मधुरो बत्ती बलिरहेको थियो। म गएर त्यही बिछ्योनामा बसें । त्यो स्त्री मलाई त्यहीं पर्खाई भित्र आफनी स्वामिनीलाई समाचार दिन गई । अनि त्यसकी स्वामिनीले यौटा चाँदीको कचौरामा दूध मेरो निम्ति पठाइन् । दासीले मसँग 'दूध कसको हो ?' भनेर सोधी । मैले त्यो दूध पिएर 'भैसी अथवा गाईको दूध होला' भनिदिएँ । त्यसपछि फेरि यौटा चाँदीको किश्तीमा गुलाफको फूल भरेर पठाइन्, मैले त्यो फूल सबै खाटमा बिछाएर यसैमाथि सुतें । त्यसपछि फेरि यौटा विचित्र किसिमको कविता लेखेर तयसको पूर्ति गर्न पठाइन् , मैले आफू भएभरको सबै बुद्धि खर्च गर्दा पनि त्यस समस्याको पूर्ति समुचित रूपले गर्न सकिनँ । दासीले त्यो समाचार आफनी स्वामिनीलाई सुनाई र उनले त्यो कुरा सुन्नासाथ मसँग भेटै नगरी रिसाएर यस्तो मूर्खलाई किन डाकेर ल्याएकी? तुरुन्त गलहत्ती लगाएर धपाइदेऊ भनिछन् र मालिकिनीको आज्ञा पाउनासाथ दासीले मेरो अगाडि आई साह्रै बेइज्जतीसाथ निकालेर ढोका थुनी । अनि त्यो अर्को कुनै पुरुषको खोजीमा बाहिर निस्केपछि म त्यसको पूरा

भेद जात्र फेरि भित्र पसी बगैचामा लुकेर बसें । अनि त्यसले अर्को पुरुषलाई ल्याएर मलाई जस्तै दूध, फूल र समस्याले जाँच गरी । त्यसमा उ सफल भयो र रातभरि ती अनिन्द्य सुन्दरीसित मोज गऱ्यो । म मूर्ख जस्तो त्यही बगैचामा बसिरहें । बिहान हुन लागेपछि तिनीहरू तल ओर्लेर बगैचामा आउन लागेको देखी म सुटुक्क निस्केर डेरामा गएर सुतें । यस विषयमा कुनै कविको भनाइ पनि छ:-

साक्षात् नागिनि हुन् यि सुन्दरिहरु,
संसारमा छन् जति।
अल्झाई निज जालमा पुरुषको,
पार्छन् ठुलो दुर्गति।।
मार्छन् निश्चय नै डसेर यिनिले,
मानेर यस्तो डर।
बस्नू उत्तम हुन्छ विज्ञ जनले,
योदेखि धेरै पर।।

सरकार ! मेरो जो हाल भयो विन्ती चढाएँ । रात यसै चाललें बित्यो । प्रातःकाल भयो, हेरौं अब यो दिनले के गर्ने हो ! माथितिर लैजान्छ कि झन तलै खसाल्दछ! वीरबलको यति कुरा सुनेर मनमनै प्रसन्न भएका अकबर बादशाहले वीरबलको कानैमा मुख लाएर भने 'क्या बात ! खूब बाठा रहेछौ, यो सबै दुर्गति तिम्रो होइन कि मेरो भएको हो । तिमी ता रातभरि सुन्दीसँग

मोज गर्दै थियौ, मैले पो सारा रात छटपटीमा बिताएँ ।' बादशाहको यति कुरा सुनेर वीरबलले भने- 'सरकार ! हजूरले पनि किन झूटो बोलेको ? यो इन्साफी जमानामा बादशाहले पनि मिथ्या कुरा गर्नु उचित छैन । के मभन्दा पहिले बादशाह सलामत स्वयं त्यहाँ सवारी भएको कुरा सत्य हो ?'

वीरबलले यति भनेको सुनी पक्रिएको अपराधीले झै बादशाहले स्वीकार गरे भने-'वीरबल ! अब सारा भेद खोलेर मेरा बेइज्जती नगर । भेद खुल्यो भने दरबारमा ठूलो हँस्सीको पात्र बन्नेछु । तिम्रो बुद्धिको चातुर्य देखेर म प्रसन्न भएँ । अब तिमीले अन्त कही जानुपर्दैन, जति जे चाहिन्छ, शाही खजानाबाट पाउनेछौ। म प्रतिज्ञा गरेर भन्दछु कि आजदेखि तिमीलाई आफ्नो मित्र ठानेर आफ्नो साथमा राख्नेछु ।'

बादशाहको यस्तो कृपा देखेर वीरबलले आफूलाई धन्य ठानी विन्ती गरे-'सरकारको हुकूम शिरोपर छ ।' यसै दिनदेखि अकबर बादशाह र वीरबलको मित्रता भयो। वीरबलको चातुर्यले उनलाई राजाको पदवीसम्म प्राप्त गरायो । तिनको बुद्धिमानी र हाजिर-जवाबीमा अकबर बादशाह सदैव प्रसन्न रहन्थे ।

बादशाह अकबर र वीरबलको पहिलो पटक भेट भएको विषयमा यौटा यस्तो किम्वदन्ती पनि छ । एक

दिन बादशाहको सेवकले पान लगाएर खान दियो । संयोगले चून अलिकति बर्ता परेछ र बादशाहको मुखमा घाउ गरायो । बादशाह रिसाई त्यस सेवकलाई' बाजार गएर एक पाउ चून किनेर लिंदै मकहाँ हाजिर हो' भन्ने हुकूम दिएछन् । त्यो चून किन्ने पसलमा पुग्दा संगोगले वीरबल पनि त्यही उभिएका रहेछन्' परस्पर कुरा हुँदा सबै भेद खुलेपछि वीरबलले त्यस सेवकलाई भने- 'यदि बाँच्ने इच्छा छ भने एक पाउ घिउ खाएर अनि मात्र चून लिएर जा । बादशाह रिसाएर तँलाई चून ख्वाउन आँटेछन् ।' त्यस सेवकले वीरबलको कुरा मानेर एकपाउ घिउ खाई एक पाउ चून किनेर बादशाहको सामुन्ने उपस्थित भयो । अकबर बादशाहले त्यो एक पाउ चून पानीमा मिलाएर त्यस सेवकलाई खान दिए । एकै छिनपछि मुख-पेट चलेर त्यसको प्राण बच्यो अनि बादशाहलाई शंका लागेर सेवक सँग सोधे- पूछ गर्दा उसले बिन्ती गऱ्यो- 'सरकार ! म चून किन्न लाग्दा त्यहाँ वीरबल नामका एक जना मानिस आई मलाई तलदेखि माथिसम्म हेरेर "बादशाहले तँलाई कुनै अपराधमा चून ख्वाउन आँटेछन्, एक पाउ घिउ खाएर जा" भन्ने बुद्धि दिए । त्यसै-बमोजिम गरेको हुनाले ज्यान बाँच्यो ।' सेवकको यस्तो कुरा सुनेर अकबर बादशाहले वीरबलको बुद्धिको मनमनै प्रशंसा गरेर तुरुन्त मानिस पठाई डाके । वीरबल आएपछि उनले 'स्वस्ति' गरी अदबसाथ एकातिर उभिए । अनि बादशाहले रिसाएजस्तो गरेर

सोधे- 'तिमी को हौ ? दिल्लीमा के कामले आयौ ? मेरो सेवकलाई जान्ने भएर किन बचायौ ? मलाई संसारमा प्रतापी अकबर बादशाह भन्दछन् । तिमी व्यर्थ आज मेरो रिसको झोकमा पर्न भयौ ।'

वीरबलले उत्तर दिए-'सरकार ! म ब्राह्मण हुँ । दरिद्र हुनाले केही काम पाउँछु कि भनेर दिल्ली आएको छु । यस संसारमा सकेसम्म जीव-हत्या नगर्नु भन्ने शास्त्रहरूको वचन हुनाले नै मैले यस सेवकको ज्यान बाँच्ने उपाय बताइदिएको हुँ । अपराध माफ पाऊँ ।'

वीरबलको सरल उत्तर सुनेर बादशाहले आफ्नू प्रेमको परिचयका साथै कविराजको पदवी र ठूलो जागीर दिई आफ्नू मुख्य मुसाहिब तुल्याई राख्ता भए। पछि वीरबलले राजाको पदवी समेत पाए । तिनी बादशाहका सच्चा विश्वासपात्र मित्र थिए । जस्तै राजा भोजका सभामा नवरत्न थिए भन्ने कुरा इतिहासबाट जान्न सकिन्छ, त्यस्तै अकबर बादशाहका सभामा पनि नवरत्न थिए । तिनीहरूको नाम तल लेखे-अनुसार छ-

(१) अकबर बादशाह
(२) राजा वीरबल
(३) कवि जगन्नाथ
(४) मियाँ खुसरु
(५) राजा मानसिंह
(६) अबुल फजल

(७) टोडरमल
(८) कवि गंग
(९) भगवान दास

यी सबैमा राजा वीरबलको प्रभाव राजदर्बारिमा बर्ता थियो । हुनत वीरबलले रचना गरेको कुनै ग्रन्थ आजसम्म प्राप्त भएको छैन तापनि ससाना फुटकर कविताहरू कतै-कतै देख्न पाइन्छन् । वीरबलको कवित्व शक्ति देखेर नै बादशाह अकबरले 'कवि-शिरोमणि' भन्ने उपाधि प्रदान गरेका थिए रे: अकबर बादशाह स्वयं पनि कविता र साहित्यमा विशेष रुचि राख्ने हुनाले आफ्नू शाही सभामा अनेक तरहका समस्या प्रस्तुत गरेर त्यसको पूर्ति गर्नेलाई उचित पुरस्कार प्रदान गर्दथे ।

अकबर बादशाह र वीरबलको पहिलो भेट भएको विषयमा कही यस्तो पनि लेखेको पाइन्छ । बुन्लेद खण्ड निवासीहरूको भनाइ-अनुसार वीरबल बुन्देल खण्डका नै निवासी हुन् र उनको जन्म पनि बुन्देलखण्डको यौटा गाउँमा कुनै धनी ब्राह्मणको वंशमा भएको थियो । त्यहाँको स्थानीय पाठशालाहरूमा पढइने जति पढाइ समाप्त गरेर उनी काशी गएर उहीं नै अध्ययन गरे । यसपछि नोकरीको खोजीमा दिल्ली पुगे । त्यहाँ अकस्मात् बिमारी परेर कुनै हकीमकहाँ औषधि गराउन गए । बिसेक

भएपछि तिनै दयालु हकीमले राजा टोडरमलसित वीरबलको परिचय गराइदिए। तिनी टोडरमल अकबर बादशाहको नवरत्नमा एक रत्न थिए । तिनै टोडरमलको कृपाले वीरबल पनि अकबर बादशाहको दरबारमा लगिए र बादशाहले वीरबलको बुद्धि र वाक्-चातुर्यबाट प्रभावित भई उनलाई आफ्नू नवरत्नमा मुख्य बनाए ।

दीन-दुःखीको उपकार गर्न र दान दिनमा पनि वीरबल 'दानी कर्ण' जस्तै थिए । हिन्दू मात्र होइन कि मुसलमान कविहरूले पनि वीरबलले गरेका अनेक उपकारहरूको वर्णन गरेका छन् । वीरबलले दान दिएको र उपकार गरेको देखेर प्रसन्न भएका कवि गंगले उनको प्रशंसामा लेखेका छन् । त्यो यहाँ जस्ताको तस्तै उद्धृत गरिन्छ--

दिल्ली से न तख्त, बख्त मुगलन से न हाये हैं।
हाये हैं नगर न कहूँ आगरे नगर से ।।
खाखन में खानखाना, राजन में राजा मान ।
है है न वजीर कहूँ डण्डन टोडर से ।।
गंग से गुनी न, तानसेन से न तानधारी ।
बूचन से न कानूनगो, न 'दाता' वीरबल से ।।
सात द्वीप के मझार सात हूँ समुद्र पार ।
है है न जलाल दीन गाजी अकबर से ।।

वीरबलले लाखौको सम्पत्ति केशव कविलाई प्रसन्न

भएर दिए । त्यसैमा केशवले भनेका छन्–

केशवदास के भाल लिख्यो विधि
रंकको अंक बनाये सँवार्‍यो ।
धोए छट्यो नहिं छोडे छट्यो ग्रहु
तीरके जल जाय पखार्‍यो ।।
है गए रंकका राव तबै जब वीरबली
नृप नाथ निहार्‍यो ।
भूलि गयो जगकी रचना चतुरानन
फारि रह्यो मुख चार्‍यो।।

आफ्नू देशमा विदेशी आक्रमण भएको बखत अकबर बादशाहको चिन्ता देखेर वीलबल कैयौंपल्ट स्वयं अगाडि बढी लड़ाईमा गएर विजय प्राप्त गरेको वर्णन पनि पाइन्छ । सं0 १४६१ मा स्वातबुनेर र बजौरमा यौटा मूर्ख मानिसले आफूलाई 'वीर रोशनाई' खुदाको अवतार भन्ने प्रकट गरेर त्यस ठाउँका डाकू , लुटेरा, बदमाशहरूलाई आफ्ना चेला बनाई पहाड़को देवी दुर्ग भन्ने स्थानमा मुकाम गरेर शाही इलाकाहरूमा लूट–पाट गरेको खबर पाएर अकबर बादशाहले अबुल फजल भन्ने सेनापतिलाई प्रशस्त सैन्य दिएर पठाउन तत्पर भएका थिए । तर वीरबलले युद्धमा म जान्छु भनी बादशाहसँग हठ गरेर ठूलो फौज साथमा लिई माघ सुदी द्वादशीको दिन प्रस्थान गरे । वीरबल स्वातको मैदानमा पुगी आफ्नू बुद्धि र परिश्रमले

सारा बागी पठानहरूलाई विजय गरी अकबर बादशाहको अधीन गराए । तर एक रात बागी पठानहरूले मध्य रातमा अकस्मात् हमला गरी ठूलो धोखा दिए ।त्यसमा धेरे जवानहरूको प्राण गयो । त्यही युद्धमा वीरबलले पनि वीरगति पाए । कतिपयं इतिहासकारहरूको मनमा त्यस युद्धपछि वीरबलको पत्ता लागेन अर्थात् उनको लाश पनि नपाइएको हुनाले उनले अवश्य वीरगति पाए भन्ने अनुमान गरियो ।

आफ्नू अभिन्न मित्र वीरबलको मृत्युको समाचार सुनेर अकबर बादशाहलाई ठूलो चोट पऱ्यो । उनले दुइ-चार दिनसम्म खान-पान त्यागेर महलको यौटा कुनामा बसेर शोक गरिरहे । त्यति गर्दा पनि मित्रसँगको बिछोडको कालो बादल जसले उनको हृदयलाई ढकेको थियो, त्यो सहसा हट्न सकेन । वीरबलको शोकमा कैयौ दिनसम्म राज्यको काम पनि बन्द रह्यो ।

वीरबलका दुई छोरा र यौटी छोरी थिए भन्ने कुरा इतिहासमा देख्न पाइन्छ । तिनका जेठा छोराको नाम 'लाल' र कान्छाको 'हरिहर' थियो । जेठा लाल शाहजादा सलीमसँग इलाहाबादमा र हरिहर अकबर बादशाहकै सेवामा रहे ।

अकबर-वीरबल विनोद

प्रथम भाग

१-कसका पाउ राम्रा छन्

एक दिन वसन्त ऋतुको बेलुखीपख बादशाही बगैचामा लागेको लँगड़ा आँपको रूखको हाँगामा झुलना हाली अकबर बादशाह र एक अति राम्री सुकुमारी नवयौवना बेगम ज्यान दुई जना बसी झुलना झुलिरहेका थिए । बेगम बिघ्न राम्री थिइन् । तिनको तेजका अगाडि अकबरको तेज ग्रहण लागेको चन्द्रमाको जस्तो मलिन देखिन्थ्यो । महलभरिमा यिनै यौटी बेगम रूपकी देवी थिइन्, यिनीभन्दा राम्री स्त्रीरत्न अर्की कोही थिइनन् , यसै हुनाले अकबरकी यी अति प्यारी थिइन् । बादशाह धेरैजसो यिनैसित हाँसखेल गर्थे । दुवै दम्पती झुलना झुलिरहेका थिए, त्यस मौकामा बेगमले पाउमा जुत्ता लगाएकी थिइनन् बादशाहका पाउ पनि नाङ्गै थिए ।

बेगमले आफ्ना गोड़ाको खूबसूरती देखी दङ्ग परेर केही ठट्टाका चालसँग आफ्ना पति अकबर बादशाहलाई बिन्ती चढाइन्- 'प्यारे ! नजर होस् , हजूरका भन्दा मेरा पाउ राम्रा छन् । बादशाहले भने-'प्यारी ! मेरा पाउ पो राम्रा छन् ।' यस्तै चालसँग अकबर आफ्नू बादशाही ढिपी गर्थे, बेगम आफ्नू बातमा जिद्दी गर्थिन् । त्यही बीचमा ख्वाजाहरूको र दासीहरूको बथान पनि त्यही

आइपुग्यो र बेगमले तिनीहरूलाई मेरो पाउ राम्रो छ कि बादशाहको पाउ राम्रो हो ? भनी सोद्धी भइन् , तर उनीहरूले केही राय बिन्ती चढाउन सकेनन् । बादशाहको पाउ राम्रो भनुन् भने बेगम रिसाउने भइन् , बादशाहको पाउ राम्रो भनुन् भने बादशाह रिसानी हुने डर थियो । संयोगले कुनै सोधुपर्ने जरूरी काम आइलाग्दा वीरबल पनि बादशाहलाई खोज्दै उहाँ आइपुगे । वीरबललाई देखेर बेगमले खुशी भएर उही प्रश्न गर्दी भइन् । वीरबलले उत्तिनैखेरि बेगमलाई उत्तर बिन्ती चढ़ाए, हजूरका पाउ राम्रा छन् , तर साँचो बिन्ती चढ़ाउँ भने बादशाहकै पाउ राम्रा हुन् , किनभने यदि बादशाह खुदाबन्दका पाउ राम्रा नभए हजूरका पाउ यस बादशाही महलमा कहाँबाट आउँथे । यस्तो नीतियुक्त उत्तर सुनी बेगम प्रसन्न हुँदी भइन् । वीरबलले इनाम पाए ।

२-आकाशमा कति तारा छन् ?

कुनै समयमा बादशाह अकबरले वीरबलको बुद्धिको परीक्षा लिने विचारले सोधे कि भन वीरबल, आकाशमा कति तारा छन् ? यस्तो प्रश्न सुनी वीरबलले तुरुन्त जवाब दिए कि यस प्रश्नको उत्तर म भोलि दिन सक्छु ।

बादशाहको प्रश्नको उत्तर दिनु वीरबललाई अति आवश्यक थियो परन्तु समस्या थियो टेढ़ो, आकाशका तारालाई गनिलिनु कुनै सम्भव बात थिएन । अन्तमा

वीरबललाई यौटा अक्किल सुझ्यो र उनले यौटा बड़ो लम्बा-चौड़ा कागजमा सियोले यति निशान बनाए कि सारा कागजमा प्वालैप्वाल भएर ती प्वालहरूलाई गनिलिनु सहज थिएन ।

अर्को दिन जब वीरबल दरबारमा पुगे त बादशाहले सोधे- 'ल्यायौ मेरा प्रश्नको जवाब ?' वीरबलले उही प्वालैप्वालवाला कागज सामने राखिदिए र बिन्ती चढ़ाए- 'अन्नदाता ! आँकाशका ताराको छाया यसै कागजमा उतारेको छ, जसलाई इच्छा छ गनिलिउन् , आकाशका ताराको संख्या जानिनेछ । प्रश्न टेढ़ो थियो, सब चुपो लागे । वीरबलको बुद्धिमानीले बादशाह अकबर खुशी भए ।

३-को के गर्न सक्तैन ?

एक दिन दरबारमा बादशाह अकबर बसिरहेका थिए। दरबारीहरू पनि आएर आफ्नो ठाउँमा बसेका थिए। यत्तिकैमा बादशाहले भने- वीरबल !

के गर्न सक्तिन स्त्रीले ?
के अट्तैन समुद्रमा ?
के पोलिदैन आगोले ?
के काल्ले खात्र लोकमा ?

बादशाहले भनेको यो श्लोक सुन्नेबित्तिकै वीरबलले तुरन्त उत्तर दिए-

पेट बोकाइन्न स्त्रीले,
अट्तेन यश सिन्धुमा ।
पोलिन्न अग्लिने धर्म,
नाम खोदेन काललें ।।

वीरबलको यस्तो उचित उत्तर सुनेर बादशाह अकबर अति प्रसन्न भएर वीरबललाई धेरै धेरै इनाम दिए ।

४-सबभन्दा ठूलो पात कुन हो ?

एक दिन अकबरले दरबारको बेलामा प्रश्न गरे कि "पात-पातमा कुनचाहिँ पात ठूलो हुन्छ ?" भारदारहरूमा कसैले, एकछिन घोरिई कर्कलाको पात भने । कसैले सोचेर केराको पात ठूलो हुन्छ भने, तर बादशाहको चित्त बुझेन । उनले वीरबलको मुखतिर हेरे । वीरबलले उभिएर बादशाहलाई सलाम गरी बिन्ती चढ़ाए- "जहाँपनाह ! सबैभन्दा श्रेष्ठ पात नागरबेल (पान) को हो । किनभने यसको पात बादशाहको मुखसम्म पुग्छ । यो कुरा सुनी सबै जनाले वीरबलका बुद्धिको सह्नी गरे ।

५-जाड़ो कति छ ?

जाड़ोको समय थियो। हिउँ जोड़ले परिरहेको थियो। बादशाह र वीरबल महलको बैठकमा बसेर मकलको आगो ताप्दै कुराकानीमा मग्न थिए । यत्तिकैमा कुराको सिलसिलामा अचानक उनले यौटा प्रश्न सोधे-'वीरबल ! जाड़ो कति छ ?'

त्यस बेला अचेलको जस्तो अंग्रेजी शासनकालमा तयार पारिएको बिजुली, बिजुलीको हीटर या हावा, पानी, जाड़ो, गर्मी नाप्ने मीटर थिएन, जुन यन्त्रद्वारा नापेर यक्तिकै जाड़ो छ भनी बताउन सकियोस् । यक्तिकै त जाड़ो असाध्यै थियो । बादशाहका सारा अङ्ग प्रत्यङ्ग ऊनी गरम कपड़ाले ढाकिएको थियो । सामने मकलमा भरभराउँदो आगो थियो । तैपनि उनी जाड़ो मानिरहेका थिए । त्यस्तो स्थितिमा यस्तो प्रश्नले वीरबल कयै घबड़ाए । दिमागमा उत्तर बोलाउनको लागि बगलको दलानमा उनी टहल्न लागे । यत्तिकैमा उनको नजर तल लडौटी मात्र लाएको गरीबमाथि प-यो, जो दुवै हातका मुठी बेसरी कसेर काखीमुनि थिची लुग-लुग काम्दै बसिरहेको थियो । त्यो देखेबित्तिकै वीरबलले चट बादशाहलाई भने-यस वेला जाड़ो केवल दुई मुट्ठी छ ।

प्रमाणस्वरूप जब वीरबलले बादशाहलाई उस गरीबतिर हेर्न लगाए त साँचै नै वीरबलको प्रामाणिक उत्तरले बादशाह अति हर्षित भए । यस्तो प्रकारले वीरबलले जाड़ोको परिमाण केवल दुई मुठी नै साबित गरे ।

६-सूर्य पश्चिममा किन लुक्छन् ?

एक दिन अकबर र वीरबल एकान्तमा बसेर घरवास्ताको कुरा गरिरहेका थिए, सूर्य पश्चिममा किन् लुकछन् ? बादशाहले जवाब दिए-यस्तो प्रश्न कुनै मुर्खसित गर्नू । वीरबलले भने कि-यसै-उसले ता हलूरसँग

सोधेको हूँ । यस्तो बात सुनी बादशाह दङ्ग परे ।

७-जाति बदल्न कसरी सकिन्छ ?

सधै झै एक दिन बादशाह वायु सेवनका लागि जंगलतिर नगएर यमुना नदीका तीरतर्फ तेर्सिए । वायुसेवनको समय सरसता-सित समाप्त गर्नका लागि वीरबललाई उनले साथमा लिए । जब ती दुवै यमुना नदीको घाटमा पुगे त धेरै नै पण्डा र बाहुनहरू सन्ध्या गरिरहेका थिए । त्यस्तो देखेर बादशाहले वीरबललाई भने-वीरबल ! मलाई पनि सन्ध्या गर्न सिकाइद्यौ ।

तब वीरबलले नम्रतापूर्वक उत्तर दिए-आदरणीय सम्राट! सब जातिहरूको सन्ध्या अलग-अलग हुन्छ, हजुरका लागि नमाज नै हितकर छ र अर्को कुरो यौटा जातिले अर्को जातिको सन्ध्या गर्ने हक पनि राख्दैन ।

बादशाह आफ्नू जिद्दीका पक्का हुनाले फेरि भने-वीरबल, अब तिमी मलाई ब्राह्मण बनाइद्यौ, तर यो सन्ध्या गर्नचाहिं अवश्य सिकाइद्यौ ।

वीरबल पनि ब्राह्मणै थिए, भला ! उनी यौटा मुसलमानलाई आफ्नू जातिमा कसरी मिलाउन सक्थे, भलै, त्यो राजा होस् या रंक ! केही सोची विचारीकन वीरबलले यस कुराको उत्तर भोलि पर्सितिर दिनेछु भने। बादशाह पनि राजी भए ।

अर्को दिन बिहाने बादशाहको बातको उत्तर दिन वीरबल घाटको नजीकै कुमालेहरूका पास गए र इनाम

आदि दिएर अह्राए कि तिमीहरू तीन चार जना मिलेर आज साँझ यौटा गधालाई घाटमा लगेर नुहाइरहनू जबसम्म बादशाह र म त्यस बाटोबाट गुज्रदेनौं तबसम्म तिमीहरूले त्यस गधालाई नुहाइरहनू ।

सन्ध्या-भ्रमणका लागि उस दिन वीरबलले बादशाहलाई जानी बुझी त्यही बाटोबाट लिएर गए, जुन ठाउँमा उनले कुमालेहरूलाई गधालाई नुहाइरहन अह्राएका थिए । गधालाई त्यसरी मली-मलीकन मिहिनेतपूर्वक धोइरहेको देखेर बादशाहले ती कुमालेहरूलाई सोधे कि तिमीहरू घरिघरि यस गधालाई किन सयरी न्वाहिरहेका छौ ? उत्तरमा उनीहरूले वीरबलले सिकाएको अनुसार भने- हामीहरू आज रगडी-बुकुवाले नुहाएर यसलाई कैली गाई बनाइरहेका छौ ।

तिनीहरूको यस्तो कुरो सुनेर बादशाह त अलमल्ल परेर हाँस्दै वीरबललाई भने-अक्किलका दुश्मन यी मूर्खहरू बेकारै बुद्धिलाई लाठी लिएर लघारिरहेका छन्-कहीं गधा पनि बकुवाले नुहाएर कैली गाई बन्न सकेछ ?

वीरबल पनि अवसर चुक्रेवाला थिएनन् , तुरुन्तै भने भारत सम्राट ! यदि गधालाई कैली गाई बनाउन सकिदैन भने एक मुसलमानलाई कसरी ब्राह्मण बनाउन सकिएला ? अनि बादशाहलाई त्यसको रहस्य समझमा आयो र उनी चुप लागे ।

त्यसपछि वीरबलले फेरि भने-

'स्वधर्ममा मर्नु बेस' अर्को धर्म नमान्नू' अर्थात् मर्नै परे पनि आफ्नै धर्म बेस हुन्छ, करोड़ौ रुपियाँ पाए पनि अर्काको धर्म परिणाममा खतरनाक हुन्छ । यसैले भनेको पनि छ-

'जहाँ धर्म उही जय ।' अर्थात् आफ्नै धर्ममा रहनाले नै मनुष्यको कल्याण छ । वीरबलका यस्ता कुराले बादशाह खुशी भए ।

८-मैले उसलाई बिर्सिदिएँ ?

एक दिन बादशाहले भने- "वीरबल ! तिम्री स्वास्नी अति राम्री छिन्" यो सुन्नासाथ वीरबलले जवाब दिए-मैले पनि यस्तो ठानेको थिएँ, तर हजूरकी बेगम साहिबालाई जुन दिन देखेथें, त्यही दिनदेखि मैले उसलाई बिर्सिदिएँ ।

९- धायीको छोराको रिस ?

बचपना चकचके अकबरलाई कुनै धायी दूध पिलाउँथी, उसको आफ्नू यौटा छोरो पनि थियो' त्यो धायी ती दुवैलाई साथसाथै दूध पियाउने गर्थी, ती दुवै साथै बढ़े । किन्तु समयको फेर, अकबर भए बादशाह, दूधे भाइ भयो कर्तव्य-परायण सांधारण एक कर्मचारी । फेरि पनि अकबर उस दूधे भाइलाई असाध्यै प्यारो गर्दथे र सधै आफ्ना नजीकै नै राख्तथे। त्यो दूधे भाइ पनि उनीसित बचपनको झै नै प्रेम गर्दथ्यो। यस्तैमा कुनै दिन बिहानै सम्राट् अकबर मह खाइरहेका थिए, वीरबलले उनलाई

खान लागेको देखेर क्यै परै बसेका बेला अकबरको दूधे भाइ पनि उहाँ आइपुग्यो र सोध्न लाग्यो कि– 'बादशाह के खाइबक्सिदै छ' वीरबलले तत्कालै उत्तर दिए 'बादशाह गुहू खाइबक्सँदै छ ।'

त्यस दूधे भाइलाई त्यो कुरो कत्ति पनि मनपरेन र अवसर परेको वेलामा उसैले एकान्तमा धेरै बढ़ाई–चढ़ाईकन वीरबलले भनेको कुरो बादशाहलाई सुनाइदियो । त्यसको त्यस्तो कुरो सुनेर बादशाहले आफ्नू मनमनमा सोचे समझे कि यस सम्बन्धमा वीरबललाई क्यै भन्नु उचित छैन । किनकि हाम्रो पाक (पवित्र) भाषा फारसीमा शहदलाई (गुहू) भन्दछन् र यसै पनि हेर्ने हो भने शहद मौरीहरूको मैला नै हो। तैपनि उनले दूधे भाइलाई भने कि अच्छा, यसबारे वीरबलाई दण्ड दिइनेछ ।

कुनै अरू व्यक्तिसित कुराकानी गर्दा त्यस दूधे भाइलाई आफ्नू गल्ती थाहा भयो, किन्तु उ चुपै रह्यो। बादशाहले अर्को दिन दरबारमा वीरबललाई भने कि तिम्रो पनि कुनै दूधे भाइ छ ? वीरबलले तुरुन्तै भने–जहाँपनाह! छ । यदि हजूरको हुकूम हुन्छ भने म अहिल्यै उसलाई हाजिर गरूँ । बादशाहले स्वीकार गरेपछि वीरबलले यौटा बाछोलाई सजाएर दरबारमा हाजिर गरे र भने कि यही मेरो दूधे भाइ हो, किनकि यसकी आमाको दूध म पनि पिउँछु र उ पनि पिउँछ।

वीरबलको पाण्डित्यपूर्ण उत्तर सुनेर सबै दरबारीसहित

अकबर अति प्रसन्न भए ।

१०- कसरी छोड्ने प्रान ?

एक दिन अकबर र वीरबल केही मानिस शिकारीहरू साथमा लिएर शिकार खेल्न वनतिर लागे। शिकारका खोजमा निकै टाढा पुगेछन् । यसै बीचमा बादशाहलाई बड़ो तिर्खा लाग्यो । संयोगले पानी खोज्दै दुवै जना एक इनार-नगीच पुगे । इनारका नजीकै छेउमा पनेर्नीहरूल गाग्रो राखा परेको एक सानू खाल्डोमा अन्दाजी आधा छटाक पानी जमेको र त्यहीनेर स्यालका भाले पोथी मुर्दा भै पडिरहेको देखे। बादशाहले यताउता हेरेर वीरबलसँग सोधे-

घाऊ देखिनँ अङ्गमा,
कसको लाग्यो बान ।
झट्ट बताऊ वीरबल,
कसरी छोड़े प्रान ?

यस्तो प्रश्न सुनी वीरबलले चारैतिर नजर बिछाए, खाल्ड़ोको पानी देखासाथ तिनले विचार गरे कि थोरै पानी देखेर 'तँ खा, तिमी खाऊ' भन्दाभन्दै माया गर्ने भएका स्यालका भाले-पोथीले आफ्नू ज्यान दिएछन् । यही कुरो पक्का ठानी बादशाहलाई जवाब दिए-

जल थोरै, माया निकै,
लाग्यो प्रीतको बान ।
खा तै, तिमी खाऊ भनी,

दिए दुवैले प्रान ।।

आफ्नू दोहाको जवाबमा य माथि लेखिएको दोहा सुरेर अकबर बहुतै खुशी भई वीरबललाई आफ्नू सवा लाख रुपियाँको औठी बक्सिस दिंदा भए ।

११- गुहु खाने गोरु

सडकमा यौटा गोरु गुहु खान लागेको थियो, संयोगले अकबरको नजर उतै पऱ्यो र निजले ठट्टाको चालसित वीरबललाई भने- 'देख्यौ वीरबल, तमाशा ? तिमी गाईलाई माता भन्दछौ, माताको लोग्ने यो गोरु तिम्रो बाबु भयो, आज उही गुहु खान लागिरहेछ । वीरबलले यस्ता कुरा सुनी बिन्ती चढ्दाए-गरीबप्रवर ! हुकुम भएको वाजबी हो, तर यसले आफ्नू धर्म छोडेर हिजोआज मुसलमानी धर्म ग्रहण गरिरहेछ । यस्तो सुनी अकबर केही बोल्न नसकी मौन हुँदा भए ।

१२- कस्मा चढ्छौ ?

कुनै दिन बादशाह अकबर र मंत्री वीरबल दुवै जना शिकार खेल्न गएका थिए । फर्कदाखेरि साँझ पऱ्यो, साथमा कयै खाने-पीने चीज पनि थियो । बादशाहको नास्ताको बखत भैसकेको थियो । यसकारण भोकले उनलाई छटपटी भैरहेको थियो । अनि आफ्नू लाचारी उनले वीरबललाई भने ।

वीरबल कट्टर सनातनधर्मी थिए । उनी अन्टसन्ट खाने चीज लिएर कहाँ राख्दथे र ? संयोगले अलिकता

चना उनले आफ्नू रुमालमा राखिलिएका थिए, त्यसैबाट केही बादशाहलाई दिए । चना खाइसकेपछि दरबारतिर फर्कनका लागि जसै उनले घोड़ामा चढ्न रिकापमा पयर राखे यतिकैमा घोड़ा जोड़ले हिनहिनायो । यसरी घोड़ा हिनहिनाएको देखेर बादशाहले वीरबललाई घोड़ा हिनहिनाउने कारण सोधे ।

तब तुरुन्तै वीरबलले भने- जहाँपनाह ! घोड़ाले देख्यो कि हजूरले उसको खुराक चना खाइदिबक्सियो, यसैले अब उ सोधिरहेको छ कि- 'हजुरले मेरो खुराक खाइबक्सियो, अब केमा चढ्छौ ?' वीरबलको व्यङ्ग्य बुझेर बादशाह मन्मनै मुस्कुराउँदै रहे ।

१३- दुई महीनाको एक महीना

एक दिन अचानक आफ्नू बादशाहीको घमण्ड गरी आफूलाई प्रभुका गिन्तीमा दरी- वीरबललाई भन्दा भए कि सुन्यौ वीरबल ! मैले आजदेखि बाह्रौं दिनको अर्थात् दुई महीनाको एक महीना गराएँ । वीरबलले उत्तर दिए- 'अन्नदाता ! उसो भए बड़ो आनन्द हुन्छ, अबदेखि महीना दिनसम्म जून (चाँदनी) लागिरहन्छ कि! यस्तो सुनेर बादशाह शर्मिन्दा भए ।

१४- धर्सो छोटो पार्नु

एक दिन लहड़मा बादशाह अकबरले जमीनमा चौटा धर्सो कोरे र सबैलाई भने कि यसलाई काँट-छाँट नपारीकन छोटो पार्नु छ । त्यस काममा सारा दरबारिया

हरू असफल भए । अन्तमा वीरबलको पालो आयो । बादशाहले उसै गरी उनलाई पनि उस्तै गर्न भने । वीरबलले तुरुन्तै त्यस धर्सोको तल अर्को लामो धर्सो तानेर भने 'हजूर ! अब हजूरको धर्सो छोटो भयो ! वीरबलको यस्तो प्रतिभाशाली बुद्धिमत्ता देखेर बादशाह बहुत प्रसन्न भए ।

१५- दुई जुत्ता

एक दिन अकबरले उटुङ्ग्याइँ गरी बीरबलको जुत्ता लुकाइदिए । घर जाने बखतमा वीरबल आफ्नू जुत्ता खोज्न लागे । विलम्ब भएको देखी अकबरले एक नोकरलाई हुकूम दिए-करिमबक्स, वीरबललाई मेरो तर्फ बाट दुई जुत्ता दे ! हुकूम पाई नोकरले अघि लुकाएको जुत्ता ल्याएर वीरबललाई पहिराइदियो । आशीर्वाद गरेर वीरबलले प्रार्थना गरे- 'परमेश्वरले हजूरलाई इहलोकमा यस्तै हजार जुत्ता दिऊन ।' यस्तो सुनी बादशाहले खित्का छाड़ी हाँसे ।

१६- दादः हजूरस्त

एक दिन अकबर बादशाह र वीरबल हावा खान बाहिर बगैचामा टहलिरहेका थिए । यत्तिकैमा बादशाहलाई ठट्टा गर्न मन लाग्यो र उनले आफ्नो घोड़ातिर इशारा गर्दै भने कि 'भाइ ! अश्वपितर शुभास्त ।' अर्थात् यो घोड़ा तिम्रो बाबु हो ।

वीरबलले उनको मनसाय बुझेर भने- 'दादः हजूरस्त

।' याने यो हजूरले दिएको हो, अथवा यसको अर्को अर्थ हो कि- "दादा' हो । बादशाह यस्तो द्व्यर्थी उत्तर सुनेर चुप लागे ।

१७- तिमी बडा मूर्ख रहेछौ

एक दिन दरबारमा बादशाहका अगाडि वीरबलले पाधे । यस्तो बेअदबी देखेर रिसाई बादशाहले भने- वीरबल ! तिमी बड़ा मूर्ख रहेछौ ।' बीरबलले जवाब दिए- 'दयासागर ! पहिले बड़ो बुद्धिमान् थिएँ, तर हिजोआज मनको मोजले मूर्खहरूको संग- साथ गर्दा अलि बानी बिग्रिरहेछ । यस्तो जवाब पाई बादशाह लज्जित भए ।

१८- सबभन्दा श्रेष्ठ नाई

एक दिन अकबर बादशाहले वीरबललाई सोधे कि- 'वीरबल ! यस संसारमा सबभन्दा श्रेष्ठ व्यक्ति को हो ? बादशाहलाई आशा थियो कि वीरबलले सबभन्दा श्रेष्ठ मलाई नै बताउँछन् , परन्तु उनको उत्तर त अर्कै सुनेर बादशाह दंग परे । वीरबलको सानू उत्तर थियो-'नाई' अर्थात् संसारमा सबभन्दा श्रेष्ठ नाई हो ।

वीरबलले भन्दैमा बादशाह मान्न तयार थिएनन् । उनले एकाएक भने- 'कसरी ?' वीरबलले उत्तर दिए-'हे पृथ्वीपति ! नाईलाई छोड़ेर यस्तो कुन व्यक्ति छ जो सरकारलाई आफ्ना पयरतिर निहुराओस् र जता चाह्यो उतै हजूरको टाउको घुमाइदेओस् ।'

बादशाह यस्तो उत्तर सुन्न पाएर धेरै धेरै खुशी भए।

१९-पाँच प्रश्नको एकै उत्तर

एक दिन बादशाहले वीरबलसँग भने- 'हे वीरबल! आफ्नू बुद्धिको चमत्कार देखाई पाँच प्रश्नको एक उत्तर बताऊ ।

प्रश्न यी हुन् :-

१-पान सडोस्

२-घोडा अडोस्

३-भुलियोस्- विद्याभ्यास

४-रोटी डढोस्

५-पेट सुम्लोस्

क्या- हो उत्तर खास ?

वीरबलले सबैको एक जवाब दिए 'नफेर्नाले'। किन हुकूम हुन्छ भने सुनिबक्सियोस्- पान दिनको दिन नफेर्नाले कुहुन्छ, घोड़ालाई बराबर नफेर्नाले अडियल हुन्छ, पढ़ेको पाठ दिनहुँ नफेर्नाले बिर्सिन्छ, तावाको रोटी नफेर्नाले डढ्छ, पिसाब नफेर्नाले पेट सुम्लन्छ । यस्तो जवाब सुनेर अकबर बहुतै प्रसन्न भए ।

२०- चतुर र मूर्ख

बादशाहले एकपल्ट वीरबलसित सोधे-'चतुर र मूर्खको पहिचान के हो ?' वीरबलले भने-अवसरमा जसको बुद्धि काममा आउँछ अर्थात् जसले युक्तियुक्त उत्तर दिन सक्दछ

त्यो चतुर हो र यसको विपरीत अर्थात् जो हाजिर जवाब दिन सक्तैन त्यो मूर्ख हो ।

२१- वीरबल पारस हुन्

एक वर्ष संयोगले ईरानका बादशाहसित अकबरको भेट भो र निजले अकबरसँग प्रश्न गरे-'के तपाईं सित पारस ढुंगो छ ?

यस प्रश्नको उत्तरमा अकबरले वीरबलको हात समाती ईरानका बादशाहसँग भन्न लागे-पारस नामको मणि यिनै हुन् । यिनले फलाम छोए स्वर्ण हुन्छ, सो कसो गरी भने सुन्नुहोस् -

दौलत· पाउँछ उद्यमी पुरुषले जो बुद्धि झिक्ला यहाँ।
दौलत् भो जब पासमा उहि पुरुष् प्रख्यात् छ जाहाँ तहाँ।।
अक्कल्को सब खेल् छ यस् पृथिविमा सोही दिन्या मित्र हुन्।
छोड़ी यिन्कन आज 'पारसमणी' अर्को बताऊँ कउन् ।।

यस्तो सुनेर ईरानका बादशाहले 'ठीक हुकूम भयो' भनी कबूल गरे ।

२२-चतुर मित्र नै पारस हो

एकपल्ट फारस देशको बादशाहसित बादशाह अकबरको बातचीत भयो । दुवै बडो प्रेमपूर्वक मिले। कुशल समाचारको बाद फारसका बादशाहले भारतका बादशाह अकबरसित सोधे-"के तपाईंसित पारस छ?"

उत्तरमा बादशाह अकबरले वीरबरलको हात समातेर फारसका बादशाहको हातमा दिंदै भने कि मसँग भएको

पारस यही हो । यति भनेर आफ्नू उत्तरको पुष्टिका लागि यो दोहा सुनाए-

उद्यमैले लक्ष्मी मिल्छिन् मिल्छ धनले मान ।
दुर्लभ पारस हो जगमा, मिलनू मीत सुजान ।।

बादशाह अकबरको उत्तरले फारसका बादशाह अत्यन्त प्रसन्न भए ।

२३- झगडाको घर हँस्सी हो

एक दिन प्रातःकालमा अकबरले वीरबलसँग भने-हे वीरबल ! हिजो राति मैले एक अपूर्वको सपना देखेथें, कस्तो भने कुत्रि कहाँ हो म ता अत्तरको कुण्डमा पौडिरहेको रहेछु, तिमी भने विष्टा (गुहु) को पोखरीमा खसेका रहेछौ । यस्तो ठट्टाको कुरा सुनी वीरबलले बिन्ती चढ़ाए- 'गरीबप्रवर ! मैले पनि ता त्यही सपना देखेको थिएँ, फरक कति हुकूम हुन्छ भने मैले हजूरको आङ-सुँघ्न लागेथें, हजूरले मेरो जीउ सुँघ्न लागिबक्सिएथ्यो।' वीरबलको यस्तो जवाब पाई लाल मुख गराई बादशाह अकबरले मौन धारण गरे ।

२४- दिनेवालाको हात तल

एक दिन बादशाहले वीरबललाई सोधे कि- वीरबल, प्रायः यस्तो देखिन्छ कि दिनेवालाको हात सधै मास्तिर र लिनेवालाको हात सधै तलतिर रहन्छ, किन ? यस्तो किन भएको हो ?

वीरबलले भने-लेकिन कहिलेकाही यसको उल्टो

पनि हुन्छ । बादशाहले भने-'त्यो कसरी ?'

वीरबलले बिन्ती बिसाए-नाकमा नस लिदाँखेरि नस नाकलाई दिनेवालाको हात तलतिर रहन्छ, नस लिनेवाला नाकको हात (अधिकार) मास्तिर रहन्छ ।

२५- कुखुरी कॉ, कुखुरी कॉ

वीरबललाई अकबरले शर्ममा पार्नका लागि सबै भारदारहरूसँग सल्लाह गरेर एक डोलची कुखुराको फुल मगाई उनीहरूलाई एक-एक ओटा बाँडिदिए । त्यस दिन केही आफ्नू घर-वास्ताको काममा लागी वीरबललाई दरबार आउँदा केही विलम्ब भयो । काम सकेर उनी दरबारमा हाजिर भए ।

बादशाहले वीरबलसँग भने-मित्र ! हिजो मैले एउटा आश्यर्चको सपना देखेथें, कस्तो भने एउटा फकीर आई हे बादशाह ! तिम्रो बागको बीचमा जो गुलाबजलले भरिएको कुण्ड छ, त्यसमा ठूलो करामात छ । जो आफ्नी बन्धुको असल छोरा होला उसले त्यस कुण्डमा डुबुल्की लगाई एउटा कुखुराको फुल लिई बाहिर आउला, जो कमअसल दोग्ला होला उसले कुण्डमा चराको फुल काहाँ पाउला र?

यसैमा मेरो निद्रा खुल्यो र तिमी आएपछि यसको जाँच गराउँला भनी निश्चय गरेको छु । आज अकस्मात् हाजीर हुन बेर लगायौ । खैर, केही बात छैन ।

बादशाहले बनावटी सपनाको बात बताई सबै दरबारीहरूलाई कुण्डमा एकाएक गोता मारी फुल ल्याउने

हुकुम दिए । पालैपालोसित कुण्डमा गोता लगाई दरबारीहरूले एक-एक ओटा फुल ल्याउँदै अकबरलाई देखाउँदा थए । यस्तो देखेर वीरबल पनि कुखुराको फुल पाउनाको आशालें कुण्डभित्र पसे, तर फुल फेला परेन । वीरबल कुखुराको फुल नपाई कुण्डमा खडा भै बादशाहतिर हेरी 'कुखुरी कॉ, कुखुरी कॉ' गर्न लागे । वीरबलको यो चाल देखी ताजूब मानी बादशाहले सोधे- 'वीरबल ! यो कस्तो चाला हो ?

वीरबलले फेरि 'कुखुरी कॉ' भनेर उत्तर दिए कि जहॉपनाह ! ई सबै फुल पार्ने कुखुरीहरूमा एक ठूलो भाले कुखुरो पनि नभै हुँदैन । यस्तो जवाब सुनी सबै भारदारहरूको मुख शर्मले लाल भयो, अकबर पेट मिचीमिची हॉस्न लागे ।

६- जसलाई सूर्य र चन्द्र देख्न पाउँदैनन्

कुनै दिन वीरबलका बगलमा बसेर बादशाह कुरा गरिरहेका थिए । अचानक उनलाई वीरबलको बुद्धिको परीक्षा लिने सूझ सुझ्यो र सोधे-'वीरबल ! संसारमा यस्तो कुन चीज छ, जसमा सबैको नजर पर्दछ, परन्तु चन्द्रमा र सूर्य देख्न सक्दैनन् । वीरबललाई बोल्न बिलकुलै बल परेन, तुरुन्तै भने- जहॉपनाह ! 'अन्धकार !' कुरो साँचो थियो ।बादशाह चुपो लागे किनकि माकूल (उचित) उत्तर मिलको थियो ।

२७- संसारमा लोग्लेमानिस धेरै छन् कि स्वास्नीमानिस ?

अकबरले यही माथि लेखिएको प्रश्नको उत्तर वीरबलसित माँगे । बादशाहको प्रश्न सुनी तिनले त्यही खड़ा रहेको बादशाहको एक बैठके ख्याजातिर औलो ठड्याई उत्तर दिए- पृथ्वीपति ! सुनिबक्सियोस्-

संसारमा पुरुष नारि गनेर हेर्दा ।
टोटल् बराबरि थियो अघि अंक कोर्दा ।
ख्याजा अगाडि सरि गिन्ति दिया बिगारी ।
हूकूम् हओस् यिनी पुरुषहरु हुन् कि नारी ।।

वीरबलको यस्तो कुरा सुनी गैरह मुसाहेब सर्दारसहित बादशाह हाँस्न लागे, त्यहाँ मौजूद रहेका सबै ख्याजाहरू लाज मानी निस्केर भागे !

२८- आधा साझा

एक समयमा अकबर र वीरबल साथसाथै कहीं गइरहेका थिए । वीरबल गौर-सँग भूमिमा हेर्दै गइरहेका थिए । यस्तो देखेर बादशाहले वीरबललाई सोधे- 'वीरबल, भूईमा के हेरिरहेका छौ ?

वीरबलले उत्तर दिए- 'मेरा पिताजी यसैमा हराउनुभएको छ । तब बादशाहले भने- 'यदि मैले खोजिदिएँ भने !' तब वीरबल भने 'हजूरको र मेरो आधा साझा।' बादशाह मरी-मरी हाँस्न लागे ।

२९-कोही सुखी र कोही दुःखी किन छन् ?

एक दिन अकबरको मनमा यही माथि लेखिएको प्रश्न उठ्यो र निजले वीरबललाई सोधे-'वीरबल ! यस संसारमा कोही सुखी र कोही दुःखी किन छन् ? वीरबलले तुरुन्तै एक दोहा बनाई बिन्ती चढाउँदा भए-

राम सदा झ्याल्मा बसी सबको हेर्छन् काम ।
जस्को जस्तो चाकरी उस्तो दिन्छन् दाम ।।

यस्तो उत्तर पाई बादशाह प्रसन्न भए ।

३०- छालाको जुत्ता किन लाउँछौ ?

एक दिन बादशाहले वीरबललाई सोधे कि तिमी हिन्दुहरू गाईलाई माता भन्दछौ, फेरि उसै गाईका छालाको जुत्ता किन लाउँछौ ? वीरबलले उत्तर दिए-हजूर, ब्राह्मणको पयर पवित्र मानिन्छ, उसको स्पर्शले प्राणीमात्रको कल्याण हुन्छ । यसै कारणले म उसका छालाको जुत्ता लाउँछु ।

३१- जाडो कत्तिको छ ?

जाड़ोको मौसममा एक दिन जाडो निकै चम्केको थियो । अकबरले वीरबलालई सोधे- 'हे ब्राह्मण-पुत्र! जाड़ो कत्तिको छ ?' वीरबलले बिन्ती चढ़ाए- हे हुमायूँ पुत्र ! बादशाह ! जम्मा जाड़ो दुवै मुट्ठी छ । हाँसेर बादशाहले सोधे-'जम्मा दुई मुट्ठी जाडो

कसरी?

वीरबलले त्यही समयमा महलमा काम गर्ने अहीरलाई देखाई बिन्ती चढ़ाए हजूर ! नजर हओस् यो मानिस आफ्नू दुवै हातले मुट्ठी बटारी काखीमुनि हालेर जान लागिरहेछ, वास्तवमा जाड़ो दुवै मुट्ठी छ। प्रमाण पाएपछि बादशाहले 'हो' भन्नैपऱ्यो ।

३२- साँचो र झूटोमा अन्तर

एकपल्ट अकबर बादशाहले वीरबललाई 'साँचो र झूटोमा कति अन्तर छ ?' भनेर सोधे । बादशाहको यस्तो प्रश्न सुनेर वीरबलले तुरुन्त उत्तर दिए कि- 'जति अन्तर आँखा र कानमा छ ।'

यसको उत्तरको आशय बादशाहले सम्झन सकेनन् र उनले यसको खुलासा गर्नका लागि वीरबलालई भने।

वीरबलले भने- 'कानले सुनेको झूठो र आँखाले देखेको कुरो साँचो हुन्छ ।' कुरो साँचो थियो, बादशाहलाई वीरबलको यस उत्तरले चित्त बुझ्यो ।

३३- सुखी को हो ?

एक दिन सभाभवनमा अकबरले वीरबलसित सोधे 'हे वीरबल ! संसारमा सुखी को हो ?' वीरबलले बिन्ती चढ़ाउन लागे- गरीबप्रवर ! ज्यूँदो मानिस सुखी कहाउँदैन किन्तु जो मानिस मरेर जान्छ उसैलाई सुखी ठान्नुपर्छ किनभने जो मानिस आज सुखी छ, उसलाई भोलि कस्तो विपत्ति आइपर्छ, यो कसैले जान्न सक्तैन,

यसै-उसले ज्यूंदो मनुष्यलाई सुखी मात्रु हुँदैन, मानिस मरेरै सुखी हुन्छ ।

३४- संगतको फल

बादशाह र वीरबल दुवै प्रगाढ़ मित्र थिए । कुरा गर्दा खेरि अचानक अनजानमा वीरबलको मुखबाट कुनै अपशब्द निस्क्यो । बादशाहले केही क्रोधपूर्ण र केही वीरबलको हँसी उड़ाउनका निम्ति ख्याल गरेर भने-तिमी दिन प्रतिदिन बदतमीज (बेशउर) हुँदै गैरहेका छौ । उत्तरमा तुरुन्तै वीरबल बोले-जहाँपनाह ! संगतको फल सबैमाथ पर्छ । त्यो अब ममाथि पनि पर्न शुरू गर्न लागिरहेछ । बादशाह यो उत्तर सुनेर स्वयं निरुत्तर भइगए ।

३५-ऊँटको घाँटी किन टेढो ?

एक दिन अकबरले ठूलो कोही जागीर वीरबललाई दिउँला भनी कबूल गरेर पनि बहालीका बखतमा आफ्नू घाँटी फर्काएका थिए । केही दिनपछि ऊँटले गर्दा टेढो गरी हेर्दै हिंड्दा जान लागेको देखी वीरबललाई सोधे कि 'हे वीरबल ! ऊँटले घाँटी किन टेढो पारेको? वीरबलले हात जोरी बिन्ती गरे-'यसले पनि कसैलाई जागीर दिन्छु भनी कबूल गरेको होला । यस्तो जवाब पाउनासाथ बादशाहले झलक्क आफ्नू प्रतिज्ञा सम्झेर अलिक संझिएझै गरी वीरबललाई अघि दिउँला भनेको चीज दिंदा भए ।

३६-दुइटा गधाको भारी

बादशाह, वीरबल र शाहजादा प्रातःकालमा हावा खानका लागि घुम्न निस्के । मौसम बड़ो बढ़िया थियो। प्रातःकालीन मन्द सुगन्ध समीर सर-सर-सुस्त बहिरहेको थियो । यस्तो वातावरणमा उनीहरू घुम्दै-घुम्दै कुरा गर्दै-गर्दै धेरै परसम्म पुगे ।

फर्कदाखेरि जब ज्यादा गर्मीले गर्दा घाम हुन लाग्यो तब बादशाहले आफ्नू कोट उतारेर वीरबलको काँधमा राखिदिए र महलतिर कदम बढ़ाउन लागे ।

क्यै पर पुगेपछि शाहजादाले पनि आफ्ना बाबूको देखासिकी आफ्नू कोट पनि उतारेर वीरबललाई दिए । यस्तो देखेर व्यङ्ग्यपूर्ण लब्जमा अकबरले वीरबललाई भने कि वीरबल ! अब त जरूरै यौटा गधाको भारी तिमीमाथि होला । प्रत्युत्तरमा वीरबलले भने-'हैन महाराज! दुइटा गधाको भारी छ ।' बादशाहले आफ्ना छोराको सामनेमा नै वीरबलको मुखबाट यस्तो उत्तर सुनेर चुपचाप कुनै कुरै नगरी महलमा आए । वीरबल मनैमन अत्यन्त प्रसन्न थिए।

३७- सुक्ख पाइन्छ कैले ?

एक दिन सभा-भवनमा बसेका बेलामा अकबरले वीरबललाई अह्राए-'हे वीरबल ! 'सुक्ख पाइन्छ कैले? यस समस्यालाई खासा सग्धरा छन्दमा श्लोक बनाई अहिल्यै पूर्ति गरी सुनाऊ ।'

वीरबलले हुकूम पाउनासाथ सुनाउँदा भए :-

पानी माटो मिलाई मुछि कुटि
पहिले चक्रमाथि घुमाया ।
चर्को घाम्मा सुकाई आगो गरि
बलियो भट्टिमा पोल्न लाया ।
लाल भै निस्किस् र प्यारी रसवतिहरुको
कम्बरेमा कम्बरैमा करैले।
बस्छस् सुख्को मजा ली दुख नसहि घड़ा !
सुक्ख पाइन्छ कैले?

वीरबलको असाधारण बुद्धिको तारीफ र समस्या मूर्ति गराइको ढाँचाको सहनी सबैले गर्दा भए । अकबरबाट त्यस दिन वीरबलले लाख रुपियाँ इनाम पाए ।

३८-हजूर गधा आउँछन् ?

बादशाह अकबरलाई उदास अवस्थामा बस्न मन लाग्दैनथ्यो । राज्य-कार्यबाट अवकाश पाउनेबित्तिकै मनोविनोदले नै मन बहलाउने गर्थे ।

एक दिन यस्तै विनोदमा बादशाहले वीरबललाई कसैको स्वाङ बनाउने आदेश दिए । यस्तो आदेश दिएर बादशाह अन्तै जान लागे । अन्त जान लागेका बादशाहलाई जानेर वीरबलले तुरुन्तै बेलदारको जस्तो पोशाक पहिरेर साथमा गधाहरू लिएर त्यस बाटोबाट गइरहेका थिए । जाँदाजाँदै बाटैमा नै त्यो गधावाला भेट भयो । अटेर त्यस गधावाललाई झपार्दै, बादशाहले हकारे- 'ए निःशंक गधावाला ! किन गधा किनारा लाउँदैनस् ? तब बेलदार

भेषधारी वीरबलले मुस्कुराउँदै भने- म त कराउँदै आइरहेको छु कि 'हजूर ! गधा आउँदै छन् ।' बादशाह यो उत्तरले शर्मिन्दा भए ।

३९- आधा हजूरलाई

एक दिन बादशाह अकबर र मन्त्री वीरबल कही जाने सूरले बाटोमा हिंडिरहेका थिए । हिड्दाहिंड्दै वीरबल रस्तामा कमिला कुल्चिएला भनी भैमा हेर्दै बचाउँदै जान्थे । वीरबलले शिर झुकाई हिंडेको देखेर अकबरले प्रश्न गरे- 'वीरबल ! भैमा के हेर्दै हिंड्छौ ?' दयासागर ! धरतीमा मेरा बाबा हराउनुभएको थियो । बादशाहले भने- 'मैले खोजेर भेट्टाइदिएदेखि के देउला ?'

वीरबलले तुरुन्त उत्तर दिए- 'आधा हजूरलाई ।' यस्तो जवाब पाएर अकबरलाई हाँसो उठ्यो ।

४०- हजूरले त कोया पनि खाइबक्सेछ

एक दिन बादशाह अकबर र उनकी मनपरेकी बेगम बसेर आँप चुसिरहेका थिए । वीरबल पनि उही बसिरहेका थिए । बादशाह आँप चुस्दै जान्थे र कोयाचाहिं बेगमको कोयामा नै राख्दै जान्थे । जब दुवै जनाले आँप खाइसके त बादशाहका सामने यौटा पनि कोया बोक्रा थिएन र बेगमको बगलमा भने बहुतै थियो ।

बादशाहले बेगमलाई बेखुशी पार्ने उद्देश्यले भने- "हेर वीरबल ! बेगम साहिबा कस्ती खञ्चुवी छन् यिनले कोया र बोक्राको यत्रो थुप्रो लाइछन् ।" तब वीरबलले

हाँस्तै भने-प्रभु ! कसलाई ख्वाज्वा भन्ने । सरकारले त बोक्रा कोया सारा खाइबक्सिएछ । वीरबलको यस्तो कुरो सुनेर बादशाह शर्माए, परन्तु बेगमचाहिं जो पहिले बादशाहको बातले शर्माएकी थिइन्, उनी अहिले खुशी भइन् ।

४१- विधाताले ख्वाजाहरूलाई किन बनाए

एक दिन दर्बारमा धेरै ख्वाजाहरू भेला भएका थिए । तिनीहरूलाई देखेर बादशाहले वीरबलसँग सोधे 'हे वीरबल ! विधाताले लोग्ने मान्छे र स्वास्नीमानिसलाई ता विषय भोग गर्नाको लागि सृष्टि गरे, तर यी ख्वाजाहरूलाई विधाताले किन बनाएका हुन् ? यसको उत्तर देऊ ' बादशाहको यस्तो प्रश्न सुनी वीरबलले तुरुन्तै बिन्ती चढाउँदा भए-'गरीप्रवर! सुमिरन अर्थात् भजन गर्नाका लागि' यस्तो उत्तर सुनी बादशाह बड़ो खुशी भए। ख्वाजाहरूलाई वीरबलदेखि रिस उठ्यो ।

४२-गधा सुर्ती खोज्नु

कुनै दिन राजमहलको चौतारामा दुवै पुराना मित्र अकबर र वीरबल उभिएर कुराकानी गरिरहेका थिए र वीरबलचाहिं सुर्ती बनाइरहेका थिए । सयत्रे केही पर्तिर सुर्तीको सानू खेत थियो, जहाँ यौटा गधा घाँस चरिरहेको थियो । यो देखेर बादशाहलाई फेरि व्यंग्य गर्न मन लाग्यो, उनले वीरबललाई भने हे वीरबल महाशय ! तिमी

यो के खाइरहेका छौ ? जुन चीज गधा पनि खाइरहेको छैन । वीरबलले बादशाहको व्यंग्य बुझेर उत्तरमा मुस्कुराउँदै भने कि-हजूर ! गधा सुर्ती खाँदैनन् ।

४३- सवालको जवाब

एक दिन दर्बार लागेका बखतमा अकबरले वीरबललाई सोधे-'हे वीरबल ! मेरा दुई सवालको एकै उत्तर दिन सक्छौ ?' वीरबलले बिन्ती चढ़ाए 'हुकूम होस्, कोशिश गर्न बाँकी राख्नेछैन ।' यस्तो सुनी बादशाहले सोधे, हे वीरबल !

पूजा किन रोकियो, धोबी किन झोकियो ?

वीरबलले बिन्ती चढ़ाए-गरीप्रवर ! धुप थिएन । यस्तो जवाब सुनी अकबर प्रसन्न भए ।

४४- त्यस बेलादेखि बिर्सेको

बादशाह अकबरले कुनै बेला हास्य व्यंग्यमा मुस्कुराउँदै वीरबलसित भने- 'वीरबल ! वास्तवमा तिम्री पत्नीको चेहरा चम्किलो छ र साहै सुन्दर छ ।' यस्तो सुनेर वीरबल कसरी चुप रहन सक्थे र ! उनले मुखभरिको जवाब दिए । वीरबलले बादशाहलाई भने कि महाराज ! जबदेखि हजूरकी बेगम साहिबाको चन्द्रमा जस्तो चेहरा देखें, त्यस बेलादेखि मैले आफ्नी पत्नीलाई बिर्सेको छु । म आफ्नी पत्नीको सुन्दरताको तुलना उहाँको सुन्दरतासँग कहिल्यै पनि गर्न सक्तिनँ ।

अकबर मनमनै गम खाएर रहिगए, बेकारमा नै मैले

यो प्रश्न वीरबलसित गरेछु भन्ने लाग्यो ।

४५- जवाबमा चमत्कार

एक दिन दर्बारमा अकबरले वीरबललाई सोधे-

बजेन सीतार किन यो जनाऊ ?
न्वाहीन नारी किन भेद बताऊ ?

बादशाहको यस्तो अनौठा प्रश्न सुनी वीरबलले उत्तिखेरै श्लोकको दुई हार बनाई जवाब सुनाउँदा भए-

बुद्धी ठुलो चीज नगर्नु हेला ।
थिएन पर्दा बुझिबक्सिएला ।।

अकबरले यो जवाब सुनी प्रसन्न भएर वीरबललाई लाख रुपियाँ इनाम दिए ।

४६-तपाईको पालो कसरी आउँथ्यो

बादशाहले वीरबलसित भने कि बादशाहीपन कायम रहिरहने भए कति बेस हुन्थ्यो, अर्थात् जो बादशाह हुन्छ सधै उही शासन गर्ने थियो ।

यस्तो सुनेर वीरबलले तत्काल स्वाभाविक नम्रतापूर्वक उत्तर दिए कि हजुर बिल्कुलै ठीक फरमाइबक्सिन्छ, सरकारले यस्तो सोच्नु वाजिब र उचित पनि हो । तर सरकार ! गल्ती माफ हुन्छ भने एक बिन्ती चढ़ाऊँ । बादशाहले आज्ञा दिए । वीरबलले भने जहाँपनाह ! यति त सोचिबक्सियोस् कि यदि बादशाहीपन रहिरहने भए यतिखेर यहाँ अरू नै शासन गरिरहेको हुन्थ्यो । अनि हजूरको पालो कसरी आउँथ्यो ?

वीरबलको तर्कसंगत त्यस व्यंग्यलाई बुझेर बादशाह चुप लागे ।

४७- वनस्पतिको बीज

एक दिन अकबरले आफ्ना मुसाहेबहरूलाई प्रश्न गरे- 'वनस्पतिको बीज भनेको क्या हो, कस्तो हुन्छ?'

यो कुरा सुनी सबै जना मुखामुख गर्न लागे । कसैले पनि जवाब दिन सकेन । वीरबलसँग बादशाहले यही कुरो सोधे र वीरबलले आफ्नू हातमा अलिकति पानी हाली त्यसलाई पृथ्वीमा सेचन गरी बिन्ती चढ़ाए, 'हजूर ! बनस्पतिको बीज यही हो ।' सबै जनाको चित्तबुझ्दो भयो र प्रसन्न भए ।

४८- हजूरले मलाई चाट्न लागनुभो र मैले हजूरलाई

एक दिन वीरबललाई धेरै लज्जित पार्नका लागि बादशाहले भने कि ए वीरबल ! आज राति मैले यौटा यस्तो सपना देखें कि हामी दुवै उडेर गैरहेका थियौं । एकाएक हामी दुवै तल खस्यौं । तल खसेपछि मैलें कि म महको कुण्डमा रहेछु र तिमीचाहिं गुहुको कुण्डमा । यत्तिकैमा झल्यॉस्स बिउँझें ।

वीरबलले भने-'अरे नभन्नोस् हजूर ! मैले पनि त्यही सपना देखें, परन्तु कुण्डमा गिरेपछि पनि म ब्यूँझिएको थिइनँ, सपनैमा देखें कि बड़ो कोशिशको पछि

हामी दुवै आफाफ्नू कुण्डबाट बाहिर निक्ल्यौं अनि मलाई हजूरले चाटिबक्सियो तथा हजूरलाई मैले।' वीरबलको कुरो सुनेर बादशाह अकबर यति शर्मिन्दा भए कि जसको केही हद छैन ।

४९-बाठो को हो ? मुर्ख को हो ?

एक दिन बादशाही सभामा राजकाजको कुराकानी भैसकेपछि बादशाहले वीरबलसँग प्रश्न गरे-वीरबल ! चालाक हो र कि मुर्ख हो ?

वीरबलले उलिखेरै बिन्ती चढ़ाए-धर्मावतार, जसको जुक्तिको लागोस उ चालाक हो, जो फस्छ उ मुर्ख हो । यस्तो उत्तर पाइ भाइभारदार समेत बादशाह छक्क पर्दा भए ।

५०-खिजाब लाउनु उचित छैन

एक दिन अकबरले आफ्नो केशमा खिजाब लगाइरहेका थिए । त्यसै मौकामा वीरबल पनि त्यहीं हाजिर थिए । बादशाहले वीरबललाई सोधे-वीरबल ! खिजाब लगाउनाले दिमाग (गिदी) लाई कुनै तरहको नोक्सान त पुग्दैन ? वीरबलले यस्तो कुरा सुनी बिन्ती चढ़ाए-'गरीप्रवर, खिजाब लाउनु उचित छैन, खिजाब लाउने मानिसको दिमागै हुँदैन।'

यस्तो कुरा सुनी त्यस दिनदेखि बादशाहले कपालमा खिजाब लाउनै छोडिदिए ।

५१-घटाउने अनौठा विधि

एक दिन अकबरले दरबारियाहरूलाई सोधे कि बाह्रबाट चार घटाउँदा कति बच्छ ? तुरुन्तै वीरबलले भने 'खाक' । बादशाह हैरान, सारा दरबारी हैरान । आखिर यो कसरी हुन्छ ? उत्तरको सन्तुष्टिका लागि वीरबलसँग सोधियो । उनले उत्तर दिए कि यदि सालका बाह्र महीनाबाट चार महीना वर्षा ऋतुका घटाइदियो भने बाँकी 'खाक' नै त बक्दछ । किनकि यदि वर्षा भएन भने फसल हुँदैन र यदि फसल भएन भने अनाज उब्जदैन, अनाज उब्जिएन भने सारा जीव मर्नेछन् । यस कारण 'खाक' नबचे के बच्छ त ?

घटाउने यस अजब विधिलाई देखेर बाँकी सारा सभासद वीरबलको बुद्धिमा छक्क परे किनकि बाह्रबाट चार घटाउँदा आठ बच्तछ, यो सबैले जान्दछन् । सोझे कुरा छ । यस्तो प्रश्नलाई यसरी घुमाएर ठीक चित्तबुझ्दो जवाब दिन सक्नु न यौटा प्रखर प्रतिभाशाली बुद्धिको प्रभाव हो ।

५२-गाईको महिमा

एक दिन अकबरको अगाडि गाईको तारीफ हुन लागेको थियो, यसै बीचमा एक कोही मुसलमान सर्दारले वक्तृता (लेक्चर) दियो कि हाम्रो शास्त्रमा पनि गाईको दूध आरोग्यता बढ़ाउने अर्थात् तन्दुरुस्ती कायम राख्ने हो भन्ने लेखिएको छ (अरबी बोलीमा गाईलाई 'बकर'

भन्दछन्) यस्तो सुनेर अकबरले वीरबलसँग आँखा जुधाई मुसुक्क हाँस्ता भए ।

५३-हजूरलाई हजार जुत्ता

बादशाह अकबर दरबारमा बसेका थिए, यत्तिकैमा कुनै बिना-कारण नै मजाक गर्न लाग्यो र उनले नोकरलाई भनेर एक जोड़ा नयाँ जुत्ता मगाएर वीरबलको जुत्ताचाहिं लुकाईदिए । अनि बादशाहले कुनै काममा खटाएर वीरबललाई बाहिर पठाए । यसकारण वीरबलले दरबारबाट बाहिर जानुपऱ्यो । जब वीरबल बाहिर निस्केर यताउति जुत्ता खोज्न लागे न बादशाहले हाँस्तै नोकरलाई आज्ञा गरे कि वीरबलका जुत्ता हराएछन्, उनलाई नयाँ जुत्ता दे ! नोकरले त्यसै गऱ्यो । नयाँ जुत्ता लाएर वीरबलले धन्यवाद दिदै भने कि-परमात्माले यो एक जुत्ताको बदलामा परलोकमा हजूरलाई हजार जुत्ता दिऊन् । वीरबलको बात बुझेर बादशाह नतमस्तक भए ।

५४-राज नहुनाले

एक दिन अकबरले वीरबललाई सोधे-वीरबल ! भत्केको घर किन तैयार भएन ? राजा किन उदास भयो? वीरबलले अकबरका दुवै प्रश्नको एक उत्तर बिन्ती चढ़ाए गरीप्रवर ! राज नहुनाले ।

५५-यस्तो सवाल कुनै मूर्खसित गर्नू

एक दिन वीरबलले अकबरसित सोधे कि जहाँपनाह

(जगत्रक्षक), अरू दिशाहरूमा सूर्य किन निस्कँदैनन् ? पूर्वबाट मात्रै किन निस्कन्छन् ।

वीरबलको यस्तो प्रश्न सुनेर बादशाहले भने कि 'यस्तो सवाल कुनै मूर्खसित गर्नुपथ्यो ।' तब वीरबलले भने -'यो सोचेरै त मैले श्रीमान्सित निवेदन गरेको हुँ ।' बादशाह आफ्नू कुराले यति परास्त भए, यति शर्मिन्दा भए कि जसको कुनै हद छैन ।

५६-बाहुनलाई फाँसीको हुक्म

एक दिन बादशाहले कोही एक ब्राह्मणदेखि रिसाई त्यसलाई फाँसीको हुक्म दिए । त्यही अवसरमा वीरबल आए । तिनलाई देखेर बादशाहले ठान्दा भए कि अवश्य तिनले बाहुनलाई बचाउन मसँग सिफारिश गर्नेछन् । त्यसै उसले अकबरले मौका छोपी वीरबललाई सुनाउँदा भए-हे वीरबल, त्यस ब्राह्मणका बारेमा तिमीले मसित केही नभन्नू, कदाचित् भन्यौ भने मैले त्यसका बिरुद्ध क्रोध गर्नेछु । यो सुनेर वीरबलले हात जोरेर बिन्ती चढ़ाए-अन्नदाता, अवसर माफ पाऊँ । उसो भए ब्राह्मणलाई अवश्यमेव फाँसी बक्सियोस् । यस्तो कुरा सुनी बादशाहले वचनको पालन गरी ब्राह्मणलाई छोडिदिए, त्यो ब्राह्मण मुखले बादशाहको र भित्र हृदयले वीरबलको जय मनाई आफ्नू घर जाँदो भयो ।

५७-तपाईको पालो कसरी आउँथ्यो

बादशाहले वीरबलसित भने कि बादशाहीपन कायम

रहिरहने भए कति बेस हुँन्थ्यो, अर्थात् जो बादशाह हुन्छ सधै उही शासन गर्ने थियो ।

यस्तो सुनेर वीरबलले तत्काल स्वाभाविक नम्रतापूर्वक उत्तर दिए कि हजूर बिल्कुलै ठीक फरमाइबक्सिन्छ, सरकारले यस्तो सोच्नु वाजिव र उचित पनि हो । तर सरकार ! गलती माफ हुन्छ भने एक बिन्ती चढाऊँ! बादशाहले आज्ञा दिए ।

वीरबलले भने-जहाँपनाह ! यति त सोचिबक्सियोस् कि यदि बादशाहीपन रहिरहने भए यतिखेर यहाँ अरू नै शासन गरिरहेको हुन्थ्यो । अनि हजूरको पालो कसरी आउँथ्यो ? वीरबलको तर्कसंगत ब्यंग्यलाई बुझेर बादशाह चुप लागे ।

५८-मलको अर्थ क्या हो ?

एक दिन कोही पंडित मुसलमानले राजा टोडरमलसँग सभा-भवनमा प्रश्न गऱ्यो कि राजा साहेब, संस्कृतमा 'मल शब्दको अर्थ क्या हो ?'

यस्तो प्रश्न सुनी राजा टोडरमलले ता केही उत्तर दिन सकेनन् , तर उनको पक्ष लिई वीरबलले जवाब दिए, सर्दार अब्दुलबेग (मलमूत्र निः सरण) को जुन अर्थ हो उही अर्थ, मल शब्दको पनि हो ।

यस्तो मुहतोड़ जवाब पाई पृच्छक साह्रै लज्जित भयो ।

५९-दियो तल अँध्यारो

बादशाह र वीरबल रोजिन्दा महलको छतमाथि बसेर सूर्योदयको शोभाको अवलोकन गर्ने गर्दथे ।एक दिन यसै गरी बसेर सूर्योदयको छटाको दृश्य हेरिरहेका थिए, यत्तिकैमा तल यस्तो होहल्ला भयो कि दुवैको ध्यान उतै खिंचियो । जब दुवैले तलतिर हेरे त छक्क परे । केही चोरहरू कुनै बटोहीको मालताल लुटेर भागिरहेका थिए, चोरिने व्यक्ति कोहोलो मच्चाई कराइरहेको थियो ।

बटोहीले तलैबाट करायो-'जहाँपनाह ! सरकारका महलको तलतिर नै यस प्रकारको लूट भइरहेको छ, मेरो रक्षा गरिबक्सियोस् ।

बादशाहको इशारा मात्रको देर थियो, सिपाही दौडिहाले। त्यतिञ्जेलसम्म चोरहरू आफ्नू काम पूरा गरेर रफूचक्कर भैसकेका थिए । यस घटनाले बादशाहलाई काफी दुःख भैरहेको थिया । तब एकाएक वीरबललाई भने-'हाम्रा महलकै तलतिर यस्ता प्रकारले मुसाफिर लुटिनु कस्तो शर्मको कुरो हो !

बादशाहको ठीक थिएन । क्यै बेर वीरबल बिलखबन्द रहे । तर फेरि बदशाहले उही प्रश्न दोहोऱ्याए-काले उनले बिन्ती चढ़ाए-जहाँपनाह ! बत्ती-तल अँध्यारो रहनु स्वाभाविक गुण हो । सरकारले यसलाई हटाउन सक्नुहुन्छ ।

वीरबलको उत्तर सही थियो, बादशाह खुशी भए। यात्रीलाई धन दिएर बिदा गरे । यात्री पनि बादशाहलाई धन्यवाद दिँदै गयो ।

६०- संसारका मूर्ख

एक दिन अकबरले वीरबललाई सोधे-'वीरबल, दुनियाँमा मूर्खहरूको के बथानै हुन्छ ? यसको जवाबमा वीरबलले बिन्ती चढ़ाए-'यो कुरा ता थाहा छैन, तर हजूर एकलै हुनाले नहड्बडाइबक्सिएला ,अरू पनि साथी निस्कनेछन् । आफूलाई पेच हानेको बुझी लाज मानी अकबरले मौनता धारण गर्दा भए ।

६१- हर-हमेशा को चलिरहन्छ

कुनै दिन दरबारमा बेकार बसिरहेका बादशाहले दरबारीहरूसँग सोधे कि-हरहमेशा को चलिरहन्छ ? बादशाहको यस्तो उक्ति सुनेर कुनै दरबारीले भने 'सूर्य', कसैले भने-'चन्द्रमा' त कसैले भने 'पृथ्वी'। यहाँसम्म कि कुनै कुनै दरवारियाले त जनावरको नाम पनि लिए । तर बादशाह कसैको उत्तरले पनि संतुष्ट भएनन् ।

वीरबल बिलकुल चुपचाप बात सुनेर बसिरहेका थिए कि बादशाहले यो प्रश्न जरूर मलाई पनि सोध्नेछन् । बादशाहले उनलाई उत्तिखेरै सोधे पनि । वीरबलले बडो नम्रतापूर्वक विनयसित बिन्ती बिसाए कि 'महाराज ! बनियाँको सूद (ब्याज) हमेशा चलिरहन्छ। बादशाह यस उत्तरले एकदम सन्तुष्ट भए । तर उक्त दरबारीहरूले फेरि

विनयपूर्वक बिन्ती चढ़ाए-'महाराज, हाम्रो उत्तर पनि त बेठीक छैन । सूर्य, चन्द्रमा, पृथ्वी पनि सधै चलि नै रहन्छन् ।'

बादशाहले ती सबैलाई यसरी बुझाए कि तपाईहरूले जो उत्तर दिनुभयो त्यो त सर्वसाधारण सबैले जानिराखेकै कुरा हो । वीरबलले जोकसैको ध्यानमा नचढेको उत्तर दिए त्यो अरू कसैले सितिमिति दिन सक्दैन । ठीक हो-'बनियाँको ब्याज हमेशा चलिरहन्छ ।'बुद्धिमान्हरूले यस्तै किसिमको उत्तर दिनुपर्छ ।

दरबारीहरूले हर्षपूर्वक बादशाहको बात स्वीकारिलिए ।

६२- अंगूर चोर्ने चोर

एक दिन अकबर र वीरबल दुवै जना कोही सुन्दर बगैचामा घुमी-घुमी सैर गर्न लागेका थिए ।दैवसंयोगले त्यसै बखत कोही नचिनेको मानिस बगैचामा पसी अंगूरी लहरानेर गै अंगूर चोर्न लागेको रहेछ । त्यसलाई देखी वीरबलले हप्काउँदा भए-'खबरदार ! के गर्न लागिरहिछस्! त्यसले हड्बडाई जवाब दियो- 'हजूर ! झाड़ा फिर्न लागिरहेछु ।' यस्तो उत्तर पाई वीरबललाई रीस उठ्यो र सोधे-'ए उल्लू ! कहाँ फिरिस् !' चोरले चलाकी गरी खेतमा मल हालेको अलिकति गोबर हातले उठाई वीरबललाई देखाउँदो भयो । गोबर देखेर वीरबलले भने-'ए गोरु ! यो त गोबर पो हो, तेरो गुहु ता हैन ।' त्यसले हात

जोरी बिन्ती चढ़ायो-'ख्वामित, हजूरले हप्काउनासाथ साह्रै डर लागी मानिसले दिसा गरेझै गरी हग्न सकिनँ र गाई-गोरूले हगेझै गरी हगेछु ।' यस्ता कुरा सुनी वीरबललाई हाँसो उठ्यो, अकबर बादशाह भने पेट मिची-मिची हाँस्न लागे ।

६३- झख मार्छन्

एक दिन बादशाह मोजका लागि यमुना नदीमा बल्छी थापेर माछा मारिरहेका थिए । उही वीरबल साहेब पनि मौजूद थिए । संयोवश वीरबललाई बादशाहको कुनै सन्देश बेगमकहाँ पुऱ्याउनुपऱ्यो । त्यसकारण, वीरबल गए र सन्देश बेगमलाई सुनाए ।

यसै सिलसिलामा बेगमले वीरबललाई सोधिन् कि बादशाह के गर्दै छन् ! वीरबलले उत्तर दिए-'झख (ष) मार्दै होइबक्सिन्छ ।' वीरबलको रुखो उत्तर सुनेर बेगमलाई बड़ो नराम्रो लाग्यो र बादशाह दरबारमा आउनेबित्तिकै उनले उनको शिकायत गरिन् ।

त्यो कुरो सुनेर बादशाह अकबर रातोपीरो ए र तुरुन्तै नै वीरबललाई शाही दरवारमा हाजिर ह हुकूम दिए । राजाको आज्ञा पाएर वीरबल तुरन्तै हाजि भए।

बादशाहले क्रोध भरिएका शब्दमा सोध-वीरबल! तिमीले बेगमसित मेरा बारेमा के भनेका थियौ ? तब वीरबलले भने कि 'बादशाह झख (ष) मार्दै होइबक्सिन्छ, यही त भनेको थिएँ । मैले यसमा खराब के भनेको छु

र ! त्यस बेला तपाईं झख नै त मार्दै होइबक्सन्थ्यो। माछालाई हाम्रो संस्कृतमा 'झख' भन्दछन् ।

यस्तो सुनेर बेगमलाई सन्तोष भयो र बादशाहको क्रोध पनि शान्त भयो ।

६४- दौलत हाजिर छ

एकदिन बादशाहले आफ्नू 'दौलत' भन्ने आठपहरियादेखि रिसाएर निकालिदिए । त्यो साह्रै दिक्दार भएर अन्त कही गुहार माँग्न नगै, सोझै वीरबल भएका ठाउँमा गई बिन्ती गऱ्यो, हे देवान साहेब ! बादशाह मेरा उपर साह्रै नाराज भएर मेरो जागीर-समेत खोसिदिए । मेरा बाल-बच्चाको पालन-पोषण गर्न मलाई कठिन पऱ्यो । हजूर दयानु हुनुहुन्छ, मैले के गरेदेखि प्रसन्न भै बादशाहले मलाई फेरि उही साबिकको जागीर थामिबक्सिन्छ ! हजूरबाट ज्ञान पाऊँ ।

वीरबलले त्यसका उपर दया गरी भने- तँ सोझै बादशाही फाटकमा गै 'दौलत हाजीर छ, रहोस् कि जाओस्' भनी हाजिरी पुऱ्याउन पठा, बादशाहले राख्नेछन्, तैले निराश हुनुपर्दैन ।'

वीरबलको युक्ति दौलतका मनमा बढ़िया लाग्यो। उसले उत्तिनैखेरि बादशाहकहाँ हाजिर भई बिन्ती चढ़ायो-'बादशाह सलामत ! दौलत हाजिर छ , रहोस् कि जाओस् ! यस्तो कुरा सुनी प्रसन्न भएर अकबरले हुकूम दिए- 'बादशाही दरबारमा दौलतले रहनैपर्छ ।'

दौलतले बादशाहलाई सलाम गरी मनमनै वीरबललाई धन्यवाद दिन लाग्यो । धन्य वीरबल, बुद्धिमान्का शिरताज तिमी नै हौ ।

६५- बेवकूफहरूमा पहिलो नाम बादशाहको

एकपल्ट अरब देशको व्यापारी अरबी घोड़ा लिएर अकबर बादशाहको दरबारमा आयो । बादशाहलाई घोड़ा मन परेर उनले सबै घोड़ा किने । अनि फेरि उस घोड़ाको व्यापारीलाई सय रुपियाँ अग्रिम दिएर अरू पनि घोड़ा ल्याउने आदेश दिए ।

यस्तैमा एक दिन बादशाहले भने कि संसारमा मूर्ख त धेरै छन् , तर तिनमध्ये जति चपाट मूर्ख (बज्रमूर्ख) छन् तिनका नामको तालिका म हेर्न चाहन्छु। वीरबलले बादशाहको आज्ञा स्वीकार गरे अनि बज्रमूर्खहरूको नामतालिका तयार पार्न अर्को कोठामा गए । अलि बेरपछि केही नामको सूची बादशाहको सामने आयो ।

त्यस सूचीमा शुरूमा आफ्नै नाम देखेर बादशाहलाई अति आश्चर्य लाग्यो । उनले सोधे- वीरबल ! तिमीले बेवकूफहरूको सूचीमा सबभन्दा पहिले मेरो नाम किन लेख्यौ ?

वीरबलले तुरुन्त उत्तर दिए- पृथ्वीपति ! नचिनेको, नजानेको, न त ठेगाना नै थाहा पाएको व्यापारीलाई एक सय रुपियाँ अग्रिम दिलवाएर के हजूरले मूर्खता गरिबक्सेन?

यदि उसले घोड़ा लिएर आएन भने तब त्यस-बारेमा हजूर के गरिबक्सन्छ ?

त्यस्तो सुनेर बादशाहले मनमा आफ्नू गलती त अवश्य नै महसूस गरे, तर हार नमान्नको लागि उनले भने-'यदि त्यो व्यापारी घोड़ाहरू लिएर आयो भने ?

तब वीरबलले तुरुन्तै भने-मुर्खहरूको सूचीबाट हजूरको नाम हटाएर त्यस ठाउँमा उसै व्यापारीको नाम लेखिदिन्छु । यस उत्तरले त बादशाह झन् लज्जित भए ।

६६- दिने मानिसको हात तल

एक दिन अकबरले सभामा वीरबललाई सोधे-वीरबल! जब कोही मानिसले कसैलाई केही चीज दिन्छ, त्यस बेलामा दिने मानिसको हात माथि र लिने मानिसको हात मुनि हुन्छ । के कैलेकाहीं यसको उल्टो अर्थात् लिने मानिसको हात माथि र दिने मानिसको हात तल पनि पर्न सक्छ ? यस्तो सुनी वीरबलले अकबर बादशाहलाई बिन्ती चढ़ाए-'गरीप्रवर! कैलेकाहीं दिने मानिसको हात मुनिबाट हुन्छ, लिने मानिसको हात माथि हुन्छ ।

अकबरले आश्चर्य गरी सोधे-वीरबल ! यो कुरो कसो गरी हुन्छ, तिमीले खुलासा गरी बिन्ती चढ़ाऊ । वीरबलले निवेदन गरे- पृथ्वीनाथ ! नस दिंदाखेरि दिने मानिसको हात मुनि पर्छ, नस लिने मानिसको हात माथि पर्छ । यस्तो ठीक जवाब सुनी अकबर बहुत प्रसन्न हुँदा

भए ।

६७- हासूँ कि रोऊँ

एक दिन शाही दरबारमा खूब सजावट थियो । फारसका प्रसिद्ध विद्वान्हरू भारत भ्रमण गर्न आएका थिए । उस दिन राजदरबारमा उनीहरूको स्वागत थियो। सभासद्हरू एकत्रित थिए तर अहिलेसम्म बादशाहको सवारी भएको थिएन । कसैलाई पनि बादशाह नआउनाको कारण थाहा थिएन ।

एकैछिनपछि फारसका ती प्रसिद्ध विद्वान् जसलाई अनुपस्थिति हुनाले राजा वीरबलले नै उनको स्वागत गरेर उनलाई उचित आसनमा बसाए । बादशाहको बाटो सबै हेरिरहेका थिए, तर आउने कुनै लक्षण देखिएको थिएन ।

केही बेरपछि सभाभवनमा यौटा व्यक्तिले प्रवेश गऱ्यो र समस्त दरबारीहरूलाई सम्बोधन गर्दै बोल्यो कि 'आज बादशाही आमाको स्वर्गवास भयो' भनेर उ ठाडै खुट्टा फर्कियो ।

यसको केही क्षणपछि अर्को यौटा व्यक्ति सभामा प्रवेश गऱ्यो र भन्न लाग्यो कि मन्त्रिवर हो ! तहाईंहरू सबैलाई बधाई छ । आज ईश्वरका कृपाले बादशाहको राजदरबारमा शाहजादा जन्मिबक्सियो । यसरी एकै समयमा सुख र दुःखका दुई समाचार एकैचोटि प्राप्त भए ।

६८- घोडा के गर्न लागिरहेछन् ?

एक दिन अकबर र वीरबल शिकार खेल्न जाँदा

लावा लश्कर धेरै टाढा छुटे, उनीहरू दुई जना घोड़ा दौड़ाई चैनपूर भन्ने गाउँको पनेरामा आइपुगे । बादशाहलाई पानीको तृषा लागेको थियो । तर मुखमा हाल्ने केही चीज थिएन । वीरबलले घोड़ाको दाना-मध्येको चना झिकी बादशाहलाई दिएर आफू पनि चना टोक्र लागे। यसै अवसरमा त्यसै गाउँका ४/५ ओटी षोडशी स्त्रीहरू पानी लिन भनी काखीमा गाग्रो च्यापी मत्ताहात्तीले हिंडेझैं गरी ढल्की-ढल्की हिंड्दै त्यही पनेरामा आइपुगे। त्यस मौकामा घोड़ाले हिनहिनाई मुख लाग्यो र अकबरले ठट्टाका तौरसँग तिनै देहाती तरुनीहरूलाई सोधे-'ए पट्ठी हो ! हेर त घोड़ा के भन्दछन् । बादशाहका यस्ता कुरा सुनी यौटी छटेकी तरुनीले मुसुक्क हाँसेर जवाब दिई-'अरू थोक के भन्थे, घोड़ा यो भन्दछन कि तिमीहरूले मेरो दाना ता खान लाग्यौ अब के हाम्रो फलानू थोकमा चढ़ेर जान्छौ ! यस्तो कुरा सुनी बादशाह पेट मिची मिची हाँस्न लागे ।

६९- वीरबल साँवला किन ?

एकपल्ट जब वीरबल दरबारमा पुगे त सबैलाई बड़ो मलिन देखे । आफनू ठाउँमा केही बेर बसेपछि वीरबलले यसको कारण सोधे ।

बादशाहले भने कि तिम्रो कुरूपता र कालोपना देखेर सबैलाई हाँसो उठ्छ र सबै सोचिरहेका छन् कि आखिर वीरबल यति काला किन भए !

वीरबलले भने-हजूरलाई थाहा छैन ? बादशाहले भने-पहिल्यै बताइदिएका भए त थाहा भैहाल्थ्यो नि ! वीरबलले भने कि जब ब्रह्माले सृष्टि रचे त रूख-पात, बोट पोथ्रा, जीवजन्तु, नर-नारीका साथ-साथ रूप, धन, बल र बुद्धि पनि रचे । चारै चीजको अलग-अलग बजार थियो । मनुष्यलाई बनाएर उनी उस बजारमा छोडिदिन्थे र भन्दथे कि चाँडचाँडै चारै चीज आफू-आफू इच्छानुसार लेओ ! हजूर र हजूरका दरबारी पनि उस बजारमा पुगे र म पनि पुगें । तपाईंहरूले धन, बल र रूपको बजारमा धेरै समय लगाइदिनुभयो, लगाई के दिनुभयो उसैमा तपाईंहरू भट्किरहनुभएको थियो । तब सम्मा म पनि बुद्धिको बजारबाट बुद्धि लिएर उहीं आइपुर्गे, परन्तु थाहा भयो कि अब तिमी रूप, बल र धन लिन सक्नैनौ किनकि निर्धारित समय बितिसकेको छ । तपाईहरूको पनि त्यही दशा भयो, केवल रूप नै हात लाग्यो, बुद्धिसित भेट हुनै पाएन ।

बादशाहले बुझिहाले कि वीरबलले आफू चातुर्यले राम्रा जतिलाई मूर्ख भन्ने साबित गरिदिए । त्यस दिनदेखि फेरि कहिल्यै पनि वीरबलको कालो रूपको चर्चा गरिएन।

७०- अकबरको नमाज

एक दिन अकबर बादशाह शिकार खेल्न जंगलमा गएका थिए । संयोगले साथका मानिसहरू पछि पर्न गए, उनीहरूलाई खोज्दाखोज्दै मध्याह्न भयो र अकबरले त्यस

जंगलमा बसी नमाज पढ्न लागे । यस्तै अवसरमा यौटी कोमलाङ्गी विरहिनी स्त्री आई बादशाहको कपडामा गोड़ाले कुल्ची आफ्नू धुनमा अगाडि जान लागी र बादशाहले सोद्धा भए-

अक्कल् बुद्धि कता गयो
किन तिमी पागल् सरीकी बनी।
हिड्छ्यो आज बताउ रिस् नगर
क्यै भेद् सोध्छ यस्ले भनी ।।
नीमाज् पढ्छु भनेर वस्त्र
अहिले मैले बिछायाँ यहाँ ।
तिम्ले होश् रतिभर् नराखि
किन हो कुल्चीदियौ त्यस्महाँ ।।

यस्तो प्रश्न सुनी त्यसले उत्तर दिन लागी :-

मन् मेरो पतिमा थियो र
अहिले भेट् गर्न जाँदै थिएँ ।
सच्चा धुन् मनमा भएर
कपड़ा देखीनँ कुल्चीदिएँ।
देख्यौ दाइ! मलाइ कुन् तरहले
यो दिन् नमाज्मा धरी ।
एकछिन् तन्मय दिल् भएन
प्रभुमा पढ्छौ कुरान् क्या गरी ।।

यस्तो जवाफ पाई अकबर लज्जित भए । त्यस स्त्रीलाई दश थान अकबरी असर्फी इनाम दिंदा

भए ।

७१- बाख्रीको तौल नबढोस्

एकपल्ट बादशाहले वीरबललाई यौटा बाखी दिए र भने कि यसलाई प्रतिदिन जति खुराक दिइन्छ अब उप्रान्त उसलाई रोजाना दोबर दिने गर्नू परन्तु आठ दिनपछि म यसको तौल गर्नेछु । खबरदार, यसको वजन एक छटाक पनि बेसी हुन नपाओस् ।

दिनभरि बाखी सरकारी कर्मचारीको देखरेखमा रहन्थ्यो र उसलाई दोबर खुराक दिइन लागियो । साँझमा वीरबल उसलाई आफ्नू घर लिंदै जान्थे र यौटा कुनामा बाँधिदिन्थे। अनि त्यसपछि यौटा मान्छेलाई छुरी दिएर त्यस बाखीको सामने बसाइदिन्थे ।कहिलेकाही त्यो व्यक्ति त्यस बाखीको गर्धनमा त्यो स्याङी दलदाल पनि पार्ने गर्थ्यो ।

बिचरा बाखी डरको मारे छेरेर खएको नखायै हुन्थी। उसलाई छुरी देखेर यति डर हुन्थ्यो कि एक दिनमा ऊ जति खान्थी रातभरिमै डरका मारे उसको रगत उति नै सुक्थ्यो, अर्थात् जो कुछ खान्थी त्यो उसको आङमा लाग्दैनथ्यो । यस्तै प्रकारले आठ दिन बित्यो ।

आठ दिन बितेपछि बादशाहले उसको वजन गराए त पहिलेको वजनभन्दा एक तोला पनि उसको वजन बढ़ेन । यस्तो देखेर अकबर बादशाह छक्क परे । अनि यसको कारण वीरबलसित सोधे ।

वीरबलले सारा कुरो साँचो भनिदिए । अनि बादशाह वीरबलको चतुरतामा काफी खुशी भए ।

७२- कसको जीत हुन्छ

एकपालि लड़ाईंमा सवारी हुँदा अकबरबाट वीरबललाई सोधनी भयो-'हे वीरबल ! युद्धमा हाम्रो जीत होला कि कसो !' वीरबलले बिन्ती चढ़ाए- 'गरीप्रवर ! रणभूमिमा पुगेर बिन्ती चढ़ाउनेछु ।' युद्धका मैदानमा पुग्नासाथ फेरि अकबरले यही प्रश्न गरे र वीरबलले बिन्ती चढ़ाए-'यो लड़ाईंमा हजूरैले जितिबक्सिन्छ ।

'किन, वीरबल !' यो अकबरले सोधे । वीरबलले कारण बयान गरे कि, 'सर्कार ! वैरीको राजा हात्तीमा चढ़ेर आएको छ, हात्ती भनेको बिना कामको बोझो जनावर हो, हेरिबक्सियोस्- न सूँडले हीलो लिई आफ्नै मस्तकमा राख्छ । हजूर घोड़ाका पीठमा चढिबक्सेको छ । घोड़ा भनेको अति फूर्तिवाल जनावर हो, यसै हुनाले यसलाई गाजीमर्द भन्छन् । गाजीमर्दको सवारी गर्ने मर्द अवश्य जय लाभ गर्छ ।'

यस्तो सुनी अकबर अति प्रसन्न भए । वीरबलको वाक्य साँचो भयो । लड़ाईंमा शत्रुको हार भयो, बादशाहले विजयश्री प्राप्त गरे !

वीरबलले बहुतै इनाम लागेको पाए ।

७३-सर्वश्रेष्ठ ऋतु कुन हो ?

वर्षा ऋतु सकिन लागेको थियो र अब शरद्

आपको शुभागमन भइरहेको थियो । मौसम बडो रामो थियो, बादशाहको इच्छा प्राकृतिक दृश्य अवलोकन गर्ने भयो । आफ्ना नवरत्नहरूलाई लिएर उनी यमुना नदीको किनारामा गएर बसे र सबै जना प्राकृतिक दृश्यको अवलोकन गर्न थाने ।

एकाएक ठण्डी बढ्यो र स्थिति यस्तोसम्म भयो कि उहाँ रहन नसकिने भयो र बाध्य भएर बादशाहलाई फेरि राजदरबारमै फर्कनुपऱ्यो । उनको मजलिस फेरि दरबारमा पनि जम्यो । यसै दौरानमा बादशाहले सोधे–छः ओटै ऋतुहरूमा सर्वश्रेष्ठ ऋतु कुन हो ?

सबैले आफ्नू–आफ्नू ज्ञान–अनुसार कसैले कुनै, कसैले कुनै ऋतुलाई श्रेष्ठ बताए । सबैको एकमत हुन सकेन । जब बादशाहलाई कसैको कथनले चित्त बुझ्दैनथियो त उनी वीरबललाई सोध्ने गर्दथे । अनि उनले भने– 'वीरबल, किन तिमी चुप छौ ?

बादशाहको बात सुनेर वीरबलले विनयपूर्वक बिन्ती चढ़ाए–'मेरो समझमा सबै ऋतुहरू आरामदायक छन्, यदि पेट भरिएको होस् त । यदि पेटमा मूसा कुदिरहेका भए, बेस ऋतु पनि बेस लाग्दैनन् । ऋतुको बेसपना र नबेसपना जति गरीबहरूलाई अनुभव हुन्छ, त्यति अमीरहरूलाई हुँदैन ।

'खसको बार बारेर कोठामा बस्ने व्यक्तिलाई जेठका मध्याह्नको चर्को घामले पनि के दुःख दिन सक्छ र !

अनि मकलको आगोले तताएको कोठामा बस्नेहरूलाई घामको तापले पनि के बिगार्न सक्छ र? वीरबलको कथन न्यायसंगत थियो, यस्तो सुनेर बादशाहलाई संतोष भयो ।

७४- हजूर जगत्पिता

एक दिन सभामा यौटी कनकलता भन्ने नाउँ गरेकी वेश्याका पुत्र मुकदमा पेश थियो, अकबर बादशाह ठट्टाका चालसित बार-बार कनकलतासँग यही प्रश्न गर्थे कि भन यो कसको पुत्र हो ? रण्डीको पुत्रको बाबुको के पता थियो र फलानाको छोरो हो भनेर रण्डीले भनोस् । बडो लाज मानी मुण्टो निहुराई रण्डी नाजवाब खड़ा रही। वीरबल भला मौका के खेर हाल्थे, उत्तिनै खेरि बिनती चढ़ाए-

गरीबप्रवर ! हजूर जगत्का पिता होइबक्सिन्छ, यो पनि हजूरैको पुत्र हो । यस्तो जवाब सुनी अकबर लज्जाले पानी पानी भए ।

७५-जुन ईश्वर गर्न सक्तैन त्यो म गर्न सक्तछु

एक दिन बादशाह अकबर आफ्नू समयभन्दा पहिल्यै सभा-भवनमा आइपुगे र प्रत्येक आउँदै गरेका भारदारहरूसित यस्तो प्रश्न गर्न थाले-'जुन ईश्वर गर्न सक्तैन त्यो म गर्न सक्छु अथवा सक्तिनँ ।'

सारा दरबारीहरू यस्तो प्रश्नले सोचमा परे. यदि 'हँ

भनूँ भने 'म के गर्न सक्छु, जो ईश्वर गर्न सक्तैनन्' भनेर सोध्नेछन् । यदि उत्तर दिएन भने पनि ठीक हुँदैन, किनकि आज्ञा पालन नगर्ने अभियोग लगाउन सकिन्छ । यदि 'हैन' भनूँ त शायद बादशाहका नाराजगीको पात्र बनिनुपर्ला। यिनै सब कुराहरू सोचेर सारा दरबारी चुपचाप रहे र क्यै जवाफ पनि दिन सकेनन् ।

आखिरमा जब वीरबल आए त बादशाहले उनीसँग पनि यही प्रश्न गरे । त्यो सुनेर बीरबलले तुरुन्तै उत्तर दिए- जहाँपनाह ! जुन ईश्वर गर्न सक्तैन त्यो सर्कारबाट गर्न सकिबक्सिन्छ ।

तब बादशाहले-कसरी ?

वीरबलले उत्तरमा भने- ईश्वरले सारा दुनियाँ बनाएको हो, हजुरलाई, मलाई र सबैलाई उनै ईश्वरले बनाएको हो । उनी कसैका उपर अप्रसन्न भएर उसलाई देश निकाला गर्न सक्तैनन् । किनकि उनैको त सारा सृष्टि हो । यदि कसैलाई उनले देशनिकाला गरिदिए भने त्यो बिचराले कहाँ जाने ! किन्तु यो काम हजूरका लागि आसान छ, हजूरबाट सो काम हुन सक्छ यदि हजूरले कसैलाई देश निकाला गरिबिक्सियो भने त्यो यस मुलुकलाई छोडेर कुनै अर्के मुलुकमा गएर बस्न सक्तछ ।

बादशाह वीरबलको यस्तो युक्तियुक्त कुरो सुनेर उनको बुद्धिमानीमा अति खुशी भए ।

ईश्वरको प्रधानतामा नै बादशाहको मर्यादा पनि उनले

बड़ो बुद्धिमानीपूर्वक हल गरे ।

७६-मेरो दाह्री उखेल्नेलाई के सजाय दिने ?

एक दिन अकबर बादशाह बेगमका साथमा महलमा बसी नातीलाई काखमा लिई खेलाइरहेका थिए । अकस्मात् खेल्दाखेल्दै त्यस अज्ञान बालखको मनमा के आयो र हात पुऱ्याई बादशाहको दाह्रीबाट २/३ ओटा रौं उखेलिदियो ।

एकछिनपछि अकबर सभामा आएर सुशोभित भए। सबै सर्दार भारदार र मन्त्रिसमेत आई आफ्ना आफ्ना स्थानमा दर्जामाफिक बसिसकेपछि बादशाहले सबै सभासद्का मुख्याञ्जी यही प्रश्न गर्दा भए कि- मेरो दाह्री उखेल्लेनाई के सजा दिउँ ?' यस्तो असजिलो प्रश्न सुन्ना-साथ सभ्यहरूमा खलबली पऱ्यो । कसैले त्यसलाई फाँसीमा झुण्ड्याई मार्नुपर्छ भनी विन्ती चढ़ाए। कसैले कोलमा तेल पेलेझैं गरी पेलेर प्राण लिनुपर्छ भने । तैपनि अकबरको चित्त बुझेन र निजले वीरबलसंग पनि यही माथि लेखिएको प्रश्न सोध्या भए ।

बादशाहका प्रश्नको जवाबमा वीरबलले बिन्ती चढ़ाए-'गरीबप्रवर ! हजूरको दाह्री समाउने मानिसलाई ता, मेरो विचारमा गुलियो वस्तु खान दिनुपर्छ ।

बादशाहले सोधे-किन वीरबल, त्यसलाई मिठाई किन

दिनु ?

वीरबल बिन्ती चढाउँछन् पृथ्वीनाथ ! शाहजादाबाहेक अरू कसैले हजूरको दाहीमा हात लगाउन सक्तैन, यस्ता कुरा सुनी अकबरले भन्दा भए-ठीक हो वीरबल! आज महलमा शहजादाले मेरी दाही समातेको थियो र मैले यो प्रश्न गरेको थिएँ । धन्य तिम्रो बुद्धि ! तिमी बुद्धिका खजाना रहेछौ ।' यति भनी लाख रुपियाँ वीरबललाई पुरस्कार दिंदा भए । अरू सभासद्हरू साह्रै लज्जित भै मुख निहुराउँदा भए ।

७७- कालो नै न्यामत हो

कुनै दिन अकबर र वीरबल टहल्न निस्किएका थिए । बाटामा कालो रोटी टोकिरहेको यौटा कुकुर उनीहरूले देखे । धेरै दिनको बासी रोटी हुनाले धेरै नै कालो भैसकेको थियो । त्यस कुकरले त्यसरी त्यो कालो रोटी मरी मरी टोकिरहेको देखेर अकबरलाई यौटा मजाक गर्न मन लाग्यो । तब अकबरले भने- ए वीरबल ! त्यो कुकुर कालो खाइरहेको छ । वीरबलले उत्तर दिए-'महाराज! उसका लागि त्यो 'न्यामत हो' । बादशाह यो सुनेर शर्मिन्दा त भए, तर प्रकट गरेर भने पनि-'ए वीरबल ! के तिमीलाई थाहा छैन कि मेरी आमाको नाम 'न्यामत' हो, जसलाई तिमी कुकुरलाई खुवाइरहेका छौ ?' तब वीरबलले नम्रतापूर्ण वचनमा बोले-'जहाँपनाह ! आखिर हजूरलाई पनि त थाहा थियो कि मेरी आमाको नाम

'काली' हो, फेरि सरकारले यस्तो कुरो किन कोट्याइबक्सियो! जसले गर्दा मलाई समेत लाचार भएर भन्नुपऱ्यो ।,

बादशाहले भने कि मैले यस इरादाले त भनिनँ, वास्तवमा रोटी कालो थियो र जसलाई कुकुर कोतरिरहेको थियो ! तब वीरबलले भने-'हजूर, मैले पनि कुनै विराम गरिनँ, किनकि उस समय उ उसका लागि न्यामत नै थियो। मेरो मनमा महाराजकी माताका उपर कुनै गलत धारणा थिएन ।

बादशाहलाई यस उत्तरले सन्तोष त भयो, परन्तु गहिरो र दुई अर्थे कुराको कारण चुप रहनमा नै आफ्नू भलाई सम्झे ।

७८-धेर थोर

एक दिन वीरबलले आफ्नी पाँच वर्षकी छोरीलाई साथमा लिएर अकबरकी सभामा प्रवेश गर्दा भए । त्यस मौकामा सर्दार-भारदार, अमीर, उमराव र नवाब शाहजादाले सभाभवन सुशोभित भैरहेथ्यो । अकबरलाई केटा-केटीहरू अति मनपर्ने हुनाले, वीरबलकी छोरीलाई देख्नासाथ डाकेर काखमा राखी सोध्न लागे-'नानी, तिमी कुरा गर्न जान्दछ्यौ।'यस्तो न सुनेर त्यस केटीले जवाब दिई 'म धेर थोर कुरा गर्न जान्दछु।' अकबरले फेरि सोधे-'नानी, धेर-थोरको मतलब क्या हो ? लड्कीले तुरुन्त जवाब दिई-'हजूर, जो मभन्दा ठूला छन् तिनसँग थोर अनि जो मभन्दा साना छन् तिनीसित धेर बोल्न जान्दछु ।' पाँच

वर्षकी केटीको यस्तो बुद्धिमानी कुरो सुनी अकबरले प्रसन्न भएर भनमा विचार गरे 'वीरबलका सन्तान दर्सन्तानलाई हैरानका भरबाट बुद्धिमानी बाँडिएको रहेछ' यति निश्चय गरी अकबरले वीरबलकी छोरीलाई राम्रा चीनियाँ पुतली र मीठा मीठा फलफूल दिई खुशी गसाए । लड़कीले हिंड्ने बेलामा दुवै हात जोरी अकबरलाई ढोगिदिई ।

७९- कृतज्ञ र कृतघ्न

एक दिनबादशाहले वीरबलसित प्रश्न गरे कि यस दुनियाँमा सबभन्दा ठूलो कृतज्ञ र सबभन्दा ठूलो कृतघ्न को हो ?

बादशाहको यस्तो प्रश्न सुनेर वीरबलले भने कि भोलि म यसै बखत यही राजदरबारमा नै यसको जवाब दिनेछु । यसमा बादशाह पनि राजी भए ।

अर्को दिन वीरबल आफ्ना ज्वाईं र आफ्नो कुकुर लिएर दरबारमा हाजिर भए । मान्छे र कुकुरलाई देखेर बादशाह अति आश्चर्यमा परे र सोचे कि आखिर यसको मतलब के हो ! जब यो आश्चर्य सहि नसक्नु भयो तब उनले वीरबललाई सोधे–वीरबल ! यौटा कुकुर र यौटा मान्छे साथमा लिएर आज राजदरबारमा आउनाको मतलब के हो ?

वीरबलले भने–जहाँपनाह, यो कुकुर हो । यो पनि जीवधारी हो । यो अति स्वामिभक्त हुन्छ किनकि यसले आफ्नू मालिको रक्षाको लागि आफ्नू ज्यानको पनि माया

नराखी सेवा गर्छ । रीसले यसलाई कुटिदिइबक्सियो, त्यसपछि माया गरेजस्तो गरेर बोलाउनुभयो भने त्यो कुटाइको परवाह नगरी आफ्नो पुच्छर हल्लाउँदै नजदीकमा आइपुग्छ ।

यसले के पाउँछ र ! मात्र एउटा टुक्रो रोटी अथवा एक गाँस भात, यति थोरैमा पनि यो सन्तुष्ट रहन्छ । यसभन्दा ठूलो स्वामि-भक्त जीवधारीहरूमा यस पृथ्वीमा अरू कुनै छैन भन्न अत्युक्ति होओइन ।

त्यसपछि वीरबले आफ्नो साथमा लगेको मानिसलाई देखाएर भने-सरकार ! यी मेरा ज्वाईं हुन् । ज्वाईंलाई ससुरालीका सबै जनाले सावगासले भेट्टाएसम्म सम्मान दिन्छन्, परन्तु यिनीहरू आफ्ना दाता (सासू-ससुरा) सँग निमोठिएर नै रहन्छन्, यिनको ध्येय केवल आफ्नो मतलब साध्नु मात्र रहन्छ । यसकारण यीभन्दा बढेर अर्को कुनै जीवधारी कृतघ्न खोजे पनिपाइन्न अर्थात् हुँदै हुँदैन ।

यस कुराले बादशाह साहै खुशी भए किनकि वीरबलको कुरा युक्तिसंगत थियो । बादशाहलाई ज्वाईंसँग रीस उठेकै थियो , वीरबलका कुराले आगोमा घीउको काम गऱ्यो । ज्वाईं जति सबैलाई शूली हाल्नप लगाऊ भन्ने हुकूम दिए ।

वीरबलले सुन, चाँदी र फलामको तीनवटा शूली तयार पारी बादशाहलाई नजर गराउन लगे । बादशाहले हेरेर भने यो तीनवटा शूली किन ? यसको उत्तरमा

वीरबलले भने 'एउटा सुनको हजूरलाई, चाँदीको मलाई, यो फलामेचाहिं ज्वाईं लाई' । सरकार, हजुर पनि त कसैका ज्वाईं होइबक्सिन्छ' भनेर भन्दा बादशाह केही लाज मानेजस्तो भए , तर कुरो ठीकसँग भएको हुनाले साह्रै खुशी भएर वीरबलको प्रशंसा गर्दै इनाम पनि दिए ।

८०- अकबरको सुँगा

अकबरलाई कोही एक रस्ता जोगीले खूब बोल्ने सुँगा चढायो, सुँगाले पढेको सुन्दा अकबरको चित्त प्रसन्न भयो र त्यसलाई हेरचाह गर्ने भार संकु ख्वाजालाई दिई अक्षउँदा भए-सुन् रे कमारा ! यो सुँगा ठूलो पण्डित छ खूब पढ्दछ, यसको स्याहार-सम्भार तैले दिल लगाई गर्नू, केही बिरामी हुनेजस्तो छाँट देखासाथ मलाई तुरन्त जाहेर गर्नू , यसमा चुकिस् भने तेरो ज्यूधन जाला जसले 'सुँगा मर्यो' भन्ने खबर कहला उसको पनि टाउको काटिएला । यस्तो हुकूम पाई त्यस ख्वाजाले अकबरको सुँगालाई ज्यान भै प्यारो गरी हेरचाह गर्न लाग्यो । तर जसको मृत्यु आइसकेको छ त्यसलाई कसैले बचाउन सक्तैन । एक दिन सुँगाले मृत्युको पञ्जामा परी फुस्रा आँखा पल्टाउँदो भयो। यो देखेर त्यो ख्वाजाको मुटुले ठाउँछोड्यो, अकबरले अब कालिदाल्छ भन्ने भय मानी वीरबललाई धेरै बुद्धिमान् ठानी ज्यान बचाउने उपाय जान्नको लागि उनकै शरणमा गयो । वीरबलले सुँगाले सिल्टिमुर खायो भन्ने खबर सुनेर त्यस ख्वाजालाई शरणमा आएको देखी साह्रै दया लाग्यो र

उसलाई अभय दिंदा भए । यति काम सकी सरासर दरबारमा गएर वीरबलले बडो हडबडीमा परेझै गरी बिन्ती चढाए-'गरीप्रवर हजूरको सुँगा !' यस्तो सुनी अकबरले हडबडाएर सोधे- के उसको मृत्यु भयो ? वीरबलले बिन्ती चढाए-'हैन सर्कार ! तयस्तो किन हुन्थ्यो, उ त ठूलो योगी पो त रहेछ, आकाशतिर मुख फर्काई पखेटा र खुट्टालाई अलिकति पनि नहल्लाई आफ्नू आँखाको पटल बाँधी चुच्चो बन्द गरी ध्यानमा डुबिरहेछ ।' बादशाहले झर्किएर भने-वीरबल ! यति किन भूमिका बाँध्नुपऱ्यो! मऱ्यो भनेर किन भन्दैनौ ? वीरबलले बिन्ती चढाए- 'हजूर' मालिक होइबक्सिन्छ, जस्तो मन लाग्छ हुकूम होस्, तर मेरो विचारले त्यो सुँगा पूर्वजन्मको साधु रहेछ, त्यसै हुनाले यस जन्ममा पनि तपस्या गर्ने आदत लागेको रहेछ । सवारी भएर नजर गरिबक्सिए मालूम होला ।'

यस्तो कुरा सुनी वीरबललाई साथैमा लिएर अकबर बादशाह सुँगाको पिंजडानेर गै हेर्न लागे, सुँगाको दशा देखी वीरबललाई आँखा तरेर भन्दा भए- 'तिमी आफूलाई धेरै बाठो ठान्दछौ, सुँगाले फूस्रा आँखा पल्टाएको र तपस्या गरेको पनि पत्ता लाउन सकेनछौ, त्यही मलाई साँचो कुरो सुनाएको भए यहाँसम्म आउने तकलीफ त हुने थिएन ।' वीरबलले हात जोडी बिन्ती चढाए , अन्नदाता! के गरूँ ! त्यतिखेरै साँचो कुरा हजूरमा बिन्ती चढाएको भए मेरो इतिश्री हुने थियो ।' यस्तो सुन्नासाथ बादशाहलाई

आफ्नो प्रतिज्ञाको याद आयो र वीरबलको बुद्धिमानीमा साह्रै खुशी भएर एक लाख रुपियाँ इनाम दिए । वीरबलले त्यो लक्ष्य मुद्रा त्यही शरणमा आउने ख्वाजालाई बक्सिस गरिदिए ।

८१- कुन बेस

एक दिन बादशाह सभाभवनमा केही चाँडै पुगे। त्यसपछि सभासद्हरु आए । तर वीरबल अहिलेसम्म आएका थिएनन् । बादशाहका मनमा तल लेखेका पाँच प्रश्न अकस्मात् आए । मनमा ती प्रश्न राख्न गाह्रो भएर सोधिहाले-फूल केको बेस ? दूध केको गुलियो? मीठो वस्तु के हो ? पात कुनचाहिं राम्रो ? राजा कुन असल ?

बादशाहका यस्ता पाँच प्रश्नले दर्बारियाहरू एकछिन चकमन्न भए । अनि सबैले आफ्ना आफ्ना बुद्धिको अनुसार उत्तर दिन लागे ।

पहिले बेस फूलको पालो आयो-कसैले गुलाब, कसैले चम्पा, कसैले जुही, कसैले हसनाको इत्यादि थरी-थरीका फूलको नाम बताए, तर सबैको एउटा मत हुन सकेन ।

दोस्रोको पालो दूधको आयो, कसैले गाईको, कसैले बाख्राको, कसैले भैंडाको दूध गुणका साथ बेस बताए। तेस्रोमा सबभन्दा गुलियोको प्रश्नमा-कसैले ऊखु, कसैले मह, कसैले मिश्री, कसैले मिठाई इत्यादि मीठो बताए ।

पातको प्रश्नमा–कसैले नीम, कसैले ऊखु, कसैले कमलको पात इत्यादि आफ्ना अड्कलले भेट्टाएको बताए, तर कसैको उत्तर समाधान दिने थिएन ।

तब सबैका अन्तमा 'राजा सबभन्दा असल' को पालो आयो । सबै खुशामदीहरूले 'बादशाह अकबर' भने यस प्रश्नमा सबैको एउटै रायभएको थियो, त्यसैले मिल्यो राय । राय मिल्नुको मतलब आफ्नो दुनो सोझ्याउनु मात्र थियो । यस्ता उत्तरले बादशाह प्रसन्न जस्ता देखिए, तर उनको मनलाई सन्तोष दिने उत्तर नहुँदा वीरबलको प्रतीक्षा गरिरहेकै थिए, किनभने उनले गरेका प्रश्नहरूको घत लाग्ने उत्तर दिन वीरबल मात्र समर्थ थिए । यस्तो विचारमा रङ्मङ्दै थिए, त्यसै बेला वीरबल पनि टुप्लुक्क देखापरे । वीरबलले आशीर्वाद चढ़ाएर आफ्नो आसनमा बसे । अघि भनिएका प्रश्न बादशाहले वीरबलसित पनि सोधे ।

प्रश्न सुनेपछि वीरबल एकछिन चुप लागेर नै बसे, अनि भने–सरकार ! फूलहरूमा कपासको फुल नै बेस हुन्छ, किनभने त्यसद्वारा मनुष्य मात्रको लज्जा ढाक्ने काम हुन्छ ।

दूध आफ्नै आमाको बेस (असल, मीठो) हुन्छ । किनभने त्यसले बालक–शरीरको पोषण–पालनमा सहायक हुन्छ ।

मीठेको बारेमा धेरै थरी छन्, तर जिभ्राको हुन्छ भन्न

केही अत्युक्ति होवैन किनकि यस्तो भनाई पनि देखिन्छ ।
श्लोक–

शेखी त्याग गरी बोल वाणी यस्तो मिठो गरी।
बोल्ने सुत्रे दूवै पाऊन् त्यस्ले आनन्द बेसरी ।।

पात पानको नै बेस ठहरिएको छ, किनभने जुन पानको पात दिनाले शत्रु पनि मित्रका रूपमा बदलिएर मित्र जस्तै व्यवहार गर्न थाल्दछ । नोकरदेखि लिएर जसकसैलाई पनि पानको बीड़ा बनाएर दिइन्छ, त्यसको यस्तो प्रभाव हुन्छ कि आफूले भनेको कुरा सहर्ष पूरा गर्न सदैव तत्पर मात्र होइन गरेर देखाउँछ ।

राजाहरूमा स्वर्गका राजा इन्द्र ठूला हुन्, किनभने उनैको दयाले पानी पर्दछ त्यसद्वारा समस्त चराचर (चल-अचल) सबै प्राणीको पालन पोषणमा मद्दत पुऱ्याउँछ ।

यस्तो युक्ति-युक्त उत्तर वीरबलले भनेको सुनेर सबै भारदार दरबारीसमेत बादशाह अकबर पनि खुशी भए, सबैले वीरबलको बुद्धिको खुपै प्रशंसा गरे, बादशाहले खिल्लत (इनाम) पनि दिए ।

८२- म ठूलो कि इन्द्र ?

एक दिन अकबर सबैभन्दा अगाडि सभाभवनमा आएर बसे । जो जो सभासद् आउँथे उस-उससँग 'इन्द्र ठूलो कि म ठूलो ?' भनी सोद्धथे, तर कसैले पनि सन्तोषजनक उत्तर दिन सकेन, सबै सभासद्हरू आफ्ना-आफ्ना आसनमा बसिसकेपछि वीरबल आइपुगे। 'स्वस्ति' भनेर

बसे, अनि अकबर बादशाहले त्यै कुरा वीरबलसित पनि सोधे, 'सत्य बताऊ, म ठूलो कि इन्द्र ? वीरबलले बिन्ती चढ़ाए 'इन्द्र भन्दा हजूर ठूलो !'

अकबर बादशाहले यस्तो सुनेर आश्चर्य गरी 'कारण जात्र खोजे !' वीरबलले जवाब दिए-'हे जगत्रक्षक ! ब्रह्माजीले हजुर र इन्द्रमा ठूलो रहेछ, जाँच गर्छु भनी एउटा ठूलो तराजू बनाएर एकापटि हजूर र अर्कोपटि इन्द्रलाई राखेर तौलिहेर्दा इन्द्रभन्दा हजूरका उपर धेरै भार हुनाले हजूर तल रहिबक्सियो, इन्द्र हलका हुनाले माथि गए । हजूर तलतिर सवारी हुनाले हजूरलाई पृथ्वीको बादशाही प्राप्त भयो, इन्द्र माथि गएका हुनाले उनले स्वर्गको राज गर्न पाए । हुकूम होस्, हजूरलाई इन्द्रभन्दा ठूलो तुल्याउँदा मैले के अनुचित गरें ?' यस्तो उत्तर पाई बादशाह प्रसन्न भए ।

वीरबलको कुरामा अकबरलाई निचो गराई इन्द्रलाई उच्च तुल्याइयो, तर त्यो कुरा अकबरले बुझ्न सकेनन्।

८३- मूर्खका सामुन्ने नबोल्नु नै राम्रो छ

अकबर बादशाहका उस्दात (गुरु) मक्का (तीर्थस्थान) का थिए । संयोगवश ती गुरु घुम्दैघाम्दै दिल्ली आइपुगे। गुरुको स्वागत बादशाहले राम्रोसित गरे । केही दिन बसीवरि साहबले (धर्मगुरुले) मक्का जाने विचार बादशाहसित प्रकट गरे । बिदाइ भयो । बादशाहले वीरबलसित

सोधे-ए वीरबल ! मेरा पीर जस्तै तिम्रो पनि कोही गुरु (उस्ताद) छन् ? यदि भए कहिलेकाही आउने जाने पनि गर्दछन् कि गर्दैनन् ?

बादशाहको यस्तो प्रश्न सुनेर वीरबलले हात जोरेर भने जहाँपनाह (जगत्-रक्षक) मेरो गुरु हुनुहुन्छ। कहिले आउने जाने गर्नुहुन्न । रुपियाँ पैसा लिनुहुन्न, उहाँलाई लोभ भन्ने कुराले छोएकै छैन । वीरबलका कुराले बादशाहको मनमा उनको प्रति श्रद्धा उत्पन्न भयो । बादशाले एकपटक उनको दर्शन गर्ने इच्छा प्रकट गरे । साथै यो कुरा पनि भने हे वीरबल ! यस्तो कुनै समय आउला कि तिम्रा गुरुको दर्शन हामी पनि पाऔला । बादशाहलाई 'हुन्छ' सरकार भनेर वीरबलले भने ।

राति बादशाहसित बिदा भएर वीरबल घरतर्फ आइरहेका थिए, त्यस बेला एउटा वृद्ध बाटोमा उभिएको देखे । त्यो दाउराको भरी लिएर बेच्न हिंडेको थियो, परन्तु दुर्भाग्यले गर्दा त्यसका दाउरा कसैले किनिलिएका थिएनन् । त्यो बूढो साह्रै हताश भएर भारी बोकी घरतिर फर्कने विचारले हिंडेको थियो । वीरबलले उसको दाउरा किने र त्यस बृद्धलाई आफ्नो घर दाउराको भारी बोकाएर लगे ।

घर पुगेपछि त्यस बूढोलाई भने, मलाई यस्तो लागिरहेछ कि तिमी कुनै सभ्य घराना हौ, समयले गर्दा दुर्दिन आएकोले दाउरा बेच्ने काम गरेका हौ, तिमीसित

मेरो एउटा काम छ, त्यो काम तिमीले गरिदियौ भने तिमीलाई सय रुपियाँ ज्याला पनि दिनेछु ।

दाउरेले वीरबललाई राम्ररी चिह्नेको थियो, त्यस कारणले कुनै बहाना बनाएर 'नाइँ' भन्न सकेन र तुरुन्त 'हुन्छ' भनेर स्वीकृति दियो । त्यसको स्वीकृति पाएपछि वीरबलले पनि तुरन्त न्वाही-ध्वाही साधुको सुन्दर रूप बनाइदिए । एक त बूढो छँदै थियो, उसमाथि साधुको भेष बनाउँदा साह्रै राम्रो देखियो ।

यसपछि वीरबलले उसलाई एउटा मन्दिरको पछाडिपट्टि लगेर आसनमा बसाइदिए । हेर, खूब राम्ररी बुझ, मैले भनेको कुरा मानेनौ बेहाल हुनेछ । तिम्रो दर्शन गर्नका लागि, तिमीबाट केही उपदेश पाउने इच्छाले ठूलठूला धनी, उमराव (प्रतिष्ठित व्यक्ति) हरू आउनेछन् । अनेक कुरा सोध्नेछन् । किसिम-किसिमका भेटी कोसेली चढाउनेछन्। तर तिमीले कसैसित केही नबोल्नू, चढाएका मूल्यवान्, वस्तुतिर पनि नहेर्नू । भेटी इत्यादिलाई पनि छनु त परै रह्यो, हेर्दा पनि नहेर्नू । माला घुमाएर आँखा चिम्ली मौन (नबोल्ने) भएर रहनू । कुनै वस्तुमा पनि वास्तै नराख्नू । यी मैले भनेका कुरामा एउटा पनि बिगाऱ्यौ भने तिम्रो ज्यानरहनेछैन । म पनि एउटा कुनातिर बसेर तिम्रो व्यवहार हेरिरहनेछु ।

दाउरेले वीरबलका सबै कुरामा 'हुन्छ' भन्यो । त्यस दाउरेलाई यी राजाका मन्त्री हुन्, रिसाए भने ज्यानै

पनि लिन सक्छन् भन्ने पूरा विश्वास भयो ।

त्यस दाउरेको बोलीचाली, बानी-बेहोरा, रंग ढंग र चालचलन देख्दा वीरबलले यस व्यक्तिले साधुको स्वाङ (नकल) राम्ररी गर्न सक्छ भन्ने पूर्ण विश्वास भयो । अनि त्यसलाई त्यही छाडी आफू दरबार गए। जहाँ सभामा सबै धनी-मानी र प्रतिष्ठित व्यक्तिहरू बसेका थिए । त्यहाँ पुगेर वीरबलले बादशाहलाई बिन्ती चढाए-'सरकार' मैले अनेकपल्ट प्रार्थना गर्दा बल्लबल्ल मेरा गुरु दर्शन दिन तयार हुनुभयो । गुरुदेव यही नगीचको शिवालयको बरण्डामा बस्नुभएको छ । तर मलाई गुरुले सबै जनाको साथ लागेर आउने आज्ञा दिनुभएन । यदि मैले उहाँको आज्ञा मानिनँ भने श्राप दिनुहुन्छ कि भन्ने ठूलो डर छ । अतः सभासद्हरू गएर उहाँको दर्शन गर्न सक्नहुन्छ ।' वीरबलको सारा कुरा बुझिसकेपछि अकबर बादशाह आफ्ना सबै सभासद्हरूलाई साथमा लिएर उक्त शिवजीको मन्दिरमा गए । अनि सभासद्समेत आफूले पनि मस्तक न्यूराएर नमस्कार गरी उनकै छेउमा बसे । अनि बादशाहले गुरुजीको आश्रमादिको विषयमा सोधपूछ गरे, तर गुरुजी एक शब्द पनि बोलेनन्, मौन नै रहे ।

गुरुजीले नबोलेको देखेर बादशाहले विचार गरे-केही रुपियाँ-पैसा राखेर पाउमा दर्शन गरे गुरुजीको मौनता भंग हुन्छ कि ! यति विचार गर्नासाथ दश हजार रुपियाँको

थैली ती नकली गुरुजीको पाउमा चढ़ाएर दण्डवत् गरे, तर ती गुरुदेवले त्यो थैलीतिर हेर्दा पनि हेरेनन् । उनी आफ्नू माला जप्नमा नै तल्लीन रहे । ती साधुको चाला देखेर बादशाहलाई अति असन्तोष भयो र केही रिस पनि उठ्यो । अनि जुरुक्क उठेर एक शब्द पनि नबोली सरासर महलमा गए । गुरुजीलाई अर्पण गरेका वस्तु सबै बादशाहले वीरबललाई सुम्पिदिए किनभने गुरुको सम्पत्ति चेलाकै हुन्छ । फेरि एकपल्ट साधुलाई दिइसकेको धन फिर्ता लिनु पनि पाप हो ।

भोलिपल्ट जब वीरबल र अकबर बादशाहको भेट भयो तब उनले गुरुजीको निष्ठुरताको विषयमा कुरा गरेर भने-'वीरबल ! यदि कुनै मूर्खसित भेट भयो भने के गर्नुपर्दछ ? वीरबलले तत्काल उत्तर दिए-'जहाँपनाह ! कुनै मूर्ख व्यक्तिको फेला परियो भने मौन रहनु नै उत्तम छ।' वीरबलको यस्तो उत्तर सुन्दा बादशाहलाई अग्लो छाँगाबाट तल खसेजस्तो लाग्यो । बादशाहको इच्छा थियो-यस्तो कुरा गरेर वीरबलको गुरुलाई मूर्ख बनाउँला, वीरबलको उत्तरले बादशाह स्वयं मूर्ख बन्नुपऱ्यो। त्यसपछि वीरबलले फेरि बिन्ती चढ़ाए-हजूर ! मैले त पहिले नै भनिसकेको थिएँ कि उनी कसैसित पनि बोल्दैनन् र रुपियाँ पैसा पनि छुँदैनन् । उनलाई धनको लोभ छैन र उनी कसैको ढोकामा माँग्न पनि जाँदैनन्। मैले कसै गरी बिन्ती-भाउ गरेर हजुरसित भेट गर्न राजी गराएको थिएँ । हजुरले

उपहारस्वरूप धन किन बक्सिएको ? फेरि हजूरले 'म भारतवर्षको बादशाह हुँ, तपाईलाई जति चाहिए पनि धन-सम्पत्ति दिन सक्छु, तर एकपल्ट बोलिदिनुहवस्' किन आज्ञा भयो? मेरा गुरुजीलाई हजुरको कुरामा अभिमानको गन्ध आयो र गुरुजीले 'बादशाहलाई धनको घमण्ड रहेछ,-भन्ने कुरा बुझे । यस्तो स्थितिमा हजूरले उनको अपमान गरेर मूर्खता नगरेको भए के गरिबक्सिएको हो ? वीरबलको कुरा सुन्दा बादशाहलाई आफूले गरेको मूर्खतापूर्ण व्यवहारमा ठूलो पश्चात्ताप भयो ।

भोलिपल्ट बादशाह स्वयं फेरि गुरुजीकहाँ गए र उनीसँग क्षमा माँगे । त्यति गर्दा पनि गुरुजीले एक शब्द बोलेनन् । त्यस दिनदेखि अकबर बादशाहले कुनै पनि साधु-सन्यासीसित कहिल्यै पनि अप्रिय व्यवहार गरेनन् । यति भइसकेपछि अकबर बादशाह महलमा गए । अनि वीरबलले त्यो दाउरे बूढ़ोलाई प्रशस्त सम्पत्ति दिएर बिदा गरे । त्यो दाउरे पनि खुशी भएर घर गयो । त्यस दिनदेखि उसले दाउरा बेच्ने काम पनि छोडिदियो ।

८४- हत्केलाको रौ

कुनै दिन सभामा बसेको बेला अकबर बादशाहले वीरबलसित सोधे-'वीरबल ! मेरो हत्केलामा रौ किन छैन ?' वीरबलले तत्काल उत्तर दिए-'सरकार ! हजूरले ज्यादा इनाम बक्सिस दिएर रौ खुइलिएर गयो ।' वीरबलको यस्तो उत्तर सुनेर बादशाहले फेरि सोधे-'जसले

कहिल्यै पनि बक्सिस दिएको छैन, त्यसको हत्केलामा रौ नदेखिने कारण के हो ?' वीरबलले फेरि बिन्ती गरे- 'सरकार ! हजूरसँग पाएको इनाम थाप्दा-थाप्दा तिनको पनि हत्केलाको रौ खुइलिएको हो ।' यति सुनेपछि वीरबलको बुद्धिको मनमनै प्रशंसा गर्दै फेरि सोधे-'वीरबल! जो कहिल्यै न कसैसँग केही लिन्छ, न कसैलाई केही दिन्छ, त्यस्ता व्यक्तिको हत्केलामा रौ नहुने कारण के हो? भन' यसको उत्तरमा वीरबलले भने-'हजूर ! उनीहरू यस लोकमा आएर न कसैलाई न केही दिन सकें, न कसौसित केही लिन सकें' यस्तो चिन्तामा परेर दुवै हात माडिरहने हुनाले तिनको हत्केलामा रौ नभएको हो । यति सुनेर बादशाह प्रसन्न भए ।

८५-बेगमलाई वीरबलको उत्तर

एक दिन अकबर बादशाह र उनका बेगमहरू जम्मा भएर दरबारको भित्री अर्थात् जनाना बगैचामा विभिन्न किसिमका फूलहरू टिपिरहेका थिए, त्यही मौकामा वीरबल पनि त्यही आइपुगे । अकबर बादशाहले आफ्नू मनपरेको व्यक्ति वीरबललाई अकस्मात् आएको देखेर 'आऊ, आऊ' भन्दै डाके । वीरबल पनि आफ्ना मालिकहरूलाई फूल टिप्न लागेको देखेर 'स्वस्ति' गर्न पनि बिर्सी उनीहरूको साथ लागी फूल टिप्न लागे । अनि बादशाहको निकै मनपरेकी यौटी बेगमले वीरबललाई लक्ष्य गरेर भनिन्-'ए मजूरा ! बिना-मजदूरी छिन-छान गरेर त्यसै नै काम गर्न

थाल्यौ ?' यस्तो कुरा सुनेर वीरबलले तत्काल उत्तर दिए-हजूर ! यौटा मजूरालाई पहिलेदेखि नै काम गरिरहेको देखेर मैले पनि थालेको हुँ । उसलाई जति बक्सिन्छ, मलाई पनि त्यति नै बक्सिए हुन्छ । यस्तो उत्तर सुनी बेगम डरले आत्तिइन, बादशाह केवल हाँसि मात्र रहे ।

८६- अकबरको न्याय

एक दिन सभामा चार जना चोर समातेर ल्याइए। अकबरले पहिलो यौटा चोरलाई बोलाएर 'तिमीले यस्तो काम गर्नु ठीक थिएन' भनेर छोडिदिए । अर्कोलाई बोलाएर गाली गरी, हप्काई निकालिदिए । तेस्रो चोरलाई ४/५ लात लगाई 'जा' भनी पठाइदिए। चौथालाई डाकेर नाक, कान काटेर त्यसको मुखमा कालो दली गधामा चढाएर सारा टोला घुमाएर छोडिदिनू भन्ने हुकूम दिए र दोटा सिपाई लगाइदिए । एउटै अपराधमा दोषीहरूलाई धेर-थोर दण्ड दिएर न्याय गरेको देखेर चित्त नबुझी सारा भरदारहरू मुखामुख हेर्न लागे । सभासद्हरूको दिलको शंका मेट्नको लागि अकबरले सोधे-हो सभ्यहो, मेरा न्यायमा तिमीहरूलाई आश्चर्य लाग्यो कि ? सभ्यहरूले हात जोरी बिन्ती चढाए-'गरीबप्रवर ! नयायको भेद हामीले थाहा पाएनौ।' यस्तो कुरा सुनी बादशाहले हुकूम दिए-'हे सभासद्हो! तिमीहरू चार जना गै एक-एक चोरको पछि लागेर भेद बुझेर आओ ।' यस्तो हुकूम पाएर दुई जना भलादमी चोरको चेवा गर्न खटाइए ।

भोलिपल्ट चेवा गर्न गएका चारै जना दर्बारमा हाजिर भए । त्यसमाको एउटाचाहिंले बिनती चढ़ायो-धर्मावतार ! जसलाई हजूरले 'तिमीले यस्तो काम गर्नु हुन्न' भनी छोडिदिबक्सियो त्यो मानिस आफ्नू घरमा गै जहर खाएर मऱ्यो । अर्को सभासद्‌ले बिन्ती चढ़ायो-'गरीबप्रवर ! जसले गाली पाएर गएथ्यो, उसले आफ्नो लट्टी-पट्टी बोकी दिल्ली छाडेर अन्तै गयो । अर्कोले वर्णन गऱ्यो-

'महाराज ! जुनचाहिं चोरले लात खाएर गएको थियो उ त घर जानेबित्तिकै ढोका थुनेर भित्र बसिरह्यो।' यस्तो कुरा सुनी चारौंचाहिं सभ्यले बिन्ती गर्न लाग्यो-'दयासागर ! जसको नाक र कान काटेको थियो उसको वृत्तान्त सुनिबक्सियोस् । बाटामा गधामा चढेर जता-जता जान्थ्यो उतै उतै सैकडौं मानिसहरू त्यसलाई धिक्कार दिन्थे, संयोगले उही त्यसकी स्वास्नी पनि देखा परी, त्यसले आफ्नी स्वास्नीलाई देख्नासाथ चिच्याएर भन्यो कि, 'ए कालेकी आमा ! घर गएर मलाई न्वाहुने पानी तैयार पार्, मेरो शहर घुम्ने अलिकति काम बाँकी छ, सो सक्नासाथ यी दुष्टका हातबाट निस्की तँसँग घरैमा आई भेट्नेछु । यस्तो हाल सुनी अकबरले दर्बारीहरूलाई भने-'सुन्यौ कुरा, न्याय भएछ?' सबैले हात जोरी बिन्ती चढ़ाए-"हजूरबाट विक्रमादित्यको न्याय गरिबक्सियो, हजूरको अक्कललाई कसले पाउन सक्छ ।" यस्तो कुरा सुनी मुसुक्क हाँसी अकबर चुप लाग्दा भए ।

८७- फाँसीको मुजरिमलाई लाख रुपियाँ

प्रसिद्ध दिल्ली शहरमा गंगाराम नाम गरेको कोही एक बीजनौरी ब्राह्मण, स्त्री-पुत्रसहित आकाश-वृत्तिले बंडो दरिद्र भएर समय बिताइरहेका थिए । यिनी कहाँसम्म कंगाल थिए भने कि बिहानै उठेर गंगारामको नाम जो लिन्थ्यो, उसलाई त्यो दिन भोकै बस्नुपर्थ्यो । जहाँ गए पनि खान पाइँदैनथ्यो । लक्ष्मीकी दिदीको भक्त भएको त्यस ब्राह्मणको बुराइ बादशाहको कानमा पऱ्योर त्यसको जाँच बादशाहले गंगारामलाई बोलाए र आफ्नो खोपीको बगलको कोठामा राती सुत्न पठाए ! भोलिपल्ट बिहान जाग्दा भई कसैको मुख नहेरी सरासरि बगलको कोठा खोली गएर 'त्यस दरिद्रको मुख हेरिहेरुँ, आजको दिन कस्तो व्यतीत हुन्छ' भनी विचार गरेर बादशाहले आफ्नो नित्यकर्म सकेर केही काम छिनाफाना गरेर महलमा फर्की पाकशालामा गै बसे । खान्सामाहरूले बादशाहको अगाडि छत्तीस प्रकारका पकवान बादशाहलाई टक्र्याए । तर बादशाहले खाउँ भनी सुनको थालमा हात बढाउँदा कहींबाट खसेको एउटा सुकेको माकुरो परिरहेको देखे । यस्तो देख्नासाथ घिन लाग्यो र अकबरले भोजन गर्ने आँट राख्न सकेनन्, त्यसै हात धोएर उठे र दर्बार गए । त्यस दिन फेरि खानेकुरा तैयार गर्दा साँझ पऱ्यो र बादशाहले भोजन गरे ।

यस्तो देखेरे अकबरको चित्तमा गंगाराम ब्राह्मणको

बारेमा सुनेको बातको अटल विश्वास भयो । यस्तो मनहूस मालिसलाई एकदम फाँसी दिनुपर्छ भन्ने देखे । त्यसै बखत, त्यो ब्राह्मणलाई फाँसी दिलाउन पोडेहरूको सुपुर्द गरे । हुकूम पाउनासाथ, चार जना पोडेहरूले गंगारामलाई पाता कसेर फाँसी दिने ठाउँमा लगे। संयोगले वीरबल त्यहाँ आइपुगे । पोडेहरूको मुखबाट गंगारामको कुरा सुनेर वीरबललाई दया आयो र त्यस ब्राह्मणको कानमा झुकेर केही सिकाइदिए ।

प्राणदण्ड हुनें अपराधीलाई उसको आखिरी समयमा जे इच्छा छ, सो दिने दस्तूर पैलेदेखि चलिआएको छ। सो बमोजिम पोडेहरूले, 'हे अपराधी ! अब तिम्रो समय आयो, बोल, तिमी के चाहन्छौ ?' भने । ब्राह्मणले आफ्नो इच्छा व्यक्त गरे-'हे जवानहो ! मेरो आखिरी मन्सुबा यही छ कि "चौबाटामा खड़्भै सबलाई 'हे भाइहो ! मेरो मुख देखाले सबै नपाई-हरूलाई खान मिल्दैनथ्यो, तर बादशाहको मुख बिहान उठेर देख्यो भने ज्यान समेत जाने रहेछ, मैले आज बिहान उठ्नासाथ बादशाहको मुख देखाले फाँसी चढ्न लागें, यो कुरा जाहिर गरिदेऊ ।"

यस्ता कुरा सुरेर पोडेहरू अचम्भ मानी अकबरकहाँ गै गंगारामको मनोकामना यस्तो छ भनी बिन्ती गर्दा भए र अकबरका मनमा हड़बड़ी परी निजले त्यस ब्राह्मणलाई फाँसी नदिनू, र दर्बारमा हाजिर गराउनू भनी हुकूम दिए।

हुकूम-बमोजिम पोडेहरूले काम गरे ।गंगारामलाई

अकबरले लाख रुपियाँ बक्सिस दिई यो कुरा कही नगर्नू भनी बिदा दिए । जन्मको दरिद्र ब्राह्मण लाख रुपियाँ पाएर अकबरको जय मनाउँदै राम्रोसित जीवन बिताउन लाग्यो ।

गंगाराम गएपछि अकबरले पोडेहरूसित सोधे- "पोडे हो, गंगारामलाई तिमीहरूले पाता मस्काई लगेपछि बाटामा कसैले तिनसँग भेट गरेथ्यो ?" यस्तो कुरा सुनेर पोडेले बिन्ती गर्‍यो-अन्नदाता ! बाटामा सिर्फ वीरबलसँग भेट भएथ्यो । उहाँले गंगारामको कानमा केही भन्नुभएको थियो, हामीले केही मन्त्र दिनुभयो होला भन्ने ठान्यौं, तर त्यो मन्त्र त केही रहेनछ ।" हाँसेर अकबरले भने-बदमाशहो! वीरबलले सुनाएको मन्त्र होइन, महामन्त्र हो, त्यसैको प्रभावले गंगारामले सहजैसित आफ्नो ज्यान बचायो । आफ्नो फाँसीको हुकूम रद्द गरायो, उल्टो एक लाख रुपियाँ बक्सिस मबाट बरु पायो र लग्यो" यति भनी बादशाहले मनमनै वीरबलको तारीफ गरे ।

८८-आफ्ना आँखाले देखेको पनि झूटो हुन सक्छ

एक दिन एकाएक अकबरको चित्तमा माथि लेखेको प्रश्न पैदा भयो र निजले आफ्नो प्यारो मित्र वीरबललाई सोधे-हे वीरबल ! आफ्ना आँखाले देखेको पनि कहीं झुट्टा हुन सक्छ ? वीरबलले हजूर-हे जगत्‌रक्षक ! कैहलेकाहिं, आफ्ना आँखाले देखेको पनि झुट्टो हुन सक्छ ।

बादशाहलाई विश्वास नभएर वीरबललाई-'यो साबित गर्नू' भनी हुकूम दिए । केही दिनमा यसको प्रमाण हजुरलाई पेश गर्छु भनी शपथ खाए ।

अकबरको बैठकमा एउटा ख्वाजासराँ (नपुंसक) थियो, त्यो रोजै बादशाहको पलङमा ओछ्यान लाउँथ्यो तापनि ठीकसँग ओछ्यान लाइनस् भनी बादशाहबाट दिनदिनै झर्काई खान्थ्यो । एक दिन मन लगाएर ओछ्यान लगाई विचार गऱ्यो कि भरसक राम्ररी ओछेन लाउँछु तापनि बादशाहको झटाइ पाउँछु, हेरुँ, आज बादशाहलाई निद्रा लाग्छ कि लाग्दैन, भोलि फुटेको किस्मतले झटाइ पाइन्छ कि पाइन्न ।

यस्तो विचार गरेर त्यो ख्वाजा सर्कारी पलङमा जाँच गर्न भनी टाउकोदेखि पैतालासम्म तन्ना तानी लमतन्न पऱ्यो । थाकेको हुनाले चाँडै त्यसलाई निद्रा लाग्यो । बेगम बादशाहको सुकला गर्ने खोपीमा आइन् र त्यस ख्वाजालाई तन्ना ओढेको हुँदा चित्र नसकी अकबर बादशाह हुन् भन्ने निश्चय जानेर आफू पनि पलङमा गै निद्रामा परिन् । अकबर आई खोपीमा हेर्दा, बेगमलाई परपुरुषका साथमा आफ्नो पलङमा सुतेको देखेर झनक्क रिस उठ्यो । आफ्नो तलवारलाई म्यानबाट निकाली एक चोटमा दुवैलाई नरकको पाहुना तुल्याउँछु भनी अकबरले हातमा लिएको तलबारलाई उठाए, तर सहसा वीरबलले भनेको 'आफ्ना आँखाले देखेको कुरा पनि झुटो हुन

सक्छ' भन्ने सम्झना आयो र उनले आफ्नो मनमा ठीक हो अब यो आँखाले देखेको कुरालाई झुट्टा गराऊ भनी वीरबललाई भन्छु ।

यति निश्चय गरी अकबरले मानिस पठाई वीरबललाई तुरुन्तै बोलाए । वीरबल ढोकैमा थिए, आफ्नू घर गएका थिएनन् । अर्जबेगीले ढोकैमा 'हुकूम हुन्छ' भन्यो । वीरबल त्यसका साथ लागी खोपीमा गए। वीरबललाई अकबरले बेगमको बात सुनाए । वीरबलले बादशाहलाई पर्दाको आड़मा खडा गराई आफू पलङनेर गै बेगमको कानमा मुख लगाई बोलाए । बेगम मस्त नीदमा थिइनन्, वीरबलले बोलाउनासाथ उठिन् । तब वीरबलले सोधे-'हजूरसँग को सुतिरहेछ ? 'अरू कसले सुत्न सक्थ्यो ! मेरा लोग्ने सुतेका छन् ।' यस्तो कुरा सुनेर वीरबलले भने, बादशाहसँग एक जरूरी बात गर्नु छ, मेहरबानीगरी हजूर अर्को कोठामा गइबक्सियोस् । बेगम उठेर अर्को कोठामा गइन् । वीरबलले सुतेका मानिसको ओढ्ने बलैसँग तानिलिए, ख्वाजा हड़बड़ाई उठ्यो । वीरबललाई देख्नासाथ त्यसको मुटुले ठाउँ छोड्यो । वीरबलले सोधे-'ख्वाजा ! बादशाहको पलङमा किन सुतिस् ? ख्वाजाले वीरबलको पाउमा परी बिन्ती गर्न लाग्यो-'हे बजीर साहब, म सधै राम्ररी बादशाहको बिछौना लगाउँथें तापनि बिछौना राम्ररी भएन भनेर बादशाहबाट गाली पाउँथें, आज मेहनत गरेर बिछौना

लगाएँ र यसमा बादशाहलाई निद्रा लाग्ला कि नलाग्ला भनेर जाँच गर्नुपऱ्यो भनी आफै बिछौनामा पल्टे, नरम बादशाही बिछौनामा पर्नासाथ निद्रा लागेछ, कसूर माफ पाउँ, अबदेखि यस्तो बेवकूफी गर्नेछैन ।' बुद्धिमान वीरबलले ख्वाजाको कुरामा सत्यको सुगन्ध पाई त्यसलाई 'जा !' भनीबिदा दिए । यस्तो अचम्म तमाशा देखेर बादशाहलाई कैलेकाहिं आफ्ना आँखाले देखेको कुरा पनि झुटो हुँदो रहेछ भन्ने वीरबलको वाक्यमा विश्वास मान्नुपऱ्यो ।

८९- मोतीको खेत

एक दिन सभामा वीरबललाई अपानवायु आयो र थाम्न नसकी अपानवायु छोडे । वीरबलले सभामा यस्तो नराम्रोसित अपानवायु छोडेकोमा अकबर बादशाह रिसाएर त्यसे बेला ४/५ जना सभासद्हरूले साहै नराम्रो भयो भनी बिन्ती चढ़ाए । अकबरले वीरबलसित रिसाएर 'जा निक्ली' भनी बिदा दिए । वीरबल हुकूम पाउनासाथ थपक्क उठेर 'जसले चुक्ली हालेथे उनीहरूहित बदला लिन्छु' भनी सभाभवनबाट निस्केर गए । वीरबल आफ्नो घरमा आई जहानहरूलाई लिएर एउटा गाउँमा गै बादशाहसित टाढ़ा बस्दा भए । सात महीनापछि संयोगले एक दिन अकबर बादशाह डुल्दै त्यसै गाउँमा आइपुगे । त्यतिखेर वीरबल खेतमा बसी किसानहरूलाई काम गराउन लागेका थिए । बादशाहले वीरबललाई देखेसाथ माया लागेर

आफ्नो पारामा डाकी प्रश्न गर्दा भए–'हे वीरबल ! सात महीना तिमीले गाउँमा कसरी बस्यौ र कुन इलम सिक्यौ?' वीरबलले बादशाहलाई बिन्ती चढ़ाए–'प्राणनाथ ! मैले मोतीको खेती गर्ने काम सिकेको छु ।' यस्तो कुरा सुनी अचम्भ परेर अकबरले हुकूम दिए–'हे वीरबल ! मोती फलाई मलाई पनि देखाऊ ।' यस्तो कुरा सुनी वीरबलले बिन्ती चढ़ाए–'प्राणनाथ ! मोतीको खेत जहाँ पायो उहाँ जोताउनु हुँदैन, पहिला त्यसको राम्रो ठाउँ भेट्टाउनुपर्छ, म ठाउँको तजबीज गरी हजूरमा जाहेर गर्दछु ।'

यसमा बादशाहलाई चित्त बुझ्यो । वीरबल शहरमा आई आफ्नो जहान झिकाई आफ्नो घरको शोभा बढ़ाउन लागे । चार दिनपछि दरबारमा गै वीरबलले बिन्ती चढ़ाए–'सरकार ! खेती गर्ने लायक जमीन बल्ल फेला पारी आएको छु, हजूरका ४/५ जना सभासद्हरूको घर भएकै ठाउँमा मोतीको खेती गरेदेखि मोती फल्न सक्दछ।' यस्तो बिन्ती चढ़ाउँदा अकबरसित मन्जूरी लिई त्यहाँबाट उठेर वीरबल सरासर तिनै आफ्ना दुश्मन सभासद्हरूको घरतर्फ गै घर खाली गर्न लगाई तिनीहरूका घर फोर्न लगाए । घर खसाइएको खबर पाएर बादशाहले वीरबललाई 'मोती रोप्न जाऊ' भन्ने हुकूम दिए ।

'सरकार ! अब पन्ध्र दिनमै मेरो खेतमा मोती फल्न थाल्दछ' यति बिन्ती चढाई वीरबल त्यहाँबाट उठेर सरासर खेतमा गए । खेतमा वीरबलको आज्ञा–अनुसार किसानहरूले

हलो जोती खेतीको योग्य भूमि बनाइसकेका थिए । वीरबलले ती किसानहरूलाई त्यस खेतमा पहिले चारैतिर बाक्लो गरेर दूभो रोपी माझमा पिण्डालु पनि रोप्ने आज्ञा दिए ।

उनीहरूले वीरबलको आज्ञा पालन गरे । खेतमा हरियो घाँस र कर्कलाको बोट तयार भइसकेपछि एक दिन वीरबलले दरबारमा गएर अकबर बादशाहलाई बिन्ती गरे-'धर्मावतार ! मेरो मोतीको खेतमा मोती फलेर तयार भइसक्यो, भोलि बिहान सरकार सवारी भएर नजर गरिबक्सियोस् ।'

भोलिपल्ट अकबर बादशाह आफ्नू साथमा दश-पन्ध्र जना भारदारहरू लिएर मोतीको खेती हेर्न भनेर हिंडे । वीरबल खेतको आलीमा बसेर बादशाहको प्रतीक्षा गरिरहेका थिए । सभासद्हरूका साथ बादशाहको सवारी आउन लागेको देखेर उनले परैबाट कराएर खेततर्फ औलो उठाई बादशाहसँग बिन्ती गरे-'हजूर ! नजर होस्, मेरो खेतमा मोती फलिरहेका छन् ।' यति सुन्नासाथ बादशाहले खेतमा आँखा डुलाए । हरियो घाँस र कर्कलाको पातमा रातभरि परेको शीत (ओस) परबाट हर्दा मोती झैं देखिए पनि बादशाहलाई विश्वास लागेन र सोधे-'वीरबल ! तिम्रो खेतमा फलेका मोतीहरू पाकिसके कि काँचै छन् ?' त्यति सुन्नासाथ वीरबलले भने-'सरकार ! मोती सबै पाकेर तयार भइसकेका छन्, आफ्नू जीवनमा कहिल्यै पनि

नपाधेको अर्थात् अपानवायु नछोडेको मानिसले मात्र यी मोतीहरू टिप्न सक्छ, एकपल्ट पनि पाधिसकेको मानिसले मोती छोयो भने पानी हुन्छ ।'

वीरबलकों यस्तो कुरा सुन्दा बादशाहलाई उदेक लाग्यो र फेरि सोधे 'वीरबल ! यो त तिमीले अचम्म लाग्ने कुरा सुनायौ । संसारमा कहिले पनि नपाध्ने (अपानवायु नछाड्ने) को होला ? यो त प्रकृतिको नियम हो, यसलाई कसैले पनि रोक्न सक्तैन!'

अकबर बादशाहको यस्तो बात सुन्नासाथ वीरबलले उपयुक्त अवसर यही हो भन्ने निश्चय गरेर बिन्ती चढ़ाए-'सरकार ! हजूरका साथमा आएका यी सरदार र सभासद्हरूलाई सोधिबक्सियोस् ; यिनीहरूमा कुनै त्यस्तो मानिस (कहिल्यै पनि अपानवायु नछाड्ने) छ कि ? वीरबलले यति भनेपछि अकबर बादशाहले सबैसित सोधे, तर ती सभासद्हरूमा कोही पनि त्यस्तो मानिस रहेनछ ।

अनि बादशाहको मनमा एक दिन सभामा वीरबलले पाधेको र तिनै सभासद्हरूमध्ये चार-पाँच जनाले विरोध गरेको कुरा आयो । यो वीरबलले साटो फेरेको हो, तिनका घरहरूमा हलो जोताइदिने अलौकिक बुद्धि भएको वीरबललाई धन्यवाद छ । यति मनमनै भनेर प्रकटमा एक लाख रुपियाँ इनाम दिई उनको बुद्धिको धेरै-धेरै प्रशंसा पनि गरे ।

१०-चौबेको बध्याइ

एक दिन अकबरले वीरबललाई भने-'वीरबल, मथुराका चौबेहरू हाजिर-जवाब दिनमा बाठा हुन्छन् भन्ने सुनेको छु, यसैले कदाचित् कुनै चौबे दिल्लीमा देखापरे भने, तिमीले दरबारमा पेश गर्नू । 'हओस् प्राणनाथ' भनी वीरबलले मन्जूर गरे । संयोगले भोलिपल्ट दिल्ली शहरमा कुनै मथुराको चौबे आयो, वीरबलले तिनलाई लिएर दरबारमा गएर बादशाहसित बिन्ती गरे-'प्राणनाथ, हुकूम-बमोजिम चौबेलाई हाजिर गरेको छु ।'

बादशाहले चौबेसित कुशल समाचार सोधेर प्रश्न गरे-"चौबेजी, अब कहाँ जान थालेका छौ, मथुरा? बादशाहले भने-"त्यसो भए मेरी मथुरा भाउज्यूलाई मेरो नमस्ते भनिदिए ।" चौबेले बिन्ती गरे, "हओस् गरीब परवर, तर बाटामा हजूरका मितदाजु वृन्दावन भेटिन्छन्, तिनीसित के भन्ने नि ?" बादशाहले यस कुराको केही जवाब दिन सकेनन् खुशी भै चौबेलाई धेरै रुपियाँ दिए।

११- आधा धूप आधा छाया

अकबर बादशाह वीरबलमाथि सधैं खुशी रहन्थे, तर रिसाएपछि नराम्रोसित सजाय पनि सुनाउँथे । यस्तैमा एक दिन वीरबललाई शहरबाट निस्कने आज्ञा दिइयो । वीरबल यौटा किसानको घरमा लुकेर बस्न थाले, तर केही दिनमा बादशाहको रिस खतम भयो र अब वीरबल-बिना शून्य जस्तो अनुभव भयो । उनी कहाँ छन् भनी खोजी

हुन थाल्यो, तर पत्ता लगाउन सकिएन र बादशाहले घोषणा गरे 'जसले दरबारमा आधा रूप र आधा छायामा हाजिर हुन्छ, उसलाई एक हजार रुपियाँ बक्सिस पाइन्छ ।'

एक हजार रुपियाँको पुरस्कार जित्न सबै चाहन्थे, तर कसरी जित्ने भन्ने सोचिरहन्थे । कसैले दोलाई ओढेर गए, कोही कालो छाता ओढेर र कति आफ्नो शरीरलाई छाताको लुगाबाट बाहिर राखेर जान्थे, अर्थात् जसको बुद्धिमा जस्तो आउँथ्यो, उस्तै गर्थे ।

बादशाहले सबैतिर हेरे, तर पुरस्कार पाउने योग्यता कसैमा पनि थिएन । एक्कासि उनको नजर एउटा किसानमाथि गयो, जुन आफू शिरमाथि रस्सी (डोरी) को खाट राखेर आइरहेको थियो । बादशाहले देख्नासाथ जानिलिए कि यो अक्किल वीरबलको हुनुपर्छ । बादशाहले हकारेर सोधे-"तँलाई टाउकोमा खाट राखेर आउन कसले भन्यो ?" बिचरा सुधो किसानले डराएर भन्यो-'केही दिन-अगाडि एउटा ब्राह्मण मकहाँ आएका छन्, उनैले यो अक्किल बताएका हुन् ।' तब बादशाहले तुरुन्तै यौटा मान्छे पठाएर वीरबललाई बोलाए र त्यस गरीब किसानलाई एक सय असर्फी पुरस्कार प्रदान गरे ।

९२- भण्टाको कथा

अकबरले वीरबलसित एक दिन भने-'सुन, वीरबल! भन्टाको तरकारीभन्दा अरू कुनै तरकारी मीठो हुँदैन,

भन्टाको तरकारी कति मीठो हुन्छ ।' वीरबलले बिन्ती गरे-'हजूर ! धेरै बेस हो, राम्रो हुनाले ता सबैले खान्छन्, तरकारीको बादशाह भएको हुनाले उसको टाउकोमा मुकुट जड़ेको छ ।' केही समय-पश्चात् अकबरले भन्टाको निन्दा गरे र वीरबलले, 'धर्मावतार! भन्टाको तरकारी खराब हो । बादी गर्छ, त्यसै हुनाले उसलाई बेगुन अर्थात् बैगन भनी निन्दा गर्छन् ।' यस्तो कुरा सुनी रिसाएर बादशाहले भन्दा भए कि वीरबल! तिमी बड़ो झूटो रहेछौ, त्यस दिन तारीफ गरी भन्टालाई ठूलो भन्यौ, आज उसैलाई होच्याई तल खसाल्यौ । वीरबलले हात जोरेर बिन्ती गरे:-

सेवक भन्टाको म ता, हैन, हूँ तिम्रो दास ।
न्याय हओस् यो वीरबल, कसका चाकर खास।।

९३-सबैभन्दा ठूलो को हो ?

सभामा सबै सभासद्हरू बसेको वेलामा एक दिन अकबर बादशाहले वीरबलसित सोधे-वीरबल ! यस संसारमा सबैभन्दा ठूलो को छ ! वीरबलले तत्काल उत्तर दिए-"सरकार ! यस संसारमा सबैभन्दा ठूलो बालक हो। किनकि राजा, काजी, बादशाह, धनी, निर्धन, दाता, कृपण कोही पनि बालकभन्दा ठूलो हुन सक्तैन ।"

बादशाहले मुसुक्क हाँसेर फेरि सोधे-'वीरबल ! यो त निकै रमाइलो कुरा सुनायौ, तर यसको कुनै कारण वा प्रमाण पनि प्रस्तुत गर्न सक्छौ ?' वीरबलले तुरुन्त बिन्ती

गरे-'हे प्रभु ! यसको उदाहरण वाणीले बुझाएर बुझिन्न, मौकाको प्रतीक्षा गरे प्रत्यक्ष देख्न र बुझ्न पाइन्छ ।'

त्यसपछि बादशाहले 'हुन्छ' भनेर सन्तोष गरे । त्यसको आठ-दश दिन जति बितेपछि एक दिन वीरबल यौटा डेढ़ वर्ष जतिको सानू बालकलाई काखमा बोकेर बादशाहसित भेट गरे । त्यो बालक हृष्ट-पुष्ट र देख्दा पनि निकै राम्रो तथा रहरलाग्दो थियो । वीरबलको काखमा नयाँ बालक देखेर बादशाहले आफ्नू काखमा लिई प्यारो गर्न लागे । त्यस शिशुले बादशाहलाई कहिले पनि देखेको थिएन ।

बादशाहले आफूलाई प्यारो गरेको देखेर उसले पनि बादशाहका लामा-लामा दाह्री समातेर तान्न लाग्यो । त्यस बालको चाला देखेर बादशाहले झर्किएर वीरबललाई भने-'वीरबल ! तिमीले यो कस्तो मापाको बालक लिएर आयौ ? यसले त मेरो दाह्री समातेर तानिरहेको छ।'वीरबलले तत्काल उत्तर दिए-'धर्मावतार! हजूर ठूलो बादशाह होइबक्सिन्छ भन्ने कुराको त्यस अबोध शिशुलाई के ज्ञान ? यसै कारण मैले सबैभन्दा ठूलो बालक हुन्छ भनेर बिन्ती चढाएको हुँ । त्यसलाई ज मन लाग्दछ त्यही गर्दछ र त्यसले गरेको अनुचित कार्य पनि अपराध मान्नि । सरकारको अंगमा कसैले पनि हात लगाउन सक्तेन, तर यस बालकले दाह्रीको रौ समातेर उखेलिदियो, यसै कारण यो सबैभन्दा ठूलोमा गनियो ।'

यस्तो प्रत्यक्ष उदाहरण देख्न पाएर बादशाह बहुतै प्रसन्न भएर त्यस शिशुलाई लुगा-गहना आदि दिएर घर पठाइदिए । त्यस बालका माता-पिताले पनि वीरबलले गरेको उपकार-प्रति धन्यवाद दिए ।

९४- आधा भित्र र आधा बाहिर

वीरबल आफ्नू घरमा पूजा गर्न पसेपछि फारसी भाषा बोल्ने लेख्ने गर्दैनथे । तर बादशाहको इच्छा यस्तो थियो कि वीरबलले लाचार भएर पूजा गर्दागर्दै फारसी बोल्नुपरोस् । एक दिन बादशाहले यौटा सेवकलाई सानो टुक्रा कागत दिएर भने-'हेर, यो कागतको टुक्रा जुन वेला वीरबल पूजा गर्न बसेका हुन्छन्, ठीक त्यसै बेला उनको हातमा दिनू र बादशाहले यसको उत्तर तुरुन्त माँगेको छ भन्नू ।' सेवकले अकबर बादशाहको आज्ञा अक्षरशः पालन गऱ्यो । अनि वीरबलले पनि बादशाहको चातुर्य थाहा पाए र सेवकको हात यस्तो उत्तर लेखेर पठाइदिए।

धरामरेन्द्रपाणिषु प्रदातुमीहसे धराम् ।
एकत्वमादरात् सदा परेह तत्फलप्रदाम् ।।
पयस्विनीमलंकृता स्वयं सुभक्तिमुक्तिदाम् ।
हदा तदा भवेच्छुभः नीमे दरुँ नीमे बरुँ ।।

हे राजन् ! हजूर सम्पूर्ण पृथ्वी ब्राह्मणलाई दान दिन खोज्नुहुन्छ, तर त्यति ठूलो दानको फल त यौटी उभयमुखी गाई दानले पनि प्राप्त हुन सक्तछ- उभयमुखी भनेको जुन गाईको बच्चा आधा भित्र र आधा बाहिर होस् । फेरि

'नीमे बरुँ नीमे दरुँ को अर्थ पनि- आधा बाहिर र आधा भित्र हुन्छ । वीरबलको यस्तो साहित्यिक चातुर्य देखेर बादशाह निकै प्रसन्न भए र उनको बुद्धिको प्रशंसा गरे ।

९५-सब्जा चामल र विभूति

अकबरको दरबारमा एक दिन वीरबल समयमा आइपुगेका थिएनन् कि एउटा फकीर अकबरको नगीचै आएर सब्जा (हरियो झार) चढ़ाए । केही बेरपछि बाँकुड़ा निवासी एउटा ब्राह्मण आएर बादशाहलाई देवीको प्रसाद र शिवजीको विभूति चढ़ाए । दुवै जना केही धन पाउँला भन्ने आशाले दरबारको एउटा कुनामा उभिरहे । ब्राह्मणको उपहार देखेर अकबरले आफ्नो काजीसित सोधे-'बाहुनले के ल्याएका हुन् ?' काजीले बिन्ती गरे-'चामल, खरानी।' बादशाहले विचार गरे- 'बाहुन मेरो गद्दीलाई खाक गरी खरानी गर्न आएको रहेछ, यसलाई अर्धचन्द्र ख्वाएर निकालिदिनु उचित छ। सोबमोजिम हुकूम दिए. दरबारबाट बाहुनले धक्का खाए र फकीरले ल्याएका सामानमा दृष्टिपात गरेर सोधे- फकीरले के ल्याएछन् ? काजीले जवाब दियो 'हजूर ! सब्जा (हरियो पात) ल्याएका छन्' अकबरले सब्जाको प्यारो नाउँ सुनेर त्यस फकीरलाई एक सय रुपियाँ पुरस्कार दिएर बिदा गरे ।

ब्राह्मणले दरबारबाट घचेटाइ खाई फर्कन लाग्दा बाटोमा वीरबलसँग भेट भयो र जो भएको घटना

बताइदिए । बाहुनलाई त्यही उभ्याई आफू वीरबल दरबार जाँदा भए । दरबारमा पुगेपछि वीरबललाई बाहुनले धक्का खाएको; फकीरले रुपियाँ पाएको हाल थाहा भयो। वीरबलले अकबरसँग बिन्ती गरे– जहाँपनाह ! जुन ब्राह्मणलाई हजूरबाट हेला गरियो, उनलाई यसरी बेइज्जती नगर्नुपर्ने हो । उसले त हजूरको गद्दी अटल रहोस् भन्ने इच्छालें श्रीमहाकालीको प्रसाद अक्षता विभूति दिएको, उल्टो उसलाई धक्का खानु शोभा देखिएन । जसले हजूरको सर्वनास होस् भन्ने अर्थ भएको वस्तु हजूरलाई दियो उसले एक सय रुपियाँ बक्सिस पा यो, कस्तो आश्चर्यको कुरा । हरे, यस्तो चालसँग हजूरको कीर्तिको झण्डा कतिञ्जेलसम्म फहराउला !' बादशाहले भने-वीरबल! त्यसले दिएको खरानी देख्नासाथ यसले मलाई खाक पार्न आँटेछ भन्ने अर्थ मेरो बुद्धिले लगाउँदा मैले त्यसलाई दंड दिएको हुँ । फकीरले सब्जा दिनाको अर्थ म सदा संसारमा हरिलोभरिलो रहुँ । सुन्यौ वीरबल, यो काम मैले खूब विचार गरी गरेको छु, अगाडि तिमीले जो सल्लाह दिन्छौ ।

बादशाहको यस्तो वचन सुनी वीरबलले उल्टो अर्थ झिकिबक्सिएछ । बँकुडाको पंडित बंगाली बाहुनले हजूरको राज्यमा कुभलो चिताउनै सक्तैन, उसले चामल यसकारणले दियो कि हजूरको राज्यमा धनधान्यमा वृद्धि होस् , खुरानी दिनको मतलब के हो भने हजूरका जति वैरी छन्

ती सब खरानीले भस्म हुन् भनेको हो। हिन्दुशास्त्रका नियमले प्रसाद चढ़ाउने बाहुनलाई दण्ड बक्सियो, कुभलो चिताउने बदमाश फकीरलाई रुपियाँ बक्सियो । त्यो फकीरले सब्जा चढ़ाएको अर्थ हजूरले थाहा पाइबक्सिएन, सब्जा 'सब जा' अर्थात् त्यसले हजूरलाई श्राप दियो कि हजूरसँग भएका विभव ऐश्वर्य सब जाओस्, हजूर फेरि भिखारी पल्टनुहोस् ।'

वीरबलले गरेको अर्थले बादशाह सन्तुष्ट भै त्यही ब्राह्मणलाई डाकेर दुई सय थान असर्फी इनाममा बक्सिस दिए, अरू सबै भाइ-भारदारहरूलाई सुनाई भन्दा भए- हे सभ्य, फकीरले ल्याई दिएको वस्तु हाम्रा 'दिन' मा अति पवित्र हुन्छ, यसै उसले मैले फकीरलाई रुपियाँ दिएको हुँ ।

१६- डंकिनी र अप्सरा

वीरबले अकबर बादशाहका अनौठा-अनौठा र अनेक थरीका प्रश्नहरूको उत्तर दिनुपर्दथ्यो । एक दिन बादशाहले सोधे-अप्सरा र डंकिनीको चर्चा त निकै सुनेको छु, तर अब ती दुवैलाई हेर्ने इच्छा छ, के तिमी ती दुवैलाई मेरो सामुन्ने उपस्थित गर्न सक्छौ ? वीरबलले तुरुन्त उत्तर दिए-'अन्नदाता ! अवश्य हाजिर गर्न सक्छु ।'

भोलिपल्टै वीरबल दुइटी स्त्रीलाई साथमा लिएर दरबारमा हाजिर भए-त्यसमा यौटी गृहस्थीकी स्त्री थिई र अर्की बाजारकी वेश्या । वीरबलले गृहस्थीकी स्त्रीलाई

अप्सरा र वेश्यालाई डङ्किनी सिद्ध गरे । अनि बादशाहले आश्चर्य मानेर सोधे-'वीरबल ! तिमी पागल भयौ कि कसो हो ? यो काली पोल्दापोल्दै उम्केकी जस्तीलाई अप्सरा र यो रूपकी रानीलाई डंकिनी सिद्ध गर्न खोजिरहेका छौ ? यसको कारण पनि वर्णन गरेर सुनाऊ ।'बादशाहको चित्त बुझाउन वीरबलले बिन्ती गरे- सरकार, मैले बिन्ती चढाएको सत्य हो । यो काली स्त्री पतिव्रता गृहिणी हो, यसले आफ्ना परिवारलाई सबै तरहले सुखी राख्ने चेष्टा गरिरहन्छे । यो अर्की डंकिनी हो । यसले जसलाई समाउँछे त्यसको सबै तरहले नाश गरेर मात्र छाड्छे । बादशाहले वीरबलको बुद्धिको तारीफ गरेर इनाम पनि दिए ।

९७-अधर महल

एक दिन बादशाहले वीरबललाई भने यौटा 'अधर महल' मेरो लागि तयार गराऊ ! जसको जग पृथ्वीमा नरहोस्, जति खर्च लागे पनि दिन्छु ।

केही बेरसम्म वीरबल चुप लागे र भने-ठीक छ, म क्यै दिनपछि नै अधर महल बनाइदिनेछु । त्यसपछि सधैको झै दरबारबाट घर गए । घरमा गएर उनले धेरै सुगा किनेर ती सुगाहरू आफ्नी छोरीलाई दिएर भने कि यिनीहरूलाई खूब राम्रोसित पढाइदिए । जब वीरबलकी छोरीले सुगाहरूलाई खूब राम्रोसित पढाइदिई त वीरबल उनलाई लिएर दरबारमा गए र दिवानखानाका सबै फाटक

बन्द गराइदिए अनि सुगाहरूलाई उसमा छोडिदिए । तब बादशाहकहाँ गएर भने-पृथ्वीनाथ ! अधर महल तयार छ, सवारी होस् नजर गर्न ।

बादशाह वीरबलका साथ अधर महल हेर्न गए । ज दुवै जना दिवानखानामा पुगे त वीरबलले सबै फाटक खोल्न लगाए त सबै सुगा उडेर छतमा बसेर कराउन लागे-माटो ल्याओ, ईंटा ल्याओ, गारो उठाओ, अधर महल बनाओ, चाँडो गर, ढिलो नगर, ढोका बनाओ, झ्याल बनाओ ।

उता सुगाहरू यस प्रकारको रट लगाइरहेका थिए। यता बादशाह यो सब तमाशा देखेर अचम्भ थिए । अनि बादशाहले सोधे-'वीरबल, यी सब सुगाहरू के भनिरहेका छन् ? तब वीरबलले बडो नम्रताका साथ बिन्ती चढाए-महाराज ! सरकारले अधर महल बनाउन हुकूम भएको थियो । त्यही अधर महल बनिरहेको छ र ई मजदूर राजहरू काम गरिरहेका छन् । यस प्रकारको वीरबलको बुद्धिमानी देखेर बादशाह बहुत प्रसन्न भए अनि उनलाई प्रशस्त पुरस्कार दिएर बिदा गरे ।

१८- डाकेर ल्याऊ

एक दिन बिहानपख निद्रा खुलेपछि हात-मुख धोएर अकबरले कामदारहरूलाई हुकूम दिए- 'डाकेर ल्याऊ ।'

कामदारहरू हडबडाए, कसैले 'यो जान्न सकेन कि

कसलाई डाकेर ल्याउने हो ! बादशाहले 'डाकेर ल्याऊ' मात्र भने । अब कसलाई डाकेर ल्याउने हो? साह्रै कठिन परेको देखी एउटा कामदारले दौडेर वीरबलकहाँ गै खबर गऱ्यो ।

वीरबलले सोधे कि त्यस बेला बादशाह के गर्न लागेका थिए ? नोकरले भन्यो-'जागा भई मुखारी गरी राज भएको थियो ।' यो कुरा सुनी वीरबलले भने बादशाहले तिमीहरूको कत्तिको बुद्धि रहेछ भन्ने अर्थले त्यस्तो हुकूम दिएका हुन्, चाँडो राज-हजामलाई लिएर जाओ ! कामदारहरूले बादशाहको नापितलाई डाकेर लगी हाजिर गराए र बिन्ती गरे-'जहाँपनाह ! डाकेर ल्यायौं !' बादशाहले सोधे-'कसलाई डाकेर ल्यायौ ?'

कामदारले बिन्ती गरे-हामीले हजामलाई डाकेर ल्यायौं। बादशाहलाई साह्रै ताज्जुब लाग्यो र सोधे-साँचो भन, यस्तो ज्ञान तिमीहरूलाई कसले दियो ?

कामदारले हात जोरी बिन्ती गरे-'सरकार ! मुश्किल परेको देखेर हामीहरू वीरबलको शरणमा पऱ्यौं उनैले हजामलाई हाजिर गराओ' भन्ने ज्ञान सिकाएका हुन् । यो कुरा सुनेर बादशाहले वीरबलको खूब तारीफ गरे ।

९९-आज फेलापरेको छ

एक दिन अकबरलाई विचित्र बात दिमागमा आयो र उनले दिल्ली भरिका बनियाँहरूलाई चौकीदारी गर्न आज्ञा दिए ।

बनियाँ डराउने जातै हुन्छ, तिनीहरू साह्रै डराए, सबै वीरबलकहाँ पुगेर भने-'कोही उपाय बताउनुओस् नत्र हामी त्यसै मर्छौं ।' वीरबलले भने कि तिमीहरू सबैले शिरमा सुरुवाल बेर्नू र गोडामा पगरी बाँधेर शहरमा चक्कर लगाउँदै जोड्-जोडले कराउनू कि- 'आज फेला परेको छ' भला बनियाँ कहाँ चुक्नेवाला थिए । उनीहरूले त्यस्तै गरे ।

बादशाह राति भेष बदलेर एकाएक बनियाँहरूको त्यो गति देखेर सोधे-'के गरिरहेको ?' बनियाँहरूले भने-'सरकार ! हामी बनियाँहरू चौकीदारको काम के जानौं; हामीले यस्तो काम जानेको भए किन बनियाँ काम गर्नुपर्थ्यो ।' बादशाह यो सुनेर चुप लागेर स्वीकार गरे कि 'बनियाँ चौकीदारी के जानुन् ।'

१००-सबै मानिसको मनमा के छ

एक दिन सभाभवनमा अकबरले आफ्ना सरदार जागीरदारहरूलाई हेरेर प्रश्न गरे- हे सज्जनहरू! अहिले दरबारमा बसेका जति सरदार, अमीर, साहूकार, महाजन छन्, तिनी सबैजनाको मनमा के छ ?

यस्तो प्रश्न सुनेर सबै त्यहाँ भएका अमीर र सरदारहरूले आफ्ना-आफ्ना मनरूपी मैदानमा बुद्धिरूपी घोडा कुदाउन लागे, तर सबै जनाको मनमा केही कुरो पक्का गरी भन्ने साहस र गर्न सक्ने हुति छैन, सबैले मन्टो निहुराए । अकबरले वीरबललाई हेरेर सोधे -वीरबल!

यस बेला यहाँ भएका सबै जनाको मनमा के छ ? यो कुरा बताउन सक्छौ ?'

वीरबलले बिन्ती गरे-'हजूर ! सक्छु, तर एक-एक मानिसको कुरो बताऊँ कि सबैमानिसको इरादा एकैचोटि बताऊँ ?'

वीरबलको कुरा सुनी अकबर अचम्म परे, एकछिन विचार गरेर सोध्न लागे-'सबै मानिसको मनमा के छ? जवाबमा उत्तर दिन सक्छौ ?'

वीरबलले हात जोरेर बिन्ती गरे-हे बादशाह, यी सबै भारदारहरूका मनमा, जबसम्म सूर्य र चन्द्रमा आकाशमा रहन्छन् तबसम्म हजूरको दरबारमा धन, जन र कीर्तिको वृद्धि हुँदै जाओस् भन्ने यही मनोरथ छ, मैले झूठो कुरो बिन्ती चढाएको छैन, जाँच गर्न मन छ भने हजूरबाट सोधनी गरिबक्सियोस् ।'

वीरबलको बुद्धिको चमत्कार देखेर बादशाहसमेत सबै अमीर भारदाहरूले प्रसन्न भै तारीफ गर्न लागे ।

१०१- जुत्ताको लागि अभिएका छन्

आफ्ना शाही प्रमुख दरबारियासँग बादशाह कही गएका थिए । साँझ फर्कने बेला भएपछि सबै शहरतिर हिंडे । त्यसमध्ये फैजी र वीरबल पहिले नै आइसकेका थिए । अहिलेसम्म बादशाहको पत्तै थिएन । फैजीले वीरबललाई भने- वीरबल ! बादशाहलाई पर्ख । उनी

नमालुम के गरिरहेका छन् ।'

वीरबलले जवाफ दिए 'बादशाह जुत्ताको लागि उभिएका छन् ।' फैजीलाई वीरबलको कुरो समझमा आएन, बादशाहको जुत्ता चोरिएको फैजीलाई थाहा थिएन। फैजीले सम्झे- वीरबलले बदशाहको मजाक गरेका हुन् ।

बादशाहको जुत्ता वीरबलले पहिले नै फैजीको लुगामा पोको पारिदिएका थिए । सबै ठाउँमा खोजिसकेपछि र एक-एक गरेर लुगा हेर्न थालेपछि फैजीको लुगामा बादशाहको जुत्ता पाइयो । तब वीरबलले फैजीलाई खसाल्नसम्म खसाले, बिचरा फैजी परेशान थिए । परन्तु के गर्न सक्थे, दाउ चुकिसकेपछि । अन्तमा उनले वीरबलको कुरो सम्झे कि बादशाह 'जुत्ताको लागि उभिएका छन् ।' बादशासँग फैजीले वीरबलको कुरा लगायो । बादशाहले पनि 'के, कसो हो' भन्ने पत्ता लगाए ।

वीरबलले भने-'हजूर ! मैले यसमा कुन गल्ती गरेको' छु ! मैले उत्तर दिएको थिएँ कि बादशाह 'जुत्ताको लागि उभिएका छन्' किनभने जुत्ता हराएको छ त्यसैलाई खोजिरहेका छन् । हजूर, जुत्ता चोर्छ कसैले, दुःख उठाउँछ कसैले, र कोपभाजन बन्नू म ? दयानिधान! अलिकति ध्यान दिएर सोचिबक्सियोस्-मैले जो भनें, उसमा कुनै कपट कत्ति पनि थिएन । वीरबलको कुरो

बादशाहले बुझेर हाँसिबक्सियो ।

१०२-साँचो र झूठोमा के फरक छ ?

अकबरले वीरबलसँग सभाभवनमा प्रश्न गरे-'वीरबल, चाँडै मैले सोधेको प्रश्नको उत्तर देऊ, साँचो र झूठोमा कति फरक छ ? जाहेर गरी इनाम लेऊ ।' वीरबलले हाँसेर उत्तर दिए-'हुजूर ! चारै अंगुलको फरक छ ।'

वीरबलको यस्तो कुरो सुनी अकबरले आश्चर्य मानी प्रश्न गरे-'सो कसरी ?' वीरबलले बिन्ती गरे-दयासागर ! साँचो पदार्थलाई जान्ने आँखै हो, त्यसै उसले आँखाले देखिएको सत्य हुन्छ अनि आँखाबाट चारै अंगुलमा कान छ, कानको धर्म 'सुन्नु' हो, त्यसले सुनेको झुठो मानिन्छ। यस युक्तिले भरिएको जवाब सुनी सभासद्समेत सम्राट् अकबर खुशी हुँदा भए ।

१०३- एक लाख रुपियाँ पेश्की

एउटा परदेशी सौदागरले एक दिन तुर्कीताजी, अब्लक, अर्बी, चीनियाच्यान्टा, भोटे घोडा र राम्रो राम्रो घोडा ल्याएर बादशाहलाई बडो तारीफ गऱ्यो । बादशाहले सबै घोडा किने र फेरि अरू पनि घोडा लिएर आउनू भनी 'एक लाख रुपियाँ पेश्की' दिए । सौदागरले 'आउँदो वर्ष पानीदार राम्रो घोडा लिएर आउँछु' भनी पेश्की लिई बिदा भयो ।

बादशाहले पेश्की ता दिए, तर सौदागरको नाम र गाउँ सोध्न बिर्से । अकबरले वीरबलसँग सभामा एक दिन प्रश्न गरे-'वीरबल ! हाम्रो मुलुकमा मूर्ख कति छन् ? तिनको नामावली तैयार गरी देखाऊ ।' यस्तो सुन्दा वीरबलले बिन्ती गरे-'पृथ्वीनाथ ! मुलुकमा जति मूर्ख छन् त्यसको सूची पहिले नै तैयार गरी राखिछोडेका छु र त्यसमा पहिला नाम हजूरको लेखेको छु ।'

अकबरले राता राता आँखा गरेर वीरबलतिर हेरेर भने-'कुन कारणले तिमीले मलाई मुर्ख तुल्यायौ ?'

वीरबलले बिन्ती गरे-'पृथ्वीनाथ, माफ पाउँ, कुरो यो छ कि नाम, गाउँ केही नजानी कुनै विदेशी व्यापारीलाई कुराले दंग परी 'एक लाख रुपियाँ पेश्की दिनु बुद्धिमानीको कुरो हो त ?'

यस्तो सुनेर बादशाहले भने-'अचानक सौदागरले घोड़ा लिएर आयो भने त्यो सूचीमा लेखेको मेरो नाम के गर्ने ?'

वीरबल बिन्ती चढ़ाउँछन्- त्यो सौदागर घोड़ा लिएर हजूरको दरबारमा आयो भने मूर्खको सूचीमा हजूरको नाम फेरेर उसको नाम चढ़ाइदिनेछु किनभने चिनजान नभएकोसित लाख रुपियाँ हात पारेपछि चुप लागेर घर नबसी घोड़ा लिएर आउने मानिस पहिला नम्बरको मूर्ख हो । यस्ता कुरा सुनी वीरबलको तारीफ गरी बादशाह चुप लागे ।

१०४-ईश्वरले गर्न नसकेको कुरा मैले गर्न सक्छु?

सभाभवनमा अकबर बादशाह सबैभन्दा पहिले आफ्नो राजसी तख्तामा सुशोभित भै जुन-जुन सरदार-भारदारहरू आउँथे तिनीहरूसित यही माथि लेखिएको दोहो-याउँथे । प्रमाण समेत चढ़ाउनुपर्ने हुनाले कुनै दरबारियाले केही भन्न सकेनन् । यसै बेलामा वीरबल आई बादशाहलाई ढोग गरी आफ्नू आसनमा बस्ता भए ।

अकबरले वीरबललाई प्रसन्न भै भने, हे वीरबल, 'ईश्वरले गर्न नसकेको कुरा मैले गर्न सक्छु ?' होकि भनी सोधे । हो हजूर ! भनी वीरबलले आफ्नो मञ्जूरी दिए । वीरबलले बिन्ती गरे बादशाहले कारण सोधेकोमा-'हजुर ! यस समस्त जगत्का सृष्टिकर्ता भगवान् हुन् । भगवान्ले कुनै मानिसलाई त्यस अपराधको दण्ड दिनुपर्ने भयो भने देश-निकाला गर्नुहुन्न, किनभने सारा संसार वहाँको नै हो । यो काम ईश्वरबाट हुन सक्दैन । तर, हजूर जोसित रिसाइबक्सिन्छ उसलाई सहजै सिमाना कटाउन सक्नुहुन्छ ।' वीरबलको यस्तो जवाब सुनी बादशाह अकबर बहुत प्रसन्न भए, अरू सबै सभासद्हरूलाई ताज्जुब लाग्यो ।

१०५- बहादुर र डरछेरुवा

अकबरले वीरबललाई एक दिन हुकूम दिए कि

वीरबल, दुनियाँमा बहादुर जो छ उसलाई र जो डरछेरुवा छ उसलाई पनि हाजिर गराऊ ।

वीरबलले हुकूम पाउनासाथ बाहिर निस्केर यौटी बजारु स्वास्नीमानिसलाई आफ्ना साथमा लिई दरबारमा हाजिर भए । अकबरले वीरबका साथमा यौटी स्त्री जातिलाई देखेर आश्चर्यसँग सोधे-'वीरबल ! मैले तिमीलाई दुई जना ल्याउन भनेको हुँ, तिमीले ता यौटे लिएर आएछौ !

वीरबलले बिन्ती गरे-'पृथ्वीनाथ ! यो स्त्री बहादुर र डरछेरुवा दुवै छ ।' बादशाहले सोधे, 'सो कस्ता हिसाबले वीरबल ?'

वीरबल बिन्ती गर्छन्-पृथ्वीनाथ ! यसभन्दा बहादुर को होला ?

साउन्को घोर् अँध्यारो निशिबिच
रतिभर् चित्तमा डर नराखी
घर्देखी सुस्त निस्की उपपतिसँग
गै प्रेम-पीयूष चाखी ।
पाखी ओढेर कालो लुकि-छिपिकन
यो फर्कि घर्भित्र आई
सुत्छे जस्ता कि तस्तै भइकन
पतिका काखको गर्मि पाई ।।

यो जस्ती डरछेरुवा पनि कोही छैन किनभने सुनि बक्सियोस्-

रात्मा गै युवती सहर्ष पतिका सुत्छे पलङ्मा जसै ।
मूसाको यदि शब्द होस् तपनि सो उठ्तीन डर्ले कसै।।
रात्मा जानुपरोस् दिसा त पति लैजान्छे उ साथी पनि।
तर्सन्छे गइ चर्पिमा उहि बखत् देखेर साङ्ला पनि।।

बादशाहले वीरबलको यस्तो जवाब पाई प्रसन्न भएर दश गाउँ बक्सिस भयो ।

१०६- अकबरनामा

अकबर स्वाभिमानी व्यक्ति थिए र उनी आफूलाई युगदियुगसम्म आर्दशरूपमा आफ्नो नाम रहोस् भनिठान्थे र उनले वीरबललाई भने-'पत्र लेख्दा पत्रको शुरूमा हिन्दूहरूजसरी 'राम' नाम लेख्छन् त्यसै गरी अबदेखि त्यसको सट्टामा 'अकबर' नाम लेखे के हुन्छ ?'

बादशाहको यस्तो बात सुनेर वीरबललाई हाँसो त उठ्यो, तर गम्भीर भएर भने कि -त्यसो भए हजूरको नामले पनि पत्थर पानीमा पौरिन थाल्छन् । जस्तै रामको नामले सबै ढुङ्गा पानीमा पौरन थाल्थे । बादशाह यस उत्तरले लज्जित भए र फेकिर 'राम' नामको बदलामा 'अकबर' नाम लेख्ने कुरो कहिल्यै मनमा पनि सोचेनन् । उनको इच्छा थियो कानून बनाएर हिन्दुहरूलाई 'राम' नामको ठाउँमा 'अकबर' नाम लेख्ने प्रचलन चलाउनु ।

१०७- कुवाको भित्र औंठी

वीरबलका साथमा अकबर बादशाह ५/६ सरदार बहादुरलाई लिई घुम्दै फिर्दै शहर-बाहिर आइपुगे । त्यहाँ

एउटा सुकेको कुवा थियो । अकबरले औलाबाट औठी झिकी त्यही ईनारमा खसाई वीरबललाई भने-'हे वीरबल ! कुवामा डोरी नहाली, कुवाभित्र मानिस नपसाई जसले मेरो औठी निकालेर ल्याउँछे उसलाई मबाट दश गाउँ बक्सिस पाइनेछ ।'

तब वीरबलले बिन्ती गरे -'हजूरको औठी एक महीनामा टक्र्याउनेछु ।' यस्तो कबूल गरेर वीरबलले तुरुन्तै, एउटा गोठालोलाई बोलाएर एक टोकरी गोबर ल्याई त्यही कुवामा हाली फर्केर घर गए । ईनारमा हालेको गोबर सुकी औठीमा टाँसियो होला भन्ने विचार गरी बीरबलले त्यस इनारमा हजारौं गाग्रा पानी हाल्न लगाई आफू अकबरलाई लिएर त्यहीं आउँदा भए । त्यो इनारमा जलपूर्ण गोबरबाट औठी अकबरलाई नजर गराए । अकबरले आफ्नू प्रतिज्ञा-अनुसार वीरबललाई दश गाउँ बक्सिस दिए ।

१०८- जमीनमा खुट्टा राख्तिनँ

बादशाह एक दिन वीरबलमाथि धेरै ने रिसाएर कठोर शब्दमा भने कि 'जाऊ ! 'आजदेखि फेरि मेरो जमीनमा खुट्टा नराख्नू ! नत्रभने ज्यानैबाट हात धुनुपर्ला ।'

वीरबलले तुरुन्त दरबार त्यागिदिए । वीरबल गएको देखेर उनका दुश्मनहरू खुशी भए । तर अरू गुणग्राही दरबारियाहरू धेरै दुःखी भए ।

वीरबल हराएको धेरै दिन बितेर गए, तबसम्म बादशाहको रोस पनि शान्त भैसकेको थियो । बादशाहलाई वीरबल नभइ नभएको हुनाले शून्यता र राज्यप्रबन्धमा आइपरेका अडचनहरूलाई हल गर्न काफी मुश्किल परिरहे को थियो ।

बादशाह बारम्बार सोचिरहन्थे कि वीरबललाई कसरी बोलाउने ! र वीरबल कहाँ के गरी रहेका छन्, केही थाहा थिएन । एक दिन बादशाह आफ्नो महलको ख्यालबाट हेरिरहेका थिए । यस्तैमा एउटा गोरुगाडा आइरहेको थियो । उनले त्यसै बेला त्यो गोरुगाडा रोक्न लगाए र आँफू उही गई वीरबललाई हप्काएर भने- 'मैले भनेको किन मानेनौ ?'

वीरबलले बिन्ती गरे- हुजूर ! जुन दिन हजूरले मलाई हुकूम बक्सियो कि 'मेरो जमीनमा अब-उप्रान्त खुट्टा नराख्नू' भनेर उसैदिन म उहाँबाट नेपाल गएँ र उहाँ गएर उहाँबाट उहाँको बालुवा यस गोरुगाडामा लादेर ल्याएको छु र यसैमा रहन्छु । म सोच्तछु कि- 'हजूरकी आज्ञाको उल्लघन गरेर को प्राण फालोस् ?'

यस्तो सुनेर द देखेर वीरबलले आज्ञापालन गरेको देखेर प्रसन्न भै दरबारमा आउने आदेश दिए ।

१०८- वीरबलको रंग

वीरबल काला थिए । मानिस कतिसम्म राम्रा हुन्छन् भन्ने कुरा अकबरी दरबारमा कुरा निस्क्यो । वीरबलको

कालो रंग देखेर सबै हाँस्न लागे । वीरबललाई बादशाहले सोधे-'वीरबल ! अरू सबै गोरा छन्, तिमी किन काला छौ ?' वीरबलले सुनेर बिन्ती चढाए-'हजूर ! यसको कारण तपाईलाई थाहा छैन ?' बादशाहले भने-'अहँ, मलाई थाहा छैन । तिमी नै बताऊ ।'

वीरबलले बिन्ती गरे-"बादशाह सलामत ! भगवान्‌ले सृष्टिका आदिमा पैले रूख र लहरा उत्पन्न गरे, तापनि चित्त बुझेन र अर्कोपल्ट जनावर-चरानुरुङ्गी उत्पन्न-गरे, एकछिन ता तिनीहरूलाई देखेर विधाताको मनमा सन्तोष भयो, फेरि अलिबेर विचार गरी उत्तम प्राणी गर्नुपऱ्यो भन्ने ठानी मानिस सृष्टि गरी तिनीहरूलाई यी चार पदार्थमा जुन-जुन चीज जति-जति लिन मन लाग्छ गएर उति-उति लेओ, म्याद नाघेपछि लिन पाउनेछैनौ भने । ब्रह्माजीको यस्तो आज्ञा सुनेर मैले उचित ठानी बुद्धि लिन गएँ । यस काममा मलाई केही समय लाग्यो । बुद्धि लिएर अरू थोक्र लिन जाँदा त म्याद नाघिसकेको रहेछ र मैले लाचार भै बुद्धि मात्र लिएर बसें । तर हजूर र यी भारदारहरूले रूप, द्रव्य र बलको लालच गरी पूर्ण बुद्धि लिन पाउनुभएन । त्यसकारणले म कालो भएको हुँ ।' वीरबलको यस्तो जवाफ पाई अकबर बहुत प्रसन्न भए । उनले यो विचार गरे कि वीरबलले आफूलाई पूर्ण बुद्धिमान् बनाई बादशाहलाई 'राम्रो' मूर्ख बनाए ।

वीरबलको चतुराइले भरिएको कुरा सुनी सारा

दरबारियाहरू पनि खुशी भए । उनीहरूले बेकायदासित वीरबलको ठट्टा गर्न जाँदा लज्जित हुनुपऱ्यो। बीरबलले बादशाह-लगायत सबै सरदार भारदारहरूलाई आफ्नो दिमागको जोरले वशमा गरिलिए ।

११०- बादशाहको फर्माइश

वीरबलका कुशाग्र बुद्धिको परीक्षा अकबर बादशाहले लिने मन गरे । त्यसकारण जसै वीरबल दरबारमा आए, उनले वीरबललाई चारवटा जीवधारी (मान्सि) ल्याउने हुकूम दिए र भने कि जीवधारीहरूमा निम्नप्रकारका गुण हुनुपर्छ ।१-यहाँ होस्, त उहाँ छैन । २-उहाँ होस् त यहाँ छैन । ३-उहाँ यहाँ कही पनि नहोस् । ४-यहाँ पनि उहाँ पनि होस् ।

वीरबलले यो कुरा स्वीरकार गरेर उत्तरको खोजीमा हिंडे । अलि पर पुगेपछि एउटा भिखारी फेला पारे । त्यसलाई धनको लालच दिएर आफ्नो साथमा लिए । केही पर गएपछि एउटा साधु भेटियो । त्यसलाई पनि वीरबलले आफ्नो साथमा लिए । त्यसपछि शहरको एउटा दानी सेठ र वेश्यालाई पनि साथमा लिए र वीरबल दरबारमा हाजिर भए । बादशाहले 'यी को हुन् ?' भनेर सोधेपछि वीरबलले-'यी चारै प्राणी हजूरका प्रश्नका उत्तर हुन्' भने, अनि उनले खुलासा गरे-

१-यो हो वेश्या । वेश्या त हुँदै हो, तर यसको काम यति घृणित छ कि यो आफ्नो कर्मले उहाँ (स्वर्गमा)

कैले पनि जान पाउँदिन, त्यसकारण यो यहाँ छे, उहाँ छैन।

२-अनि वीरबलले साधुलाई देखाएर भने यी रात-दिन ईश्वरको भक्तिमा आफ्नू समय व्यतीत गर्छन् । कसैले खान दिए खान्छन्, नदिए भोकै बस्छन्, त्यसकारण यिनको लागि यति नै भन्न सकिन्छ कि 'यस लोकमा यिनी छैनन्, तर मृत्यूपछि यिनी अवश्य मोक्ष हुन्छन् र स्वर्गमा वास पाउँछन् अतः यिनलाई भन्न सकिन्छ-'यहाँ छैन, उहाँ छ'।

३-त्यसपछि ढोका-ढोकामा घुमेर भीख माँग्ने भिखारीतिर देखाएर भने-यो एउटा खराब काम हो । त्यसकारण न त यसलाई यहाँ सुख छ न त यसलाई स्वर्ग मिन्दछ । अतः यो यहाँ पनि छैन, उहाँ पनि छैन ।

४-पछिबाट शहरका दानवीर सेठतिर देखाएर बादशाहसित परिचय गराएर-यिनमा भगवान् र लक्ष्मीको कृपादृष्टि छ, यिनी आफ्नू धन दान-पुण्यमा खर्च गर्दछन्। यसकाण यिनी यहाँ पनि सुखी छन्, उहाँ स्वर्गमा पनि सुखी रहनेछन् ।

बादशाह तथा सबै भारदारू वीरबलको यस बुद्धिमानीले प्रसन्न भए । बादशाहले चारै जनालाई उचित पुरस्कार दिएर बिदा गरे ।

१११-हातको चुरा र दाहीको केश

अकबर र वीरबल दरबारको काम सकी दुवै जना बसेको वेलामा अचानक अकबरले यस्तो कुरा सोधे-हे वीरबल ! तिमीले आफ्नी श्रीमतीको हात दिनदिनै समात्ता

होलाऊ, तिनका हातमा कति ओटा चुरा छन्, बताऊ ? वीरबल जवाफ दिन नसकी चुप लागिरहे । तिनी झुठो कुरो गर्दैनथे ।

उनले बिती गरे-हजूर ! दिनमा एक दुइपालि हात समात्तछु, तर हजूरको बाहुली ता दिनमा कैयौपल्ट दाह्रीमा लाग्छ, लौ त हजूरै हुकुम होस् कि हजूरका दाह्रीमा कति केश छन् ? वीरबलको जवाफ सुनी अकबर चुप लागे । अलिबेरपछि विचार गरेर जवाब दिए, वीरबल ! दाह्रीको केश ता कोही गन्दैन, तर तिमीले चुरा त अवश्य गनेका होला ?

अकबरको यो बात सुनी वीरबलले बिन्ती चढाए-'आइ-माई जातिको कुरा गरी साध्य छैन, कहिले धेरै चुरा लाउँछन्, कहिले थोरै लाउँछन्, तर हजूर भन्नुहोस् कि हजूर महलमा सवारी हुँदा, सधै जुन सिंढीबाट खुट्टा राखी सवारी हुन्छ, त्यसमा जम्मा कति सिंढी छन् ? बादशाहले भने वीरबल ! सिंढीका खुड्कीला ता मैले कहिल्यै गनिनँ ।

यस्तो सुनी वीरबलले बिन्ती चढाए-

सिंढी चढी नित्य हुने सवारी,
उही प्रभूमा नहुने जहारी ।
स्त्रीका चुरा येति भनेर मैले,
कसोरि बिन्ती गरिसक्छु ऐले ।।

यस्तो जवाब सुनी अकबर बहुत प्रसन्न हुँदा भए!

१७२- धेरै-थोरै

वीरबलकी नौ वर्षकी छोरी पनि दरबार हेर्न गइन् । बादशाहले उसलाई देखेर बहुतै खुशी भएर सोधे-छोरी, कयै कुरा गर्न सक्छ्यौ ? छोरीले जवाफ दिई-'धेरै-थोरै, कुरा गर्छु । तिनको मधुर स्वर सुनेर बादशाह खुशी भएर सोधे-छोरी, 'धेरै-थोरै' को के मतलब हो ?

लड्कीले एकपालि बादशाहतिर हेरी र आफ्नू टाउको निहुराई, आफ्ना पासमा बसेको एउटा सानो बच्चालाई काखमा लिएर प्यारो गर्न लागी ।

बादशाहले विचार गरे-यो लड्कीले जवाफ दिन सकिन । तब उनले वीरबललाई भने तिमी त छोरीको धेरैजसो बयान गर्थ्यौं कि उ जवाफ दिनमा धेरै चालाक छ । बेकार यसको तारीफ गर्ने गर्थ्यौं ।

वीरबलले ठाने- बादशाहले लड्कीको संकेत बुझेनन्। तब उनले सम्झाएर भने-जगत्पति, हजूरको प्रश्नको उत्तर यस बच्चीले दिइसकी, किन रिसाउनुहुन्छ ? बादशाहले सोधे-कसरी ? वीरबलले भने-लड्कीले पहिला तपाईतिर हेरी, फेरि टाउको निहुराई । यसको मतलब यो हो कि-हजूर मभन्दा ठूलो होइबक्सन्छ, त्यसकारण हजूरसँग म थोरै बोल्छु । त्यसपछि उसले सानू बच्चालाई काखमा लिएर प्यारो गर्न थाली, यसको मतलब यो हो कि-जो मभन्दा सानू छ, उससँग धेरै बोल्दछु । यसरी 'धेरै-थोरै' को उत्तर उसलेदिइसकी । बादशाहले लडकीको आशय

बुझेर प्रसन्न भई उसलाई धेरै-धेरै पुरस्कार दिएर बिदा गरे।

११२- बानी परेकोलाई घीन लाग्दैन

अकबर र वीरबल जाँदा-जाँदा एउटा चौबाटामा पुगेर अब यहाँबाट शहरको हालचाल बुझ्नलाई आफ्नो अर्कै भेष धारी हिड्दा भए । त्यहाँ यौटा सानो गल्लीको मुखमा कुनै उन्नाइस-बीस वर्षकी, जीउमा महारोग लागेकी, पिनासने दुवै नाक झरेकी, बान्की पनि नराम्रो परेकी, शिरको केशमा बाह्र वर्षदेखि मइलो जमाएकी र लट्टा पारेकी, दुर्गन्धले भरिएको फाटेको चोलो लगाएकी र-उभिइराखेकी, लट्टा परेको सुँगुरको पुच्छर जस्तो-चुल्ठोलाई अगाडि ल्याई जवानीको निशानी भएको ठोस जोवनलाई आधाहुँदो छोपी लाज बचाएकी, मुखबाट च्याल चुहाएकी, एउटा आँखा फुटेर अर्कोमा चिथराले बेरेकी, ५/६ महीनाको पेट बोकेकी भिखारिनीलाई आफ्नू जोडीको बाटो हेरी उभिरहेकी देखेर अकबरले वीरबललाई भने-वीरबल ! दुनियाँमा कामदेवको महिमा अपार छ । त्यसका अगाडि सबै हार्दछन्, त्यस्ती बेकामकी काली कलुटीलाई नकच्चरो मानिसले भेट्टाई, दोस्ती लगाई पेट पनि बोकाइदिएछ, हेर, त्यस उल्लूको अक्ल कहाँसम्म खिएछ ।

त्यस्ता कुरा सुनी वीरबलले भने-'हजूर ! बानी छोड्दैन, बानी लागेकोलाई घीन पनि लाग्दैन, यो भिखारिनी कोही व्यसनीको फेला परिछ र त्यसकै साथमा आफ्नो कालो मुख गरिछ । हजूर, जो कामातुर हुन्छ उसले डर

र लाज भयो, पात्र भयो, घीन भयो केही विचार राख्दैन। यस्तो कुरा सुनी साह्रै आश्चर्य गरी अकबरले वीरबललाई सोधे-वीरबल ! त्यस्ती भिखारिनी स्वास्नी राख्ने कुन बदमाश होला ! के तिमी त्यसको लोग्ने देखाउन सक्छौ? वीरबलले बिन्ती चढ़ाए-हजूर! यसको पोइ फेला पर्छ । धेरै कठिन काम होइन, हामी अलि लुकेर बसौं अनि अवश्य पत्ता लाग्ला । यो कुरालाई बादशाहले 'ठीक छ' भनी दुवै जना एक घरको आडमा उभिएर त्यसैलाई हेरिरहे ।

आधा घडी बितेपछि, एउटा सुकुलगुण्डा हातमा सुर्ती मल्दै आयो र गल्लीको छेउमा मूसाको दुलो थुत्र भनी चमारेहरूले चून सुर्खी लगाई मरम्मत गरेको ठाउँमा गै, कसैलाई नदेखी निहुरेर त्यही चून कोट्याई सुर्तीमा हाली फर्क्यो । यस्तो तमाशा देखेर वीरबलले अकबरसँग भने-'हजूर ! मेरो विचारले भिखारिनीको लोग्ने यही हो, किनभने यसले बानी लागेको हुँदा सुर्ती खानलाई चून नपाई, घीन नमानी नालाको चून समेत कोट्याई सुर्तीमा मिलाई मुखमा हाल्यो, अम्मली पूरा रहेछ, अम्मलीले जात कुजात, सफाइ केही पनि हेर्दैन, खालि आफ्नो मतलब खोज्छ ।' त्यस्तो उत्तर पाई बादशाह केही बोल्न नसकी विचार गरिरहेका थिए । त्यत्तिकैमा त्यो मानिस त्यही भिखारिनीनेर गई केही इशारा गरी गल्लीतिर पस्तो भयो। त्यो मानिसका पछाडि लागेर त्यो भिखारिनी पनि गल्लीभित्र

पस्ती भई ।

वीरबलको बात सत्य मानी हाँस्तै बादशाह दरबारतिर फर्के । वीरबल पनि घरतर्फ फर्के ।

११४- सबैभन्दा बाठो बनियाँको जात

बादशाह अकबरले वीरबललाई सोधे-"वीरबल, बताऊ त सबैभन्दा बाठो को हुन्छ ?"

बादशाह अकबरको मुखबाट यस्तो प्रश्न सुनेर वीरबलले तुरन्तै जवाफ दिए कि-'सरकार ! सबैभन्दा बाठो बनियाँको जात हुन्छ ।'

बादशाहले भने-'तिमीले भन्दैमा मलाई विश्वास लागेको छैन, त्यसकारण मलाई प्रमाण सिद्ध गर !'

अर्को दिन वीरबलले दिल्ली शहरका पाँच सात ओटा बनियाँलाई लिएर बादशाही दरबारमा लगे । दरबारमा हाजिर भएपछि बनियाँहरू साह्रै डराए र विचार गरे कि कस्तो झंझट आइलाग्यो । त्यत्तिकैमा वीरबलले ती सबैका हातमा अलिअलि मासको दाल दिए र सोधे कि-'यो के हो ?'

सबै बनियाँ जान्दथे कि यो मासको दाल हो, तर तिनीहरूको बुद्धि काम गरिरहेको थिएन, बादशाहले हामीद्वारा यो किन जात्र चाहिरहेका छन् ! उनी पनि त जान्दछन् कि यो मासको दाल हो । यसमा केही न केही भेद छ। यस्तो विचार गरी सबैले उत्तर दिन शुरू गरे-

यौटाले भन्यो-'जगत्रक्षक ! यो मटर हो, दोस्राले

यो मूगी हो, यसै गरी अरूहरूले पनि बेग्लाबेग्लै नाम बताए ।

बादशाहले सबैको मुखबाट बेग्लाबेग्लै नाम सुनेर अचम्म परे-'अरे मूर्खहो ! के देखिरहेका छौ- यो मासको दाल हो । देख्तादेख्तै पनि तिमीहरू के भनिरहेका छौ ?, बादशाहको मुखबाट 'मासको दाल' हो भन्ने सुन्नेबित्तिकै सबैले एकमुख लागेर भन्न थाले-'हो हजूर ! यो त्यसैको दाल हो ।'

वीरबलले सोधे-'साँचै भन यो क्या हो ?' तब बनियाँहरूले भने 'त्यही हो, जो बादशाहबाट हुकुम भो।' वीरबलले भने त्यो मलाई थाहा छैन, तिमीहरू नै भन-'उनले के भने ?'

तब फेरि बनियाँहरूले भने-'हजूर ! हामीले पनि बिर्सियौ ।'

भन्नुको मतलब यो हो कि ती बनियाँहरूले एकपल्ट पनि आफ्ना मुखबाट 'यो मासको दाल हो' भनेनन् ।

बादशाहको भनाइ-अनुसार वीरबलले ती बनियाँहरूलाई बिदा दिए र त्यसपछि भने- देखिबक्सियो हजूरले, यिनीहरूले एकपल्ट पनि 'मास' भनेनन् । बादशाहले पनि भन्ठाने कि बनियाँ बाठा हुँदा रहेछन्।

११४- वीरबलका जहान र केटाकेटीको परीक्षा

सानोतिनी मुद्दा वीरबलले नै छिनिराखेका थिए

किनभने सभाभवनमा बादशाहलाई कामको होलो थियो। त्यसै बीचमा अकबरलाई पट्टाई लाग्यो र केही कुरा सम्झेर सभाबाट उठी दरबारभित्र गएर भेष बदलेर चार मानिसलाई साथमा लिई वीरबलका जहान र केटाकेटीको बुद्धिको परीक्षा लिन भनी सोझै वीरबलका घरमा जाँदा भए । घरको आँगनमा एक सानू बालक खेल्न लागेको थियो । त्यतिखेर वीरबलको घरमा अरू केटाकेटी-बाहेक लोग्नेमानिस कोही पनि थिएनन् । स्वास्नीमानिसहरू मात्र थिए ।

बादशाहलाई देख्नासाथ केटोले केटीलाई भन्यो- 'उ आयो' यस्तो कुरा सुनी केटीले बादशाहलाई हेरी केटासित भनी-'उ छैन ।' दुवै केटाकेटीको कुरा सुनी भित्रवाट वीरबलकी स्वास्नीले भनिन्-'यस्तो पनि हुन्छ ?'

तीन जनाको यस्तो कुरा सुनी फर्केर त्यहाँबाट हिंडी सरासर अकबरले सभामा आई सरदारहरूलाई हेरी, 'उ आयो' उ छैन, यस्तो पनि हुन्छ ?' यो तीन शब्दको अर्थ सोद्धा भए । कुनै सरदारहरूको मुखबाट पनि बोली निस्केन । कस्ता मूर्खहरूको फेला परियो ।' भनी अकबरले सरदारहरूलाई मूर्खमा गिन्ती गरी वीरबललाई यही प्रश्न सोधे ।

बादशाहको प्रश्नको जवाफमा वीरबल हात जोरी बिन्ती गर्दछन् 'हे स्वामीनाथ ! यो तीन वाक्य कुनै मूर्खका लागि भनेको हो, प्रश्नको मतलब क्या हो भने जुन बखतमा घरको मालिक, उसका घरमा हुँदैन, त्यस

बेला सभ्य मानिसले मालिक नभएको बेलामा जानु हुँदैन, यदि कोही मानिस, 'कोर्काली मूर्ख' कसैको घरमा जाओस्, उस बेला घरमा कोही लोग्नेमानिस नरहोस्, त्यस मौकामा घरका जहानहरूले माथिको प्रश्न गरून् त सभ्य मानिसले यस्तो मतलब हो भनी बुझ्नुपर्छ-उ आयो अर्थात् गोरु आयो, उ छैन अर्थात् सीङ छैन, यस्तो पनि हुन्छ ? अर्थात् सीङ नहुने गोरु पनि हुन्छ ? यस्ता कुरा सुनी अकबर शर्मिन्दा भए ।

११६- वीरबललाई जुर्माना

वीरबलले बादशाहलाई एक दिन भने कि जब पनि मबाट कुनै गल्ती हुन्छ, त्यसको जाँच उसै मानिसबाट गरियोस्, जसलाई मैले चुन्छु ।

बादशाह वीरबलको कथनमा सहमत भए, कदाचित् एक दिन वीरबलसित ठूलो गल्ती भयो । वीरबललाई दण्ड सुनाउन बादशाह उत्सुक थिए । उनले वीरबललाई दरबारमा आउनका लागि भने । उनी आएपछि भने कि तिमीबाट ठूलो गल्ती भएको छ, त्यसकारण तिमीलाई अपराधको भागी हुनुपर्छ । बादशाहले वीरबललाई उनको अपराध भनिदिए ।

वीरबलले यसो विचार गरे, पक्का पनि बादशाहले दण्ड धेरै कठोर दिनेछन्, धेरै विचारेर भने-हजूर ! सरकारसित मैले एउटा वचन माँगेको थिएँ र सरकारले दिइ पनि बक्सेको थियो । अब त्यसको समय आएको

छ, त्यसकारण त्यो वचनलाई पूरा गर्नुपऱ्यो ।

बादशाहले सम्झे कि उनले वीरबललाई एकपालि वचन दिएका थिए । बादशाहले वीरबललाई यो ढाढस दिए कितिमीले भनेको मानिसद्वारा नै, न्याय हुनेछ ।

वीरबलले पाँचओटा 'सार्की' लाई बोलाए । अकबरले सोचे यी सार्कीले के न्याय गर्लान र तापनि उनले सन्तोष गरेर सार्कीको न्यायलाई मात्रै मन्जूर गरे।

पाँचओटा सार्कीले वीरबलको विरुद्ध लगाएको आरोपको जाँच गर्न थाले । सबैले एकमत भएर राय प्रकट गरे कि वीरबलले बड़ा भारी अपराध गरेका छन्, त्यसकारण यिनलाई कठोर दण्ड दिनुपर्छ ।

सार्कीहरूलाई वीरबलले धेरै सताएका थिए । तिनीहरू मनमनै खुशी भइरहेका थिए कि वीरबललाई धेरै जुर्माना हुनुपर्छ ।

पहिला पञ्च चौधरीले भने कि वीरबलको अपराध धेरै ठूलो छ, त्यकारण यिनलाई सात बीस र दश रुपियाँ जुर्माना गर्नुपर्छ ।

पहिला चौधरीको कुरा सुनेर दोस्रो पंच बोले–यो बीस एकदम धेरै ज्यादा भो, त्यसकारण मेरो विचारले त सात बीस मात्रै जुर्माना हुनुपर्दछ ।

पहिलो र दोस्रो चौधरीको कुरा सुनेर तेस्रो चौधरीले भन्यो कि ठीक छ– वीरबलको अपराध ठूलो छ, तर सात बीस रुपियाँ जुर्माना गर्नु त उनको अपराधभन्दा पनि झन्

ठूलो अपराध हुनेछ । उल्टो हामी आफै पो अपराधी ठहरिनेछौं । यसकारण मेरो विचारमा त जुर्मानाको रकम छः बीस दश मात्र हुनुपर्छ अर्थात् एक सय तीस रुपियाँभन्दा ज्यादा हुनु हुँदैन ।

यसरी तीनजना पञ्चले आफ्नो-आफ्नो निर्णय दिए। अनि चौथाको पालो आयो, उ त छः बीसै दश रुपियाँको नाम सुन्दै खेरि काम्न लाग्यो । ओहो, छः बीसै दश रुपियाँको जुर्माना त ज्यादै ठूलो हुन्छ । बिचराले यतिको रुपियाँ कहाँबाट ल्याएर दिन्छन्, न्याय गर्न बसेपछि अन्याय हुने कुरो गर्नु हुँदैन । उनले तिर्न नसक्ने जुर्माना गर्नु त महाअन्याय हुनेछ । धेरै सोचेर उनले केवल पाँच बीस मात्रै हुनुपर्छ, जुर्माना गर्न पाएँ भन्दैमा अन्याय हुने गरी गर्नु हुँदैन ।

चारै जना पञ्चले आ-आफ्नू निर्णय सुनाइसके । अब मात्र अन्तिम निर्णायक यौटा पञ्च बच्यो । चारवटा पञ्चले जति जुर्माना सुनाएका थिए उसको चर्चा गर्दै पाँचौं पञ्चले भन्यो- सय रुपियाँ जरिवाना धेरै हुन्छ, मेरो विचार त दुई बीसै दश रुपियाँभन्दा धेरै जुर्माना गर्दा न्याय गर्नेलाई भारी पाप लाग्छ । त्यसो हुनाले दुई बीस दश रुपियाँभन्दा धेरै जुर्माना गर्न हुँदैन ।

पाँचौं पञ्चको अन्तिम निर्णय सुनेर पहिलाका चार ओटा पञ्चले आफ्नो गल्ती स्वीकार गरे र भने वास्तवमा हामीहरूले धेरधेरै जुर्माना गऱ्यौं, दुई बीस दश पनि के

कम हो र तापनि दण्ड त दिनैपर्छ, त्यसो हुँदा दुई बीस दश रुपियाँ जुर्माना वीरबलले अवश्य दिनैपर्छ, त्यसो भनी पाँचै पञ्चले आफ्नो स्वीकृति दिए । सबै पञ्चले बादशाहलाई एकस्वरले बिन्ती गरे-प्रभु! जुर्मानाको रकम धेरै बेसी छ, त्यसो हुँदा वसूलीमा कडाइ गर्न हुँदैन, वीरबलले थोर-थोरै गरेर दिन्छन् ।

यसरी पञ्चहरूको न्याय देखेर बादशाहले बुझिहाले कि वीरबलले सार्कीहरूलाई किन पञ्च बनाएको ! तर साथसाथै बादशाहलाई धेरै दया आयो र आफ्नो मनमा सोचे 'बिचारा यी सार्कीहरू गरीब छन्' पचास रुपियाँ जाबो पनि यिनको लागि कता हो कता, उनले गर्न पनि केही सक्दैनथे । पाँचै पञ्चलाई उनको मिहिनेताना दिएर बिदा गरे र वीरबललाई पनि पुरस्कार दिए । कहाँ बादशाह वीरबललाई दण्ड दिनेवाला थिए, कहाँ उल्टै पुरस्कार पो दिए ।

११७-दुनियाँमा अन्धा धेरै छन् कि आँखा भएका?

बादशाहले वीरबलसँग प्रश्न गरे-दुनियाँमा अन्धा धेरै छन् कि आँखा भएका धेरै छन् ? वीरबलले बिन्ती गरे-हजूर, आँखा भएका मानिसभन्दा अन्धा नै धेरै छन् । बादशाहले 'यसको प्रमाण देऊ' यस्तो भनेको सुनेर वीरबलले बादशाहलाई भोलि बिन्ती चढाउँछु भने ।

वीरबल एउटा बैदारलाई लिएर भोलिपल्ट बीच

बजारमा बसेर जुत्ता सिउन लागे । त्यस्तै वेलामा बादशाह आइपुगे र अकबरले वीरबललाई सोधे-'वीरबल, के गरिरहेका छौ ?'

यस्तो सुन्नासाथ वीरबलले आफ्नो बैदरलाई बादशाहको नाम अन्धाको लिस्टमा लेख भनेर अह्राए, बैदारले त्यसै गरे । अलिबेरपछि त्यही बाटो डुल्दै फिर्दै अनेक सरदार नवाब आए र उनले सोधे- के गरिहेका छौ ? उनको नाम पनि अन्धाको लिस्टमा लेखियो, र जसले 'आज किन जुत्ता सिइरहेका छौ ?' भनी सोधे उसलाई आँखा भएका मानिसको नामावलिमा टाँग्थे ।

यस्तै प्रकारले छः घण्टामा एउटा लिस्ट तैयार भयो। विचार गरेर हेर्दा आँखा भएका मानिसको भन्दा आँखा नहुने अन्धाको नाम धेरै हुन गयो। वीरबलले सरासरि दरबारमा गएर त्यो नामको सूची बादशाहलाई चढ़ाउँदा भए । बादशाहले हेरी अन्धाका नामावलिमा पहिलोचाहिं नाउँ आफ्नै देखेर वीरबललाई सोधे-'कुन कारणले मेरा नाम अन्धामा लेखियो ?'

यस्तो सुनेर वीरबलले बिन्ती गरे, हजूर ! मैले बजारमा बसेर जुत्ता सिउन लागेको देख्नादेख्नै पनि हजूरले अन्धोले झै 'वीरबल, के गर्न लागिरहेछौ ?' भनी सोधिबक्सियो, त्यसकारण लाचारी-साथ हजूरको नाम मैले अन्धाहरूको लिस्टमा लेख्नुपऱ्यो । अनि जसले 'किन आज जुत्ता सिइरहेछौ ?' भनेर मसित सोधे, उनको नाम

मैले आँखा भएका मानिसको लिस्टमा लेखाएँ, त्यस्तै हिसाबले इन्साफ-साथ मैले यो सूची तैयार गरेको हुँ, यस्तो सुनेर अकबर बादशाह धेरै प्रसन्न भए ।

११८-अकबरको तस्वीर पाइखानाको ढोकामा

अर्को राज्यको राजाले वीरबलको प्रसिद्धि सुनेर उनलाई आफ्नो दरबारमा बोलाई उनको बुद्धि र चतुरताको परीक्षा लिने इच्छा भयो । वीरबल जब राजाका दरबारमा पुगे त उनको धेरै नै स्वागत, सत्कार भयो।उहाँ आरामका सबै सामान मौजूद थिए, अर्को दिन जब उनी दिसा गर्न गए त चर्पीको ढोकाको पल्लामा महाराजाधिराज सम्राट् अकबरको तस्वीर देखे । उनले सम्झे, यो राजाले बादशाह अकबरको र मेरो मजाक गरेका हुन् ।

त्यहाँबाट फरक्क फर्केर महाराजनेर पुगेर बडो हाउभाउ लाएर भने, 'महाराज, सरकारलाई कब्जियत त भएको छैन, मलाई यस्तो लाग्छ कि हजूर यस रोगले पीडित होइबक्सिन्छ र यसको उपचार पनि राम्रोसित सोचेर गरिबक्सेकोरहेछ । त्यसै कारणले शाहंशाह अकबरको चित्र पाइखानाको ढोकामा टाँसिबक्सिएको रहेछ । जसले टेक्नेबित्तिकै डरले दिसा-पिसाब खल्यातखुलुतै भैजाँदो हो!

कहाँ महाराजले वीरबलसित हँसी ठट्टा गर्न सोचेका थिए, तर यहाँ आफ्नू जुत्ता आफ्नै टाउकोमा आएजस्तो भयो । वीरबलको त्यस प्रश्नको मार्मिक उत्तर महाराजले

दिन सकेनन् । वीरबलको सामुन्ने शर्मिन्दा भए ।

वीरबल जब दिल्ली आए तब बादशाहको कानमा पनि यो समाचार पुग्यो त वीरबलको त्यो उत्तर सुनेर अत्यन्त खुशी भए । बादशाहले वीरबललाई धेरै-धेरै सम्पत्ति इनाममा दिए किनकि उनले अर्को राजाको सामुन्ने आफ्नो राजाको बेइज्जती हुन दिएनन् बरु उसैलाई तल खसालिदिए । यस्तो थियो वीरबलको बुद्धि ।

११९-तपाईंले पनि मेरो आज्ञाको पालन गर्नुपर्छ

सभाभवनमा एक दिन नौरत्न उपस्थित भएका थिए, त्यसै बेला अकबरका अबुलफजल भन्ने मुसलमान वजीरले बीरबलको उन्नति सहन नसकी तिनलाई 'तल खसाई' बादशाही स्याबासी आफैले पाउने इच्छा राखी अकबरका अगाडि वीरबललाई भन्दा भए कि वीरबल ! तिमीलाई बादशाहबाट धेरै खातिर गरी सुँगुर र कुखुराको ठिट्ठाङ्गी बक्सिने भएको छ । वीरबलले तुरन्त जवाब दिए-बडो जाती भयो, त्यसो भए तपाईंले पनि मेरो आज्ञा मान्नुपर्ला। वीरबलको जवाब सुनेर बादशाह प्रसन्न भै हाँस्न लागे, र अबुलफजल धेरै शर्मिन्दा भए ।

१२०-बादशाहको प्रश्न वीरबलको जवाफ

दरबारमा बादशाह त्यसै बसिरहेका थिए । किनभने त्यस दिन सार्वजनिक बिदा थियो । त्यसै बसेको बेलामा

उनलाई आफ्ना दरबारीहरूको दिमागको परीक्षा लिने इच्छा भयो, त्यसै विचारले उनले निम्न तीन ओटा प्रश्न सोधे-

१- छोरो कसको बेस ?

२- दाँत कसको बेस ?

३- गुण कुनचाहिं बेस ?

सबै दरबारियाहरू यो प्रश्नको जवाफ दिनलाई कानेखुशी गर्न लागे, आपसमा विचार गरेपछि बादशाहले गरेको प्रश्नको उत्तर दिन शुरू गरे ।

१- छोरो त राजाको बेस हुन्छ ।

२- दाँत हात्तीको बेस हुन्छ ।

३- गुणमा विद्या बेस हुन्छ ।

उत्तर त्यति बेठीक थिएन, ठीकै थियो । तापनि बादशाह सन्तुष्ट भएनन् । वीरबल त्यस वेला त्यहाँ उपस्थित थिएनन्, त्यसै बेला बादशाहलाई वीरबलको बुद्धिको पनि परीक्षा लिने विचार भयो र उनले वीरबललाई बोलाउन अर्दली पठाए, त्यतिखेर वीरबल आफ्नी प्रियतमासित हँसी, मजाक गरिरहेका थिए तापनि बोलाएको हुनाले मन नपरी नपरी पनि अर्दलीका साथ राजमहलमा आए । बादशाहले आफ्ना प्रश्न दोहोऱ्याए । एकछिनपछि प्रश्नको उत्तर दिनका लागि वीरबल उठेर उत्तर दिन थाले- हे हजूर ! सबैभन्दा बेस छोरो गाईको हुन्छ किनभने खेत जोत्ने कामका यसको काम मसहूर छ । गाईको छोरो द्वारा नै गोधनको वृद्धि । भन्नुको मतलब कृषिकर्म गर्नेहरूका